ISSN 2091-0223

पुस्तकालय तथा सूचना सेवासम्बन्धी पहिलो र एकमात्र राष्ट्रिय मासिक

# पुस्तकालय आवाज

**Pustakalaya Aawaj**

मासिक

वर्ष १५, अङ्क ३, असोज २०७९ (Sept./Oct. 2022)



## आफूले पढेको ठाउँ :

## एउटा पुस्तकालय बनाउँ अभियान

इ-पुस्तकालयको विकासमा नेपाल लाइब्रेरी फाउण्डेशनको संलग्नता

नेपाल लाइब्रेरी फाउण्डेशन : विगत र वर्तमान

नेपाल राष्ट्रिय पुस्तकालय: सार्वजनिक स्थानको रूपमा

का.जि.प्र.का.द.नं. ३४८/०६४/६५
ISSN: 2091-0223
करदाता नं. ३०३५२३५६१

वर्ष १५, अंक ३, असोज २०७९
पुस्तकालय आवाज मासिक पत्रिका
(A Monthly Magazine)

प्रकाशक
रमेशकुमार भुसाल
सम्पादक
गंगा भण्डारी
संस्थापक सम्पादक
विष्णुप्रसाद अर्याल
सल्लाहकार
इन्द्रप्रसाद अधिकारी
जुजुभाइ डंगोल
सागरराज सुवेदी
सह-सम्पादक
प्रविनबाबु ढकाल
विजय शर्मा
व्यवस्थापक
जयकला भण्डारी
बजार सहयोगी
हरि कंडेल
प्रतिनिधि
प्रेमप्रकाश पोखरेल 'फलाहारी'(पूर्वाञ्चल),
(त्रिफला राष्ट्रिय पुस्तकालय)
टीका ढुङ्गेल "रटन" (सिक्किम, भारत)
संवाददाता
देविचरण भण्डारी "सरोज' (पूर्वाञ्चल)
जीवनहरि शर्मा (इलाम)
ऋषि राई (दार्जिलिङ)
स्पर्श भुसाल (काठमाण्डौ)
ठेगाना
का.म.पा.– १४, कुलेश्वर, काठमाडौं
इमेल : pustakalayaawaj@gmail.com
vol222@gmail.com
सम्पर्क : ९८५१११४७५३
आवरण सज्जा
प्रकाश समीर ९८५१०४४२३१
मुद्रण
समीर मिडिया एण्ड प्रकाशन प्रा.लि.
बागबजार, काठमाण्डौ ।
मूल्यः रू. ३००/–

# यस अङ्कका आकर्षण




इ–पुस्तकालयको विकासमा नेपाल लाइब्रेरी फाउण्डेशनको संलग्नता पृष्ठ ३

आफूले पढेको ठाउँ, एउटा पुस्तकालय बनाउँ अभियान पृष्ठ ५

नेपाल लाइब्रेरी फाउण्डेशन : विगत र वर्तमान पृष्ठ ७

नेपाल लाइब्रेरी फाउन्डेसनसँग मेरो यात्रा पृष्ठ १४

ऐतिहासिक प्रकाश सामुदायिक पुस्तकालयसँग नेपाल लाइब्रेरी फाउण्डेशनको भेट पृष्ठ १५

यसरी जोडिएँ नेपाल लाइब्रेरी फाउण्डेशनसँग पृष्ठ १७

मोती सामुदायिक पुस्तकालयको प्रवर्धनमा नेपाल लाईब्रेरी फाउण्डेशनको भूमिका पृष्ठ १८

उज्यालो भविष्यतर्फ पृष्ठ २०

कारागारमा पुस्तकालय स्थापना र अवलोकन पृष्ठ २२

नेपाल राष्ट्रिय पुस्तकालयः सार्वजनिक स्थानको रुपमा पृष्ठ २५

विज्ञ समीक्षित माथि पाठकीय समीक्षा पृष्ठ २७

**साथमा अन्य गतिविधि र परीक्षा सामग्री**

# सम्पादकीय

नेपालमा पुस्तकालयको विकास र बालबालिकामा पठन संस्कृतिको विकास गराउन निरन्तर कृयाशिल गैर सरकारी संस्था नेपाल लाइब्रेरी फाउण्डेशनको बारेमा धेरैलाई जानकारी नहुन पनि सक्छ । त्यसैले यसपटक सोही संस्थाको बारेमा अधिकतम् जानकारी दिने प्रयत्न गरिएको छ ।

नेपालमा पुस्तकालयको विकासमा समर्पित विभिन्न संघ संस्थाहरू मध्ये नेपाल लाइब्रेरी फाउण्डेशन पनि एक हो । सन् २००५ मा क्यानाडामा स्थापना भएर नेपालमा पुस्तकालयको विकास र पठन संस्कृतिमा योगदान पुऱ्याउँदै आएकोमा सन् २००८ देखि नेपालमा नै कार्यालय स्थापना गरेर आफ्नो कामलाई अगाडि बढाउने जमर्को गरेको यस संस्थाले साझा शिक्षा इ-पाटी नेपाल(OLE, Nepal)सँग सहकार्य गरेर पहिलोपटक नेपालमा विना इन्टरनेट पनि विधुतीय पुस्तकालय प्रयोग गर्न सकिने प्रविधिमा सहकार्य गऱ्यो । जसलेगर्दा इन्टरनेटको पहुँच नभएका दुर्गम ग्रामिण भेगमा सञ्चालित सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाले पनि विधुतीय पुस्तकालयमा पहुँच पुऱ्याउन सफल भए । नेपालमा पछिल्लो समयमा यो पुस्तकालय अत्यन्तै लोकप्रीय पनि बन्दै गएको देखिन्छ, जसको प्रारम्भिक निर्माणमा नेपाल लाइब्रेरी फउण्डेशन, क्यानाडाको ठूलो आर्थिक सहयोग रहेको थियो । प्रचार प्रसारमा त्यती महत्व नदिने यो संस्थाले विद्यालय (इ) पुस्तकालय मात्र होइन, गृह पुस्तकालय अभियान, जेलमा पुस्तकालय अभियान, सामुदायिक तथा सार्वजनिक पुस्तकालयको विकास, विस्तार एवं संरक्षण, गृहिणी महिला कम्प्युटर साक्षरता जस्ता कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । त्यसैले नेपाल लाइब्रेरी फाउण्डेशन कस्तो संस्था हो र यसले अहिलेसम्म पुस्तकालयको क्षेत्रमा के कस्ता कामहरू गर्दै आएको छ भन्ने जिज्ञाशा मेटाउन र यो संस्था बारे थप जानकारी पाउन यो अंक सहयोगी हुने अपेक्षा गरिएको छ ।

**जग्गा होइन आफ्नै भवनमा जोड दिने हो कि ?**

२०७२ सालको महा विनासकारी भुकम्पले भौतिक संरचनामा पुऱ्याएको क्षेतिबाट वेवारिसे जस्तै बन्न पुगेको नेपाल राष्ट्रिय पुस्तकालयको आफ्नो भवन अहिलेसम्म बन्न नसक्नु दुर्भाग्यपूर्ण अवस्था हो । सरोकारवाला पक्षले सरकारलाई बारम्बार झक्झक्याउँदा समेत पटक्कै प्राथमिकतामा पर्न नसकेको यो पुस्तकालयको विषयले पछिल्लो समयमा भने सरकारको ध्यान आकृष्ट गर्न सफल भएको थियो । लामो समयको प्रयत्नपछि सरकारले जमलमा राष्ट्रिय पुस्तकालय बनाउने निर्णय पनि गऱ्यो तर अनेक प्राविधिक समस्या र भू-माफियाको नजर परेको कारण त्यहाँ हालसम्म पनि पुस्तकालयको नयाँ भवन बन्ने सुरसार देखिदैन । राष्ट्रिय पुस्तकालय नेपालको सबैभन्दा ठूलो पुस्तकालय हो, यसले प्रदान गर्ने सेवा र यसमा संकलित अध्ययन सामग्री(भविष्यमा समेत संकलित हुनसक्ने)को आयतनलाई मापन गर्ने हो भने जमल राष्ट्रिय पुस्तकालयका लागि उपयुक्त ठाउँ होइन। यहाँ पुस्तकालयलाई छुट्टयाइएको जग्गाको क्षेत्रफल ८ रोपनी पनि छैन । अर्कोकुरा पुस्तकालय पाठकलाई सबैभन्दा पायक पर्ने ठाउँमा हुनुपर्दछ भन्ने सर्वमान्य बुझाइ रहदै आएको देखिन्छ, यसले पनि जमलमै राष्ट्रिय पुस्तकालय बन्नुपर्ने कुरामा जोड दिंदै आएको हुनसक्छ । तर जमलकै आसपासमा करिव आधा दर्जन नाम चलेका पुस्तकालय सञ्चालित छन् । केसर पुस्तकालय, केन्द्रीय कानुन पुस्तकालय, नेपाल भारत पुस्तकालय र नेपाल प्रज्ञा प्रतिष्ठान पुस्तकालय, काठमाण्डौ उपत्यका सार्वजनिक पुस्तकालय लगाएतका रहेका छन् जुन जमलबाट अधिकतम् २ कि.मि.को दुरीमा पर्दछन् । यस्तो अवस्थामा विना पूर्वाग्रह राष्ट्रिय पुस्तकालयको चिन्ता र चाँसो व्यक्त गरिएको भए सायद अहिलेसम्म राष्ट्रिय नयाँ भवनबाट नै आफ्नो सेवा प्रारम्भ गरिसकेको हुनेथियो ।

अन्तमा, समय छ, अझैंपनि सरोकारवालहरूको ध्यान पुगोस्, राष्ट्रिय पुस्तकालयका लागि जमल निर्विकल्प होइन, अन्यत्र बनाउँदा पनि यसले प्रदान गर्ने सेवा सुबिधामा कुनै नकारात्मक असर पर्दैन भन्ने कुरामा । आजको आवश्यकता जमलमा नै राष्ट्रिय पुस्तकालय होइन, चाँडो भन्दा चाँडो राष्ट्रिय पुस्तकालयको आफ्नो भवन हो, त्यसका लागि सबैले आवाज बुलन्द गरौं ।

# इ-पुस्तकालयको विकासमा
# नेपाल लाइब्रेरी फाउण्डेशनको संलग्नता



**नरेश कोइराला**
संस्थापक अध्यक्ष, नेपाल लाइब्रेरी फाउण्डेशन क्यानडा

### शुरुवातः

पुस्तकालयको माध्यमबाट नेपालको शिक्षाको विकासमा सहयोग गर्ने उद्देश्यका साथ इ. सं. २००५ मार्चमा क्यानडाको भ्यानकुवर सहरमा बस्ने केहि नेपाली र नेपाललाई माया गर्ने अरु क्यानडावासीको प्रयासमा नेपाल लाइब्रेरी फाउण्डेशन, ने.ला.फा. (Nepal Library Foundation, NLF)को स्थापना भयो । यहि शिलशिलामा इ. सं. २००९ सम्म ने.ला.फा.ले बागलुङ र टनकपुरमा रिड नेपाल (READ Nepal)लाई पुस्तकालय स्थापनामा आर्थिक सहयोग गऱ्यो । त्यसबेला काठमाण्डौ भृकुटीमण्डपमा भरखरै स्थापना भएको काठमाण्डौ उपत्यका सार्वजनिक पुस्तकालय समाजसंग होस्ट पुस्तकालय (Host Library)को सम्बन्ध जोडी ने.ला.फा.ले उक्त पुस्तकालयलाई ६ वटा कम्प्युटर र ७ हजारजति पुस्तक हस्तान्तरण गऱ्यो । त्यस्तै म्याग्दी जिल्लाको टिकोट, नागी र रिमाका पुस्तकालयहरुलाई रुसमा बस्ने प्रवासी नेपालीहरुको अनुदानबाट प्राप्त १५ थान कम्प्युटरहरु हस्तान्तरण भयो ।

इ. सं. २००७ मा, ने. ला. फा.को सचिव पौल बर्ड र एलिसनबर्ड रिड नेपालका पदाधिकारीहरुसंग भेट्न र नेपालमा सञ्चालित पुस्तकालयहरुको अवस्था बारे बस्तुगत अध्ययन गर्न नेपाल जानु भयो । इ. सं. २००८ मा पौल बर्ड पुनः नेपाल जानु भयो र त्यसबेलाको नेपाल वायरलेस नेटवर्कका अध्यक्ष र ललितपुरबाट सञ्चालित साझा शिक्षा इ-पाटी नेपाल (OLE Nepal, ओ.एल.ई. नेपाल)को डाइरेक्टर पनि हुनु भएका महावीर पुनजीसंग म्याग्दीका पुस्तकालय हेर्न जाँदा नेपाल वायरलेस नेटवर्कलाई प्रयोग गरि नेपालका गाउँ/गाउँमा पुस्तकालय कसरी पुर्याउन सकिन्छ भन्ने बिषयमा छलफल भयो । यो भ्रमण र महावीर जीसंगको छलफलपछि पौल र महावीरजी दुवैले नेपालमा नेपालीभाषा मै भएको डिजीटल पुस्तकालय ( Digital Library) को जरूरत महशुस गर्नुभयो ।

महावीर जीको सौजन्यमा ओ.एल.इ.को मुख्य प्रशासकीय अधिकृत रबि कर्माचार्य र पौल बर्डको भेट भयो र नेपालमा इ-पुस्तकालय सुरु गर्न ने. ला. फा. ले आर्थिक सहयोग गर्ने बारे कुरा सुरु भयो । त्यसभेट अगाडि नै ओ.एल.इ.ले इ-पुस्तकालयको जरुरत बारे विचार गर्न थालिसकेको रहेछ ।

### सम्झौता र इ-पुस्तकालयको विकास


पौल बर्ड भ्यानकुवर फर्केपछि ने. ला. फा. ले इ-पुस्तकालयको विकासमा साझा शिक्षा इ-पाटीलाई सहयोग गर्नेबारे कुरा अगाडि बढ्यो । यो निर्णय अनुसार इ. सं. २००८ मा ओ.एल.ई.लाई इ-पुस्तकालय सञ्चालन शुरु गर्न ने. ला. फा. ले सर्वर (server ) किन्न ५,००० डलर अनुदान दियो ।

तद्पश्चात ने. ला. फा. ले ओ.एल.ई.लाई ई-पुस्तकालय बनाउन विस्तृत योजनाको प्रस्तावको आवह्वान गऱ्यो ओ.एल.इ.को ३१ डिसेम्बर २००८ को प्रस्ताव स्विकृत भएर १५ जनबरी २००९ मा ने. ला. फा. र ओ.एल.इ. को बीच सहकार्य गर्ने समझदारी पत्र (Memorandum of Understanding) भयो । त्यस अनुसार ने. ला. फा. ले ओ. एल. इ. लाई अरु थप १४,८०० डलर आर्थिक सहयोग प्रदान गऱ्यो ।

उक्त प्रस्तावमा यस्तो भनिएको छः "नेपाल लाइब्रेरी फाउण्डेशनले इ-पुस्तकालय विकासको लागि सर्वर किन्न अनुदान दिएर पहिले सहयोग गरेको छ ।"

ओ. एल. इ.ले यस योजनामा ने.ला.फा. को संलग्नतालाई कुनैपनि इ-पुस्तकालय बारे ओ. एल. ई. बाट प्रकाशित विवरणमा उल्लेख गर्नेछ । साथै ने.ला.फा. लाई पनि आफ्नो कुनैपनि लेखमा इ-पुस्तकालयको विकासमा आफ्नो संलग्नता बारे लेख्न सम्पूर्ण स्वन्तत्रता हुनेछ ।( डिसेम्बर ३१, २००८ को ओ. एल. इ. को प्रस्ताव र जनवरी २००९ को सहकार्यको अंग्रेजीमा लेखिएको प्रस्ताबबाट अनुवादित)

सन् २०१० को सुरुमा म स्तम्भकार र पौल बर्ड ने.ला.फा.को सहयोग भएको पुस्तकालयहरुको स्थलमा अडिट गर्ने शीलशिलामा म्याग्दीको नागी गाउँ पुग्यौं । नागीको




स्कुलमा भएको ने.ला.फा.बाट प्राप्त कम्प्युटरमा गुगल डाउन्लोड गर्न खोज्दा नेपाल वायरलेस नेटवर्कको ब्याएण्डविथ(Bandwidth) नपुगेकोले डाउनलोड एकदमै ढिला भएको पाइयो । यसबाट हाम्रा गाउँघरमा इन्टरनेटबाट इ-पुस्तकालय पठाउने कुरा ब्याएण्डविथ बलियो (छिटो) नभएसम्म राम्ररी चल्न सक्दैन भन्ने निस्कर्षमा पुगियो । र ओ.एल.इ. सँग कसरी पुस्तकालयहरूभित्रै इ-पुस्तकालयमाको सेर्वर पुराउने भन्ने बारे कुरा सुरू भयो ।

८ फेब्रअरी २०१०को ओ.एल.इ.ले इ-पुस्तकालयमा अरू सामग्री थप्न पठाएको सहयोगको प्रस्तावमा यस्तो उल्लेख छ:

"नेपाल लाइब्रेरी फाउण्डेशनले सुरूमा ओ.एल.ई. लाई पुस्तकालय बनाउन आधार तयार पार्न सहयोग ग¬र्यो र २००९ मा पुस्तकालयलाई भरपर्दो र स्रोतमूलक बनाउन र यसबारे प्रचार गर्न वेभसाइट बनाउन सहयोग ग¬र्यो । यो अनुदानबाट ओ.एल.ई. इन्टरनेटको माध्यमबाट र स्कूलमा जोडिएका स्थानीय सर्बरबाट इन्टरनेट बिना दूरदराजका ओ. ए. लि. कार्यरत स्कूलहरूमा इ-पुस्तकालय पु-याउन सफल भयो ।

यसअनुसार ने.ला.फा.ले अरु १४,००० डलर आर्थिक सहयोग गऱ्यो ।, र सबै ठाउँमा सजिलै पुऱ्याउन सक्ने सर्वर विकास गर्न थप सहयोग गऱ्यो ।

यो सहकार्य अनुसार विकसित एउटा सर्वर एउटा मूल कम्प्युटरमा जोडेपछि त्यसले ५० वटासम्म कम्प्युटरमा बिना इन्टरनेट सेवा पुऱ्याउन सक्छ । यो सर्वरको पहिलो पटक परीक्षण काठमाण्डौ उपत्यका सार्वजनिक समाज पुस्तकालयमा गरेर सफल भयो ।

यसरी इ-पुस्तकालयको सुरूदेखि पटक पटक गरि इ.सं. २०१२ सम्म ने.ला.फा. र ओ.एल.इ.को सहकार्य जारी रह्यो । पैसा नतिरी सबैले प्रयोग गर्न पाउने आधारमा इ-पुस्तकालयको विकास भयो । नेपालको पहिलो डिजिटल पुस्तकालयको सुरू भयो । इ. सं. २००९ सम्म इ-पुस्तकालयमा १३७८ शिक्षा सामग्री थियो । इ. सं. २०१२ पछि ओ.एल.इ.ले अरु श्रोतबाट इ-पुस्तकालयको विकास गर्दै गयो । अहिले इ-पुस्तकालयमा करिब १८००० शिक्षण सामग्री छन् ।

**अन्त्यमा,**

ओ.एल.इ.ले ने.ला.फा.सँग सहकार्यबाट सुरू भएको सेर्बरको समय समयमा अपडेट गर्दै गयो । यो सर्भरलाई नेपाल लाइब्रेरी फाउण्डेशन क्यानडा र इ. सं. २०१२ सालमा नेपालको जिल्ला प्रशासन कार्यालय काठमाण्डौबाट विधिवत दर्ता भएको संस्था नेपाल लाइब्रेरी फाउण्डेशन नेपालले देशब्यापी प्रचार(प्रचार गरेर नेपालका ३३ जिल्लाका विभिन्न २२० वटा शैक्षिक, सामुदायिक संस्थाहरुमा इ-पुस्तकालय सेवा पुर्याउने काम गरि आएको छ । अहिलेसम्म करिब १० लाख पुस्तकालय आगन्तुकहरूले यसको प्रयोग गर्नु भएको अनुमान गरिन्छ ।

नेपाल लाइब्रेरी फाउण्डेशन ओ.एल. इ. नेपाललाई यो सहकार्यलाई यसरी सफल बनाउनु भएकोमा धन्यवाद दिन चाहन्छ । साथै नेपालको पहिलो सशक्त इ-पुस्तकालय बनाउने काममा सहयोगी हुन पाएकोमा ने. ला. फा. गर्व गर्दछ ।



**चक्र बहादुर थापा**
अध्यक्ष
नेपाल लाइब्रेरी फाउण्डेशन

# आफूले पढेको ठाउँ, एउटा पुस्तकालय बनाउँ अभियान

### प्रारंभिकः

सर्वप्रथम २०६९ कार्तिक १२ मा कर्लिम समाज जापानको सहयोग र बिहुँकोटमा अवस्थित करलिम विद्यालयका पूर्व विद्यार्थीहरुको अगुवाइमा इ-पुस्तकालयको विउ रोपिने कार्य भयो जसको उद्घाटन तत्कालिन एन.आर.एन.ए. का अध्यक्ष जीवा लामिछानेले गरेका थिए । यसपछि २०६९ सालको अन्त्यतिर पूर्व विद्यार्थी पुस्तकालय स्थापना अभियानको नामले बागलुङको काँडेवासको जनजागृति मा. वि.बाट यो अभियानको श्रीगणेश भइ यस फाउण्डेशनसँग २०७१ साल श्रावण १९ गते एक सम्झौता भइ इ-पुस्तकालयको गठन पश्चात २०७१ कार्तिक १४ गते विधिवत रूपमा उद्घाटन भयो । यस अभियानका अभियानता सोम सापकोटा हुनुहुन्थ्यो । जब सापकोटाले यस अभियानलाई नेपाल लाइब्रेरी फाउण्डेशनसँग जोडे तब काँडेबासस्थित जनजागृति मा. बि. मा इ-पुस्तकालय स्थापना भयो जुन विद्यालयबाट सापकोटाले कखरा पढेका थिए । फेसबुक सामाजिक सञ्जालमा सानो समूह निर्माण गरेर सापकोटाले यो अभियानको आरंभ आफैबाट शुरु गरेका थिए । डा. विकाशानन्दले "जुनसुकै काम गर्नुअघि सो काम आफैबाट शुरु गर्नु" भनेका कुराले सापकोटालाई छोएछ र यो अभियानमा सापकोटाको सक्रियता बढेसंगै बागलुङका बिभिन्न विद्यालयमा इ-पुस्तकालय स्थापना अभियानले ब्यापकता पाउन थाल्यो । जापानमा बस्ने करलिमे र बिहुँकोटेहरु, बिश्वका बिभिन्न देशमा बस्ने मनकारी मनहरु, कुडुले समाज जापान लगायत पूर्व विधार्थीहरुको हैसियतलेय स अभियानमा जोडिन थाले । फलस्वरुप गोबिन्द कँडेल, नरेन्द्र आचार्य, यमकान्त कँडेल, प्रेम कँडेल, नारायण कँडेल, शालिकराम सुबेदी, हरिशंकर सुबेदी, डि.पि. कँडेल, ऋषिराम कँडेल, अनन्त रिजाल, केशब कँडेल, प्रेम आचार्य आदि जस्ता व्यक्तिहरु आ-आफूले पढेका विद्यालयमा इ-पुस्तकालय स्थापनार्थ गाँस काटेर श्रोत जुटाउन तयार भएपछि भिमसेन मा. वि, जनप्रिया मा. वि., लक्ष्मी मा. वि., लेखानी मा. वि., शान्ति मा. वि., भानु मा. वि, शिब मा. वि. हरुले प्रविधिमैत्री इ-पुस्तकालय पाउन सफल भए ।

### म्याग्दीमा इ-पुस्तकालय अभियानको आरम्भ

म्याग्दी प्रवासी नेपाली संघ ( मोना)ले म यस स्तम्भका स्तम्भकारलाई म्याग्दी जिल्लाका सबै सामुदायिक विद्यालयहरुमा देश विदेशमा बस्ने सम्बन्धित पुर्व बिद्यार्थीहरूलाई परिचालित गरेर इ-पुस्तकालय स्थापना गर्ने गरि इ-पुस्तकालय कार्यदलको संयोजनको जिम्मेवारी दियो । त्यो जिम्मेबारीलाई पुरा गर्न नेपाल लाइब्रेरी फाउण्डेशनका तत्कालिन कार्यक्रम संयोजक धनकुमार श्रेष्ठसँग सम्पर्क राखि संस्थागत समझदारीको वातावरण बनाएँ । यसरी २०७३ मंसिर २६ गते नेपाल लाइब्रेरी फाउण्डेशनसंग समझदारी गरि यो अभियानलाइ अगाडि बढाउने ढोका खुल्यो । यस अभियानमा सम्बन्धित विद्यालयका पूर्व विद्यार्थीहरूले साथ दिएकै कारण ३९ वटा शैक्षिक संस्थामा इ-पुस्तकालय सेवा जडान गर्न सफलता मिल्यो । मैले कखरा सिकेको किसानी माध्यमिक विद्यालयमा पनि इ-पुस्तकालय स्थापना गर्न सफल भएँ र यस विद्यालयलाई धौलागिरी गाउँपालिकाकै नमुना बनाउने मेरो संकल्प छ ।

### देशब्यापी अभियानमा परिणत

जब यस अभियानमा म्याग्दी प्रवासी नेपाली संघ (मोना) संस्थागत रूपमा जोडियो तब मोनाका नेटवर्क भएका देशहरूमा यस अभियानलाई स्वागतयोग्य अभियानको रूपमा स्विकार्दै भूतप्रर्व विद्यार्थीहरु समाहित हुन थाले । त्यसो त गैर आवासीय नेपाली संघ आवद्ध नेपाली मनहरूमा समेत उभार आयो । यसको प्रत्यक्ष प्रभाव पर्बत, भोजपुर, उदयपुर, चितवन, अर्घाखाँची, रूपन्देही, पाल्पा, गुल्मी आदि जिल्लाहरूमा पर्दै गयो र नेपाल लाइब्रेरी फाउण्डेशनमा पुस्तकालय स्थापना कर्ममा जुट्ने मनहरु स्वतस्फुर्त जुट्नेक्रम जारी रह्यो ।

### आफूले पढेको ठाउँ, एउटा पुस्तकालय बनाउँ अभियान

२०७८ सालमा नेपाल लाइब्रेरी फाउण्डेशनको अधिवेशन हुँदा म आफैले प्रस्ताब गरेको "आफूले पढेको ठाउँ, एउटा पुस्तकालय बनाउँ अभियान" एकमतले पारित भएको थियो । र, यहि श्लोगनले मलाइ यस संस्थाको नेतृत्वमा पुऱ्याएको



थियो । यो श्लोगन "पूर्व विद्यार्थी पुस्तकालय स्थापना अभियान" कै विकसित रूप हो । यस अभियानलाई धेरैले इ-पुस्तकालय मात्र भन्ने बुझ्केको हुन सक्छन् । यो त सबै खाले पुस्तकालय स्थापना गर्ने अभियान भित्र पर्छ । हामी जन्मेको थलो, पढेको शिक्षालय सम्झाउने अभियान हो यो । हामीलाई जन्म दिने आमा बुवा, शिक्षित दिक्षित बनाउने शिक्षालय, गुरूजनको याद दिलाउने र ऋणको भारबाट मुक्त दिलाउने अभियान पनि हो । यस अभियानमा विनाशर्त निशर्त सहभागी बन्न कुनै साइत जुराउन आवश्यक छैन । हामी पढेको शिक्षालयमा पुस्तकालय बनाउने अभियान भएकोले जे छैन त्यहींबाट शुरु गरौं । भौतिक पुस्तकालय छ तर ब्यबस्थित छैन भने व्यवस्थित गराउने पाटोबाट अघि बढौं । इ-पुस्तकालय छैन भने सेवा विस्तारको योजना बनाएरै अघि बढौं । भौतिक पुस्तकालय छैन भने तिनको समुचित ब्यबस्थापनकोलागि सामाजिक सञ्जालमा समुह निर्माण गरेरै भएपनि श्रोत संकलन अभियानमा जुटौं । तपाईं हाम्रो जन्मस्थलोमा एउटा नमुना सार्वजनिक पुस्तकालय पनि हुनुपर्छ भन्ने मान्यता दिमागमा राख्यौं र तद्सम्बन्धि कार्यमा आफ्नो सहभागिता सुनिश्चित गरौं ।

यस अभियानमा कोहिपनि नछुटौं । हामी जहाँ जहाँ भएपनि आफू जन्मिएको भूमिको स्मरण गर्दै आफूले पढेको ठाउँमा कुनै एउटा पुस्तकालय बनाउने कर्ममा आजैबाट सहभागी बनौं । इ-पुस्तकालय (Digital Library), भौतिक पुस्तकालय (Manual Library), पुस्तकालय प्रवर्धन (Library Promotion), पुस्तकालय ब्यवस्थापन तालिम (Library Management Training), गृहिणी कम्प्युटर साक्षरता (Women's Computer Literacy), आफू जन्मिएको जिल्लाका कारागारमा पुस्तकालय (Prison Library) मध्ये कुनै एकलाई छनौट गरि आफ्ना माता, पिता, परिवारजनको स्मरणमा वा जन्मदिवसको अवसरमा स्वेच्छाले एउटा पुस्तकालय स्थापना गर्ने अभियानमा मन, बचन र कर्मैदेखि लालयित भई जुटौं ।

## अभियानले गति लिँदै

यस अभियानले ओखलढुङ्गा घरभइ हाल युकेलाई कर्मभूमि बनाउदै आउने शिबजी श्रेष्ठलाई पनि छोएको छ, निजले आफैले पढेको बिद्यालयबाट शुरु गरि यो अभियान ओखलढुङ्गाका विभिन्न विद्यालय हुँदै सोलुखुम्बु, खोटाङ, इलाम आदि जिल्लामा पुर्‍याएका छन् । यसैगरी दोलखामा जन्मिएर हाल आयरल्याण्डलाई कर्मथलो बनाइ यस फाउण्डेशनलाई अन्तरात्मादेखि माया गर्ने चेतराज ओली पनि आज भन्दा ४ वर्ष अघि आफैले पढेको विद्यालयबाट यस अभियानमा जोडएका नाम हुन् । यसैगरी ललितपुर लामाटारस्थित विश्वामित्र गणेश मा. वि. का भूतपूर्व विद्यार्थी हाल जापान निवासी पुस्करजंग थापाको सहयोगमा विद्यालय र समुदायले संयुक्त प्रयोग गर्न पाउने गरि विश्वामित्र सामुदायिक पुस्तकालयको स्थापना, बाल आदर्श मा. वि. सुन्दर बजार लम्जुङमा डेनमार्क निवासी मोहराज मिश्र, डेनमार्क निवासी बालकृष्ठ श्रेष्ठद्वारा स्वामिभञ्ज्याङ मा. वि. धादिङमा इ-पुस्तकालय सेवा सुचारु गर्न आर्थिक सहयोग गरेका छन् । यि त उदाहरण मात्रै हुन् । नेपाल लाइब्रेरी फाउण्डेशनमा जोडिएर इ-पुस्तकालय, भौतिक पुस्तकालय, पुस्तकालय ब्यबस्थापन तालिम आदि कार्यमा तन, मन, धन दिने योगदानकर्ताहरूको नाम सैयौं छन् । अधिकांश मनकारी मनहरु पर्व विद्यार्थी भएको नाताले पुस्तकालय विकास अभियानमा सहभागी भएका हुन् । उनीहरु आफूले कखरा पढेको, शिक्षा दिक्षा प्राप्त गरेको शिक्षालयमा शिक्षा दान गर्न निशर्त जोडिदै आएका छन् ।

## निचोड

म स्तम्भकार जस्ता कतिपय नेपालीहरु आफ्नो आर्थिक स्थिति कमजोर हुनाले मनग्गे पढ्न नपाएर श्रमकालागि बिदेशिन बाध्य भयौं । हामी जहाँ गयौं त्यहाँ राम्रो काम पाउन नसकेर निकै दुःख ब्यहोर्नु पर्‍यो । हामीले हाम्रो पालामा गुणस्तरीय शिक्षा हासिल गर्न नसकेपनि आजको पीढिलाई हाम्रो पालाको जस्तो दुर्दशाले घेरा हाल्न नपावस् । शिक्षा सबैका लागि होस् । हामीले ज्ञानार्जन गरेका शिक्षालयले हामीलाई विदेश पठायो तर आजका पीढिहरूले नेपाल छोड्न नपरोस् । र, हामीलाई भूतपूर्व बनाउने शिक्षालय आधुनिकतामा परिणत होस्, गुणस्तरियतामा रुपान्तरण होस् हामी सबैको यहि चाहना हुनुपर्छ । नेपाल लाइब्रेरी फाउण्डेशनमा शुरुदेखि हालसम्म जोडिनु हुने सबै सबैप्रति हार्दिक धन्यवाद सहित नमन ! अस्तु ।



**धन कुमार श्रेष्ठ**
महासचिव
नेपाल लाइब्रेरी फाउण्डेशन

# नेपाल लाइब्रेरी फाउण्डेशनः विगत र वर्तमान

**आज भन्दा १७ वर्ष अघि नै रूम टु रिड र रिड नेपाल नामक अन्तर्राष्ट्रिय संस्था नेपालको पुस्तकालय विकासमा प्रवेश भइसकेको थियो । बिद्यालयको एक कोठामा पुस्तकालय र समुदायमा पुस्तकालय बनाउने ति संस्थाहरूको रोजाइमा परेको शैक्षिक र सामुदायिक क्षेत्रमा पुस्तकालयको विकासले गति लिँदै गरेको अवस्थामा नेपालमा पुस्तकालयको संस्थागत विकासमा सहयोग पुऱ्याउने भन्दै सन् २००५ मा क्यानडाको भ्यानकुवरमा नेपाल लाइब्रेरी फाउण्डेशनको उदय भएको थियो ।**

## प्रारंभिकः

आज भन्दा १७ वर्ष अघि नै रूम टु रिड र रिड नेपाल नामक अन्तर्राष्ट्रिय संस्था नेपालको पुस्तकालय विकासमा प्रवेश भइसकेको थियो । बिद्यालयको एक कोठामा पुस्तकालय र समुदायमा पुस्तकालय बनाउने ति संस्थाहरूको रोजाइमा परेको शैक्षिक र सामुदायिक क्षेत्रमा पुस्तकालयको विकासले गति लिँदै गरेको अवस्थामा नेपालमा पुस्तकालयको संस्थागत विकासमा सहयोग पुऱ्याउने भन्दै सन् २००५ मा क्यानडाको भ्यानकुवरमा नेपाल लाइब्रेरी फाउण्डेशनको उदय भएको थियो ।

यस संस्थाको नेपालको सम्पर्क कार्यालय काठमाण्डौमा नखुल्दै सन् २००८ (२०६६)मा Admin/Program हेर्ने गरि म स्तम्भकारको उपस्थिति भएको र त्यसबेलादेखि हालसम्म अनवरतरूपमा कार्यालय व्यवस्थापन, परियोजना सञ्चालन, फिल्ड सुपरिभिजन, तालिम सञ्चालन आदि जिम्मेबारीमा रहेर काम गर्दै आएको पनि १३ वर्ष पुरा भएको छ । क्यानडाले नेपालमा पुस्तकालय अभियान शुरू गरेको १७ वर्ष पुरा भएको छ भने नेपाल लाइब्रेरी फाउण्डेशन नेपालमै स्थापना भएको पनि १० वर्ष पुरा भएको छ । यस अवधिमा मैले भोगेका म कार्यरत संस्था नेपाल लाइब्रेरी फाउण्डेशनको विगत र वर्तमान कोट्याउने कोशिस गरेको छु ।

## नेपाल लाइब्रेरी फाउण्डेशनको परिचयात्मक पृष्ठभूमि

नेपालमा पुस्तकालयको संस्थागत विकासमा एक इटा थप्ने उद्देश्यका साथ काठमाण्डौ घरभै लामो समय क्यानडाको भ्यानकुवर बस्दै आउनुहुने पेशाले इन्जीनियर तर ढुकढुकीमा पुस्तकालय सजाउनु हुने नरेश कोइराला (दाइ)को परिकल्पना र अगुवाइमा केहि प्रवासी नेपाली र क्यानडाबासी पुस्तकालयप्रेमीहरूको संलग्नता, समन्वय र सहकार्यमा सन् २००५ मा क्यानडाको भ्यानकुवरमा च्यारिटि संस्थाको रूपमा नेपाल लाइब्रेरी फाउण्डेशन स्थापना भएको हो । यसरी स्थापना भएको फाउण्डेशनले नेपालमा सामान्य सम्पर्क बनाइ कार्य आरंभ गर्दै सन् २००८ अर्थात वि. सं. २०६६ सालमा नेपाल प्रतिनिधि शरदबाबु श्रेष्ठमार्फत 'डिल्लिबजार, काठमाण्डौमा सम्पर्क कार्यालयको स्थापना भयो । सम्पर्क कार्यालयको रूपमा काम गर्दै गर्दा केहि कानूनी अड्चन आइपरेबाट सोहि नामको संस्था नेपालमा दर्ता गरि सञ्चालन गर्न आवश्यक भएको महशुस गरेर नेपाल लाइब्रेरी फाउण्डेशन क्यानडाको सहमतिमा सन् २०१३ अर्थात वि.सं. २०६९ भदौ २७ गते शरदबाबु श्रेष्ठको अध्यक्षतामा संस्था दर्ता ऐन २०३४ बमोजिम नेपाल लाइब्रेरी फाउण्डेशन नेपाल नामक गैरसरकारी संस्था गठन गरि काठमाण्डौस्थित जिल्ला प्रशासन कार्यालयमा विधिवत दर्ता गरियो । यसपछि नेपालमा पुस्तकालयको जग बसाल्ने क्यानडास्थित नेपाल लाइब्रेरी फाउण्डेशन भगिनी संस्थाको रूपमा रहन गयो ।

यस फाउण्डेशनको विधान २०६९ अनुसार प्रत्येक वर्ष नियमित साधारण सभा र दुई वर्षको एकपटक अधिवेशनबाट नयाँ नेतृत्व चयन गर्ने प्रावधान बमोजिम ६ वटा वार्षिक साधारण सभा, ४ वटा अधिवेशन सम्पन्न भइसकेकोछ । संस्थापक अध्यक्ष शरदबाबु श्रेष्ठपछि २०७१(०७३ कार्यकालमा पूर्व विज्ञान तथा प्रविधि मन्त्री गणेश साह, २०७३(०७५ र २०७५/०७७ कार्यकालमा गैर आवासीय नेपाली संघ अन्तर्राष्ट्रीय समन्वय समितिका पूर्व सदस्य कपिलदेव थापा, हाल २०७८/०८० कार्यकालका लागि गैर आवासीय नेपाली संघ न्युजिल्याण्ड राष्ट्रिय समितिका पूर्व अध्यक्ष, गैर आवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय समितिका पूर्व सदस्य, गैर आवासीय नेपाली संघ अन्तर्गत पब्लिक पुस्तकालय टास्कका पूर्व उपसंयोजक, म्याग्दी प्रवासी नेपाली

संघ (मोना) का पूर्व अध्यक्ष एवम् नेपाल लाइब्रेरी फाउण्डेशनका अन्तर्रष्ट्रिय समन्वय समितिका पूर्व संयोजक चक्रबहादुर थापाको नेतृत्व कायम छ ।

### नेपाल लाइब्रेरी फाउण्डेशनको दूरदृष्टि Vision

नेपालका सर्बत्र स्थानमा पुस्तकालय स्थापना हुन सकेकोछैन, ति स्थानहरूमा पठन अभ्यासकोलागि पुस्तकालयको स्थापना हुन जरूरी छ । स्थापित पुस्तकालयमा समेत सञ्चालनको अभाव रहेको र, पाठक गतिशिलताकै प्रश्न उठ्ने गरेको पाइन्छ । यसर्थः पुस्तकालय नपुगेको स्थानमा आवश्यकता अनुरूपका पुस्तकालय स्थापना गरि, सञ्चालनको समस्या भोगिरहेका पुस्तकालयहरुको प्रवर्धनको माध्यमबाट आम नागरिकमा पठनको भोग जगाइ पठन संस्कारी सुसंस्कृत समाजको स्थापना गर्नु यस फाउण्डेशनको दूरदृष्टि हो ।

### ध्येय (अभियान) Mission

पठन संस्कृति प्रवर्धनार्थ घर, टोल, समुदायस्तरमा शैक्षिक, सामुदायिक, सार्वजनिक डिजिटल तथा फिजिकल पुस्तकालयहरूको स्थापना, विकास र प्रवर्धनमा टेवा प्रदान गर्न नेपालका तीनै तहका सरकार, गैर सरकारी निकाय एवम् सहयोगी मनहरूसँग हातेमालो गरि अघि बढ्ने यस फाउण्डेशनको ध्येय हो । तदनुरूप घरमा पुस्तकालय, समुदायमा पुस्तकालय र विद्यालयमा पुस्तकालय स्थापनामा विशेष जोड दिदैँ पठन संस्कारयुक्त समाज निर्माणमा नेपाल लाइब्रेरी फाउण्डेशनका अभियानहरु केन्द्रित हुँदै आएको छ ।

### लक्ष Goal

यस फाउण्डेशनको मूलतः ३ वटा लक्ष्य निर्धारण गरिएको छ जसलाई आगामी १० वर्षभित्रमा पुरा गरिने छ । ७ प्रदेश, ७५३ स्थानीय तह, ७७ जिल्लामा पुस्तकालय अभियान पुऱ्याइ निम्न लक्ष हासिल गरिने छ ।

- सबैतिर र सबैका लागि पुस्तकालय
- पठनमैत्री अभ्यासहरूको थालनी
- सु-संस्कृत समाजको स्थापना

### उद्देश्यहरू Objective

- जीवनपर्यन्त शिक्षा र शिक्षित समाज स्थापनाका लागि एक विद्यालयः एक पुस्तकालय, एकगाउः एक पुस्तकालय, एक स्थानीय तहः एक नमुना पुस्तकालय, एक घरः एक गृह पुस्तकालयको ब्यापक अवधारणा कार्यान्वयन गर्दै अघि बढ्ने कोशिस गर्नु,
- नेपालका हिमाल, पहाड, तराइ, मधेश अन्तर्गत ग्रामीण र सहरी एरियामा आवश्यकता बमोजिमका पुस्तकालयहरुको संरचना स्थापना र विकास गर्न पहल गर्नु,
- खुलेका तर चलायमान हुन नसकेका रूघ्न एवम् अव्यवस्थित जुनसुकै पुस्तकालयहरुलाइ व्यवस्थित गरि सुचारु गराउन प्रयास गर्नु,
- पुस्तकालय सुसंचालनमा प्रभावकारिता अभिवृद्धि गर्न, पुस्तकालयको दिगोपना र स्थायित्वका लागि पुस्तकालय तथा सूचना केन्द्र ब्यवस्थापनमा आधारित आवश्यकता बमोजिमका तालिम, गोष्ठि, सेमिनार, अभिमुखिकरण सञ्चालन गर्नु,
- सरकारी, गैरसरकारी, शैक्षिक, सामुदायिक, सार्वजनिक प्रतिष्ठान, निकायहरूमा भौतिक पुस्तकालय, इ-पुस्तकालयको विकास र प्रवर्धन गर्नु,
- पुस्तकालय सम्बन्धि बिबिध गतिबिधि समय समयमा सञ्चालन, आयोजना गरि पुस्तकालयको वृद्धि विकासमा सघाउनु,
- यत्रतत्र सर्बत्र पुस्तकालयको स्थापना, विकास र प्रवर्धनको माध्यमबाट हरेक ब्यक्तिमा पठनको दायरा वृद्धि भइ पठन संस्कृतिको विकास हुदै सुसंस्कृत समतामूलक एवम् संस्कारयुक्त समाजको स्थापनामा सघाउनु आदि ।

### कार्यक्षेत्र Working Areas

- भौतिक पुस्तकालय (Manual Library)
- इ-पुस्तकालय र इ-साक्षरता(E-Pustakalaya/E-Literacy)
- गृह पुस्तकालय (Home Library)
- पुस्तकालय ब्यवस्थापन तालिम (Library Management Training )
- पुस्तकालय प्रवर्धन (Library Promotion)

### कार्यक्रम तथा अभियानहरू

- इ-पुस्तकालय स्थापना
- भौतिक पुस्तकालय स्थापना
- पुस्तकालय प्रवर्धन
- रुग्न पुस्तकालयको पुनः र्ब्यवस्थापन
- पुस्तकालय ब्यवस्थापन सिप विकास तालिम
- अक्षयकोष अभियान
- आफूले पढेको ठाउँ, एउटा पुस्तकालय बनाउँ अभियान
- गृह पुस्तकालय अभियान
- पुस्तकालय सचेतना अभियान

### सम्पन्न काम तथा उपलब्धीहरू

- २०६६ देखि हाल २०७९ भदौ सम्म नेपालका ३९ जिल्लामा नेपाल लाइब्रेरी फाउण्डेशनले पुस्तकालय गतिबिधि सञ्चालनका निम्ति पाइला टेकेकोछ ।
- इ-पुस्तकालय र डिजिटल पुस्तकालय (e-Library/Digital Library), भौतिक पुस्तकालय (Manual Library), पुस्तकालय व्यवस्थापन तालिम (Library Management Training), पुस्तकालय प्रवर्धन (Library Promotion) आदि कार्यमा

नेपालका ३९ जिल्ला र जापानको एक स्कुल समेत २८३ वटा विभिन्न परियोजनाहरु सम्पन्न भएको,

- ३३ जिल्लाका सामुदायिक विद्यालय, सामुदायिक पुस्तकालय, सरकारी निकायहरूमा २२० वटा इ-पुस्तकालय, डिजिटल पुस्तकालयको प्राविधिक ब्यवस्थापन र तद्सम्बन्धि सिप र तालिम प्रदान गरि ४ हजार ५ सय ब्यक्तिहरूलाइ प्रशिक्षित गरिएको, यसबाट करिब १० लाख जना लाभान्वित भएको,
- १७ जिल्लाका शैक्षिक, सामुदायिक र सरकारी निकायहरूमा २४ वटा भौतिक (Manual Library) पुस्तकालय स्थापना गर्न सहयोग गरिएको,
- बिभिन्न पुस्तकालयहरूलाइ ४३ वटा पुस्तकालयहरु जस्तैः पुस्तक सहयोग १० वटा संस्था, ल्याप्टप सहयोग २ वटा संस्था, बालसामग्री सहयोग १ वटा संस्था, अवलोकन भ्रमण १५ वटा संस्था र अभिमुखिकरण १५ वटा संस्थामा बिभिन्न ४३ वटा पुस्तकालय प्रवर्धनकानिम्ति सहयोग गरिएको,
- उदयपुर, बागलुङ र दोलखा जिल्ला कारागारमा कैदि बन्दिहरूको पठनमा सहयोग पुऱ्याउने उद्देश्यले पुस्तकालय स्थापना गरिएको,
- १२ जिल्लाका शैक्षिक, सामुदायिक संस्थाहरूमा १४ वटा पुस्तकालय ब्यवस्थापकीय तालिम सञ्चालन गरि पुस्तकालय ब्यवस्थापनमा सहयोग गरिएको,
- जनकपुरमा एकवटा One Laptop Per Child Program (OLPC Program) सञ्चालन गरिएको,
- उदयपुर र सर्लाहीमा गृहिणी महिला कम्प्युटर साक्षरता (Women's Computer Literacy Program) सञ्चालन गरि ३५० जना गृहिणीलाइ साक्षर बनाइएको,
- काठमाण्डौ स्थित ९ वटा सामुदायिक बिद्यालयलाइ कम्प्युटर ल्याब ब्यबस्थापनका लागि कम्प्युटर, प्रिन्टर आदि सामग्रीहरु हस्तान्तरण गरिएको,
- मकवानपुर, काभ्रेपलान्चोक र सिन्धुपाल्चोक जिल्लामा भूकम्प प्रतिरोधात्मक अस्थायी सिकाइ केन्द्र Temporary Learning Center (TLC) स्थापना गरिएको,
- दोलखाको दामाराङमा भुकम्प प्रतिरोधात्मक सुन्द्रावती सामुदायिक श्रोत पुस्तकालय भवन निर्माण गरि इ-पुस्तकालय, भौतिक पुस्तकालय सेवा सुचारु भएको,
- काभ्रेको श्रीखण्डपुरमा अबस्थित २०१४ सालमा स्थापित अब्यवस्थित प्रकाश सामुदायिक पुस्तकालयलाइ ब्यबस्थित गरि सुचारु गराउन पुस्तकालय ब्यवस्थापन तालिम, बालकक्ष स्थापना लगायतको सहयोग गरिएको,
- सर्लाहीको बिकट गाउँ सिमरामा सुबुधि महानन्द प्राज्ञिक पुस्तकालय स्थापना गरि पटक पटक अवलोकन गरि, बेला बेलामा तालिम अभिमुखिकरण दिइ समुदाय केन्द्रित बनाउन पहल गरिएको,
- बन्दको चपेटामा परेका गाइघाट, उदयपुरस्थित संगम सामुदायिक पुस्तकालयलाई सुचारु गराउन समय समयमा अवलोकन भ्रमण, एक बर्षे गृहिणी महिला कम्प्युटर साक्षरता कार्यक्रम सञ्चालन, इ-पुस्तकालय सेवा जडान, पुस्तक तथा ल्यापटप सहयोग गरिएको र गृहिणी महिला कम्प्युटर साक्षरता एक वर्षे कार्यक्रमको शुरूवातबाट पुस्तकालय सेवा सुचारु भएको,
- काठमाण्डौ उपत्यका सार्वजनिक पुस्तकालय समाज भृकुटीमण्डपको सेवा विविधिकरणका लागि ६ वटा कम्प्युटर सहित इ-पुस्तकालय सेवा जडान, ७ हजार थान पुस्तक सहयोग गरिएको,
- कतिपय अब्यवस्थित सामुदायिक तथा शैक्षिक पुस्तकालयहरूलाई तालिम, अभिमुखिकरण प्रदान गरि व्यवस्थित गरि सेवा सुचारु गर्न सहयोग गरिएको,
- काठमाण्डौ तथा नेपालका बिभिन्न स्थानमा पुस्तकालय तथा सूचना केन्द्र ब्यबस्थापनमा आधारित ५ दिने, ९ दिने, १५ दिने र ३० दिने तालिमको आयोजना गरि करिव ३५० भन्दा बढि ब्यक्तिलाइ पुस्तकालय सिप प्रदान गरिएको,
- साझा शिक्षा इ-पाटी नेपाललाई इ-पुस्तकालय विकासको लागि सन् २००९ देखि २०१२ सम्ममा सोको खाका निर्माण गर्ने गरि आर्थिक सहयोग गरिएको, सो इ-पुस्तकालय २०१२ मा काठमाण्डौ भ्याली पब्लिक पुस्तकालय भृकुटीमण्डपमा परीक्षण गरिएको,
- १४ जिल्लामा गृह पुस्तकालयको समन्वय समिति गठन गरिएको, यो अभियान शुरु भएपछि ५० भन्दा बढि घरमा पुस्तकालय स्थापना भएको,
- शिक्षा मन्त्रालय र पुस्तकालयकमी संस्थाहरूको संयुक्त आयोजनामा सञ्चालन हुँदै आएको राष्ट्रिय स्तरको पुस्तकालय दिवसमा पहिलोदेखि १४ औसम्म संस्थागत सहभागिता जनाइएको,
- म्याग्दी प्रवासी नेपाली संघ ( मोना)संगको सहकार्यमा म्याग्दी, बागलुङ र पर्वत जिल्लाका इ( पुस्तकालय सञ्चालन गर्ने विद्यालयका कम्प्युटर शिक्षक, प्र.अ.हरूलाई ३ दिने पुनर्ताजगी तालिम दिइएको,
- बिभिन्न समयमा बिभिन्न पुस्तकालयहरुको अवलोकन

भ्रमण गरिएको,

- विभिन्न १५ वटा पुस्तकालयहरूलाई पुस्तकालय सञ्चालन, ब्यवस्थापन र दिगोपनाका बारेमा अभिमुखिकरण गरिएको,
- मोती सामुदायिक पुस्तकालयको बृति विकासका लागि समय समयमा पुस्तकालय सेटिङ, पुस्तक, ल्यापटप सहयोग, इ-पुस्तकालय (प्याकेज) सञ्चालनमा सहयोग, पत्रपत्रिका व्यवस्थापन तालिम, विभिन्न समयसापेक्ष अभिमुखिकरण, क्यानडास्थित सुदरल्याण्ड स्कूलका शिक्षक, विद्यार्थीहरूको होमस्टे भ्रमण, अवलोकन भ्रमण आदिमा सहयोग गरिएको,

## संस्थागत संरचनाहरू

● संरक्षक बोर्ड ५ सदस्यीयः प्रमुख संरक्षक नरेश कोइराला, सदस्यहरु शरदबाबु श्रेष्ठ, गणेश साह, कपिल देव थापा, सदस्य सचिव चक्र बहादुर थापा ।

● कार्यकारिणी समिति ११ सदस्यीयः अध्यक्ष चक्र बहादुर थापा, उपाध्यक्ष मणिराम फुयाल, महासचिव धन कुमार श्रेष्ठ, कोषाध्यक्ष रचना श्रेष्ठ, सचिव सुनिल पाण्डे, सदस्यहरु सरोजा श्रेष्ठ गंगाराम कँडेल, यज्ञराज भट्ट, छायाँदत्त न्यौपाने, प्रवीणबाबु ढकाल, चन्डिका कुमारी राय ।

- सल्लाहकार समिति ८ सदस्यीयः डा. बिन्दा पाण्डे, डा. जुगल भुर्तेल, इन्द्रप्रसाद अधिकारी, डा. विजय झा, डा. महावीर पुन, राम प्रताप थापा, रमेश खरेल, गोबिन्द प्रसाद शर्मा "बन्दी" ।
- अन्तर्राष्ट्रिय समन्वय समिति १७ सदस्यीयः संयोजक गंगाराम कँडेल, सहसंयोजक शिबजी श्रेष्ठ लगायत ।
- डा. विजय झाको संयोजकत्वमा अक्षयकोष अभियान संयोजन समिति

संस्थागत आजीवन सदस्यहरु ५६ जनाः अल्फाबेटको आधारमा कपिलदेव थापा काभ्रे, केशबराज लम्साल कास्की, केशबराज आचार्य चितवन, किरण श्रेष्ठ धादिङ, डा. किशोरकुमार राजभण्डारी काठमाण्डौ, गणेश साह काठमाण्डौ, गंगाराम कँडेल चितवन, चक्र बहादुर थापा म्याग्दी, चण्डिकाकुमारी राय भक्तपुर, छायादत्त न्यौपाने पर्बत, डा. जुगल भुर्तेल काठमाण्डौ, जुजुभाइ डंगोल काठमाण्डौ, जंगबहादुर भुजेल रामेछाप, तिर्थराज वन्त ललितपुर, दिपकराज कोइराला काठमाण्डौ, दिपा राई (पुन) म्याग्दी,




धनकुमार श्रेष्ठ उदयपुर, पदमराज जोशी काठमाण्डौ, पार्बती नेपाल काठमाण्डौ, प्रदिपप्रसाद कोइराला काठमाण्डौ, प्रबिणबाबु ढकाल काठमाण्डौ, प्रेमराज अधिकारी झापा, बसन्तकृष्ण श्रेष्ठ काठमाण्डौ, भरत खड्का उदयपुर, भिमराज रेग्मी कास्की, भोलानाथ शर्मा पर्वत, मणिराम फुयाल काठमाण्डौ, मिरामैया सींह राना काठमाण्डौ, महेन्द्र कुमार राई उदयपुर, महेश्वर पन्त पर्बत, यज्ञराज भट्ट ललितपुर, यामिनी कुमार दिप सर्लाही, युवराज गुरूङ काठमाण्डौ, योगेश कोइराला काठमाण्डौ, रचना श्रेष्ठ ललितपुर, रमेश कुमार भुसाल अर्धाखाँची, डा. विन्दा पाण्डे नुवाकोट, डा. विजय झा सर्लाही, शरदबाबु श्रेष्ठ गोरखा, शारदा दाहाल महोत्तरी, शेखरनाथ ढुङ्गेल काठमाण्डौ, सरोजा श्रेष्ठ काठमाण्डौ, सन्तोष कोइराला काठमाण्डौ, सागरराज सुबेदी काठमाण्डौ, सिताराम व्याहुत काठमाण्डौ, डा. सुधांशु कोइराला काठमाण्डौ, सोमनाथ सापकोटा बागलुङ, श्रीराम घिमिरे नुवाकोट, सुनिल पाण्डे काठमाण्डौ, अगाथा थापा पाख्रिन ललितपुर, डा. अतुल कोइराला काठमाण्डौ, आङदावा शेर्पा काठमाण्डौ, उत्तम कुमार श्रेष्ठ रामेछाप, इन्द्रकान्त पौडेल चितवन, इन्द्रप्रसाद अधिकारी काठमाण्डौ ।

● प्रमुख कार्यकारी अधिकारी, कार्यक्रम निर्देशक, निर्देशक, क्षेत्रीय संयोजक, वरिष्ठ फिल्ड संयोजक सहित ५ जनाको प्रशासनिक टिम ।

### कार्यरत जिल्लाहरू

● झापा, भोजपुर, मोरङ, सुन्सरी, इलाम, खोटाङ, उदयपुर, ओखलढुङ्गा, सोलुखुम्बु, धनुषा, सर्लाही, मकवानपुर, चितवन, धादिङ, काभ्रे, काठमाण्डौ, भक्तपुर, ललितपुर, नुवाकोट, तनहुँ, कास्की, स्याङ्जा, पर्वत, म्याग्दी, बागलुङ, गोरखा, लमजुङ, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, अर्घाखाँची, रूपन्देही, हुम्ला, कञ्चनपुर, मनाङ, कैलाली, पाल्पा, सुर्खेत, गुल्मी समेत ३९ जिल्ला ।

### पठन संस्कृति प्रवर्धनका निम्ति चालिएका कदमहरू:

नेपालको खस्कँदो पठन संस्कृति प्रवर्धन गरि खोलिएका पुस्तकालयहरु उपयोगमा ल्याउने उद्देश्यले यस फाउण्डेशनद्वारा विभिन्न पुस्तकालयहरूमा पाठक क्लब गठन, पुस्तक सर्भे, पठनसामग्री सहयोग, गृह पुस्तकालय अभियान सञ्चालन गर्दै आएको छ ।

#### पाठक क्लब: Readers Club

पठन संकार लोप हुँदै गएको परिप्रेक्षमा सोको उत्थानको लागि पर्वतस्थित मोती सामुदायिक पुस्तकालयमा Readers Club गठन गरि सोको परिक्षण गरिएको थियो । यस पुस्तकालयमा Readers Club को गठनपछि पुस्तकालयमा पाठक संख्या बढेको थियो । यो मोडेल मोतीमा सफल भएकोले पुस्तकालय स्थापनासंगै Readers Club को गठन र कामको विषयमा सहजीकरण गर्ने गरिएको छ । पठनमा रूचि राख्नेहरुमध्ये १० देखि १५ जनासम्मको पाठक क्लब गठन गरिन्छ । आ–आफूले पढेका पुस्तकका बारेमा महिनाको एकपटक बस्ने क्लबको बैठकमा समीक्षा हुन्छ । यस प्रकारको समिक्षा गर्ने बानीले हरेक पाठकमा Critical Thinking बढेर जान्छ र पठनमा जागरूकता बढ्छ । पठनमा अभ्यस्त बनाउन यो तरिका अपनाइएको हो । हाल स्थापना भएका कारागार पुस्तकालय अन्तरगत पनि कैदि बन्दिहरु मध्येबाट पाठक क्लब गठन गरि प्रशिक्षित गरिएको छ ।

#### पुस्तक सर्भे: Book Survey

विभिन्न पुस्तकालयलमा पुस्तक खरिद गर्नअघि स्थानीय सरोकारवालाहरूको उपस्थितिमा Book Survey गरि पाठकको रूचि पत्ता लगाई पुस्तक लिष्ट तयार गर्न लगाइन्छ र सो लिष्टको आधारमा यस फाउण्डेशनद्वारा पुस्तक खरिद गरि सम्बन्धित पुस्तकालय पठाइन्छ । पुस्तकालयमा पाठक रुचिमा आधारित पुस्तकहरु भित्र्याउँदा पुस्तक पढ्ने पाठकहरूको गतिशिलतामा वृद्धि भएर जाने भएकाले नेपाल लाइब्रेरी फाउण्डेशनले पाठक आकर्षणका लागि पुस्तक सर्भे नीति अपनाउँदै आएको छ ।

#### गृह पुस्तकालय Home Library

पठन संस्कार घरबाटै विलय भएको कुरालाई आत्मसात गरी घरघरमा पठनमैत्री वातावरण निर्माण गर्ने गरी गृह पुस्तकालयको अवधारणा ल्याई उदयपुरबाट कार्यान्वयन गरिएको छ । यस फाउण्डेशनले यो अभियानको घोषणा गरेपछि १४ जिल्लामा गृह पुस्तकालय अभियान समन्वय समिति गठन भएको छ । अभियानकर्ता सबैको घरमा पुस्तकालय स्थापना गरि आफ्ना छोराछोरीलाई नियमित अभ्यास गराउने काम शुरु भएको छ ।

### गृह पुस्तकालय अभियानको बारेमा संक्षिप्त चर्चा

#### नेपालमा पुस्तकालयहरूको वर्तमान अवस्था

नेपालमा पठनसंस्कृति विकासकालागि नगन्य प्रयासहरू भएको पाईन्छ । यस कार्यकानिम्ति सामुदायिक, शैक्षिक स्तरका पुस्तकालयहरू स्थापना हुनेक्रम आजपनि जारी छ। पुस्तकालयहरू स्थापना हुनेक्रम बढिरहँदा पुस्तकालयप्रति पाठकको ध्यान भने सोचेजति बढोत्तरी हुन सकेको छैन। हिजोआज यस्ता पुस्तकालयहरू पाठक कुर्ने घरमा सीमित बन्न थालेकोछ । खुलेका पुस्तकालयहरूमा पुस्तक लगायत अध्ययन सामाग्रीहरू पाठक तथा सरोकारवालाहरूको जिज्ञासाअनुरूप व्यवस्थापन हुन नसक्नु, दश वर्ष अघि स्थापना भएका पुस्तकालयहरूमा दश वर्ष अघिका बाहेक थप नयाँ सामग्रीहरूको उचित प्रबन्ध नहुनु, पुस्तकालय कुर्ने कर्मचारीलाई पुस्तकालय सम्बन्धी ज्ञान सीप र दक्षता सम्बन्धि तालिमको अवसर प्रदान नगर्नु, असल, क्षमतावान र तालिम प्राप्त कर्मचारीको हातमा पुस्तकालय सुम्पिन नसक्नु आदि आदि कारणतः स्थापित पुस्तकालयहरू क्रमशः विस्थापित हुँदै धाराशाही हुने क्रम बढ्दो छ ।

● गृह पुस्तकालय अभियानका उद्देश्यहरू
● घरबाटै विस्थापित पठनसंस्कृति घरमै स्थापित गराएर पठनमैत्री वातावरणतयार गर्नु,
● बोरा वा कार्टुनमा थन्किएका पुस्तकहरू दराजमा पुर्याइ ब्यबस्थित गर्नु,
● दराजमा सजिएका पुस्तकहरू पठनमा सुरूचि जगाउन उपयोगमा ल्याउन प्रेरणा जगाउनु,
● सिटिङ्ग कक्ष वा मिटिङ्ग कक्षमा पुस्तकालय वा वाचनालयको संरचना निर्माण गरी वालवालिका, युवा, प्रौढ, वृद्धवृद्धाहरूको अध्ययन स्थलको रूपमा विकास गर्नु,
● ज्ञानगुन र सीपमा आधारित सामाग्रीहरू उक्त पुस्तकालयमा व्यवस्थापन गरी संरक्षण गर्नु,
● आफ्नो जाती, भाषी, संस्कार, संस्कृति झल्कने खालको ऐतिहासिक एवं पुरातात्विक सामाग्रीहरूको संकलन गरी यसै

स्थलमा व्यवस्थापन गर्नु,

- ओल्लोघर, पल्लोघर, छरछिमेकी बीच आ-आफूले पढेका पुस्तकको बारेमा समीक्षा गर्नु आदि ।

## अपेक्षित उपलब्धिहरू

- फुर्सदको समय चिया गफमा निस्कने बानी हटेर घरकै पुस्तकालयमा अधिकांश समय व्यतित हुने छ ।
- काम धन्दा नभएको बखत मनले अनेक विकृतिजन्य कुराहरू सोच्ने मौका पाउने छैनन् र यस्तो घरमा कुनैपनि प्रकारका भोज भमेलाको अन्त्य हुनेछ ।
- फुर्सद भयो कि आँगनमा घाम तापेर अरूको कुरा काट्ने बानी हटेर पुस्तक पढ्ने आदत बस्नेछ र छरछिमेकबीच सौहार्द वातावरण तयार हुने छ।
- परिवारका सदस्यहरूमा सोचनशक्ति, सचेतता, तर्कशील क्षमता, वस्तुवादी चिन्तन, बौद्धिकता, प्रखरता प्रकट हुने छन्, उनीहरू बुद्धि, वर्कत र क्षमता लगाएर आफूलाई अब्बल सावित गर्न सक्षम हुनेछन ।
- खास कामविना घर बाहिर ननिस्कने र लहैलहैमा पछिपछि लाग्ने बानीमा घटोत्तरी हुनेछ । उनीहरूलाई घरको सुन्दर लाइब्रेरी र असल किताबहरूले बाहिरी संसार भुलाइदिने छ ।
- घरमै अध्ययनशील व्यक्तिको उत्पादन हुने हुँदा यस्ता व्यक्तिहरू कुराको, गफको, आदर्शको, नेताको पछि नलागी सच्चा, सच्च्याई, वास्तविकताप्रति बढी जिम्मेवार हुने गर्छन् ।
- पठनपाठनको गुणास्तर वृद्धि भएर जाने छ । परीक्षाको नतिजा अब्बल आउने छ । प्रतिस्प्रधामा हार्न जान्दैनन् । वुद्धि र बिवेक प्रदर्शन गरेर कुनैपनि समस्यासँग जुध्न सामर्थ्यवान हुने छन् ।
- घरको वातावरण सन्तुलित, सौरम्य, सु-सभ्ययुक्त हुने छ । पारिवारिक हेलमेल, समझदारीता, आचार, संस्कारयुक्त वातावारण निर्माण हुनेछ ।

## घर घरमा पुस्तकालय अभियान

घर घरमा पुस्तकालयको जग बसाल्न, घर घरबाटै पठन संस्कार जगाउन, यस घर घरमा पुस्तकालय अभियानमार्फत नेपाल लाइब्रेरी फाउण्डेशन सबै नेपालीको घरघरमा पुगेर सबै नेपालीको मनमुटुमा पुस्तकालय र पुस्तकको महिमा रक्त सञ्चार प्रवाह गर्न चाहन्छ । पठन संस्कार जहाँबाट अल्मलियो त्यहीँबाट शुरूवात गरी हरेक नेपालीको घरलाई पुस्तकालय मैत्री बनाउन यो संस्था दृढ संकल्पित छ । घरघरबाट पठनसंस्कार हराएको हुँदा घरभित्रको आचार संस्कार मूल्य मान्यता र कुलिनता समेत धरापमा पर्न सक्ने खतराबाट मुक्त हुन यो घरघरमा पुस्तकालय अभियान शुरु गरिएको हो ।

सबै नेपालीलाई पुस्तकरूपी ज्ञानको मालाले पहिऱ्याइ ज्ञानयुक्त समाज स्थापना गर्ने चाहना अनुरुप नेपाल लाइब्रेरी फाउण्डेशनद्वारा २०७७ माघ ५ देखि गृह पुस्तकालय (Home Library) घर-घरमा पुस्तकालय स्थापना अभियानको अवधारणा लामो समय कोरोना भाइरस (कोभिड १९)को रोकथामको सिलसिलामा मुलुक लकडाउन भएपछि फुरेको उपाय हो । जसलाई नेपाल लाइब्रेरी फाउण्डेशनको मिति २०७७ माघ ३ गते बसेको केन्द्रिय कार्यसमिति बैठकले नीतिगत प्रस्तावको रूपमा पारित गरेको थियो । जसअनुरूप गृह पुस्तकालयको आवश्यकता, औचित्यताको बारेमा बारम्बार सामाजिक सञ्जाल फेसबुक मार्फत प्रचार-प्रसार गरी बहस चलाईयो । विभिन्न व्यक्तित्वहरूको विचारलाई गृह पुस्तकालय नामक फेसबुक एकाउण्ट खोलेर पोष्ट गरी सार्वजनिकरण गरियो । धेरै शुभचिन्तक महानुभावहरूबाट यस अभियानलाई सशक्त ढङ्गले अगाडि बढाउने सल्लाह प्राप्त भयो । तदनुरूप यस फाउण्डेशनको कार्यालय काठमाण्डौँ मै भएको नाताले काठमाण्डौँबाटै संयोजनकर्ता टिम व्यवस्था गरी अगाडि बढ्ने योजना बमोजिम काठमाण्डौँ जिल्लाको संयोजन गर्ने जिम्मेवारी काठमाण्डौँ निवासी साहित्यकार सुशिला पौडेललाई दिइयो । दिनदिनको गतिविधि फेसबुकमार्फत प्रसारित गरी यस अभियानलाई सबैको मन मस्तिष्कमा पुऱ्याउने जमर्को गरियो । हालसम्म १४ जिल्लामा जिल्ला संयोजक, उपसंयोजकहरु तोकिएको छ । जसको फेरिस्त विवरण निम्न बमोजिम छन् ।

- भोजपुर संयोजक, इन्द्र थापा
- उदयपुर संयोजक, सरिता पौडेल गुरागाईं
- खोटाङ्ग संयोजक, गंगाधर कार्की
- सप्तरी संयोजक, वृहस्पति राम
- सिरहा संयोजक, अर्जुनप्रसाद गुप्ता
- धनुषा संयोजक, तोयराज घिमिरे
- महोत्तरी संयोजक, माधव पौडेल
- महोत्तरी उपसंयोजक, सरिता पोखरेल
- सर्लाही संयोजक, उत्तम दाहाल
- सर्लाही संयोजक, स्वस्तिमा अधिकारी कोइराला
- काठमाण्डौँ संयोजक, सुशीला पौडेल,
- कागेश्वरी मनोहरा न. पा. संयोजक, राजेश कट्टेल
- ललितपुर संयोजक, यज्ञराजभट्ट
- भक्तपुर संयोजक, चण्डिका राय
- कास्की संयोजक, केशवराज लम्साल
- पर्वत संयोजक, इन्द्रप्रसाद सापकोटा
- चितवन संयोजक, डिल्लिराम पोखरेल
- चितवन उपसंयोजक, गणेशमाया शाह

## गृह पुस्तकालयका केहि झलकहरू

घरघरमा पुस्तकालय स्थापना गर्ने अभियान आफैबाट आरंभ गर्ने नीति अनुसार केन्द्रिय अभियानको संयोजनकर्ता यस फाउण्डेशनका महासचिव धनकुमार श्रेष्ठको गृह जिल्ला उदयपुरस्थित गाईघाट बजारमा निजको आफ्नै निवासमा पहिलो गृह पुस्तकालयको नयाँ संरचना विकास भएको छ । यस अभियान आरंभ भएपछि नयाँ र पुरानो गरी निम्न स्थानहरूमा गृह पुस्तकालयको प्रारूप देखा परेको छ । कतिपयले बोरा, कार्टूनमा रहेका पुस्तकहरु खोजतलास गर्न थालेका छन् भने कतिले चाँहि फर्निचर बनाएर ब्यवस्थित गर्ने योजना बनाएका छन् । कतिपयले मेरो घरमा पनि होम लाइब्रेरी छ भनेर मेसेन्जरमा फोटो पठाइरहनु भएको छ ।

### अक्षयकोष अभियान

नेपाल लाइब्रेरी फाउण्डेशन बिशुद्ध रूपमा ब्यक्तिगत सद्भावनाबाट सञ्चालित हुँदै आएको स्वदेश र बिदेशमा बस्ने नेपालीहरूले गाँस काटेर पठाएको श्रोतबाट स्वचालित गैरनाफामूलक पुस्तकालय सेवामा समर्पित संस्था हो । यस्तो पवित्र सेवाप्रदायक संस्थालाई दीर्घ जीवन दिन आवश्यक ठानी नेपाल लाइब्रेरी फाउण्डेशनका अभियानलाई निरन्तर सञ्चालन गरिरहन, २०६६ देखि हालसम्म सम्पन्न परियोजनाहरूलाई आवश्यकताको आधारमा प्रवर्धन गर्न र पुस्तकालयको अभाव रहेको स्थानमा पुस्तकालय सेवा पुर्‍याउनमा सहयोग पुगोस् भन्ने उद्देश्य कार्यान्वयनका सन्दर्भमा २०७८ सालबाट यो अभियानलाई गन्तब्यमा पुर्‍याउने गरि २ लाख डलरको अक्षयकोष अभियान आरंभ गरिएको छ । यस कोषलाई सुरक्षित गर्न गत साल २०७८ मा माछापुछ्रे बैक लि. को प्रधान कार्यालय लाजिम्पाटमा कल एकाउण्ट खोलिएकोछ । सो खातामा यसै प्रयोजनका निम्ति प्राप्त रकम जम्मा गरि ३ वर्षे मुद्दति खाता खोलि सुरक्षण गर्ने निर्णय भए बमोजिम हालसम्म मुद्दति खातामा ४ लाख २० हजार जम्मा भएको छ । डा. विजय झा यस अभियानको संयोजन समितिका संयोजन हुनुहुन्छ ।

### आगामी योजनागत (Future Plan)

- नेपाल लाइब्रेरी फाउण्डेशनका नियमित कार्यक्रम तथा अभियानहरूलाई निरन्तरता दिने,
- नेपालका सबै जिल्ला कारागारहरूमा पुस्तकालय सेवा पुर्‍याउने,
- नेपाल लाइब्रेरी फाउण्डेशनको आत्मनिर्भर अक्षयकोष अभियानलाई गन्तब्यमा पुर्याउने,
- नेपाल लाइब्रेरी फाउण्डेशनद्वारा सम्पन्न भइसकेका पुस्तकालयको अवलोकन भ्रमणको आधारमा मापदण्ड पुरा गर्ने पुस्तकालयलाई प्रवर्धन गर्ने,
- पुस्तकालय तथा सूचना केन्द्रमा आधारित आवश्यकता बमोजिमका तालिम, गोष्ठि, अभिमुखिकरणहरु सञ्चालन गर्ने आदि ।

### सार संक्षेपमा,

नेपाल लाइब्रेरी फाउण्डेशन पुस्तकालयको जग मजबुत बनाउने संस्था हो । नेपाली समाजमा पुस्तकालयको सुन्दर बगैचा निर्माण गरेर तिनको जगेर्ना गर्ने कोशिस यस फाउण्डेशनले गर्दै आएको छ । कुनै पनि सहयोगी संस्थाहरूद्धारा स्थापना गर्न सहयोग गरिएका पुस्तकालयहरुको निरन्तर सञ्चालनमा सरोकारवाला पक्ष र सरकारी पक्षको पूर्ण निगरानीको जरूरत छ । यी दुबैको अभावमा उदय भएका पुस्तकालयहरु अस्ताउने छन् । बढोत्तरी हुँदै गरेको पठन संस्कृति उचाइमा पुग्नुको अलवा ओरालो झर्नेछ । यसतर्फ सरकारी पक्षको बढ्ता ध्यान जान जरूरी देखेको छु । अस्तु ।

### अवलोकन भ्रमण रिपोर्ट

नेपाल लाइब्रेरी फाउण्डेशनको अगुवाइमा दोलखाको दामाराङ स्थित सुन्द्रावती आधारभूत बिद्यालय प्राङ्गनमा निर्मित भूकम्प प्रतिरोधात्मक सुन्द्रावती सामुदायिक श्रोत पुस्तकालयको हालै नेपाल लाइब्रेरी फाउण्डेशनका महासचिव धनकुमार श्रेष्ठद्वारा अवलोकन भ्रमण गरिएको छ । भ्रमणको क्रममा सो विद्यालयका प्रधानाध्यापक भरत श्रेष्ठ सहित सम्पूर्ण शिक्षकहरूसंग पुस्तकालय नियमित प्रयोगका बारेमा अन्तरक्रिया पनि गरिएको छ । शिक्षकहरूलाई तपाइहरूले यस पुस्तकालयबाट किन कुन पुस्तक पढ्नुभयो र ति पुस्तक पढेर पठनपाठनमा के सहयोग पुग्यो भनि सोधिएको प्रश्नको उत्तरमा अधिकाँश शिक्षकहरूले आफूहरूले पढेका पुस्तकहरु ५ देखि १० वटाको नामै भनिएको र पढिएका मध्ये मनै छोएका पुस्तकका बारेमा हल्का समिक्षात्मक टिप्पणी प्रस्तुत गरेका छन् । कक्षागत सान्दर्भिक पुस्तकहरु पढ्दा पढाउने शैलि नै फरक हुने पनि धेरैले बताए । बिद्यार्थीहरूले कसरी प्रयोग गर्छन् भनि सोधिएको अर्को सवालमा लिजर पिरियडहरूमा पुस्तकालयमा विद्यार्थीहरूको प्रवेश गराइ कक्षागत गृह कार्य गर्न लगाउने र मन परेका पुस्तकसंग रमाउने वातावरण प्रदान गरिदै आएको प्र. अ. द्वारा प्रस्ट्याइएको छ । समग्रमा उक्त पुस्तकालयका पुस्तकहरु हेर्दा अधिकांश पढिएका अवस्थाको फेला परेका छन् ।

स्मरणरहोस् २०७२ को महाविनाशकारी भूकम्पद्वारा उक्त विद्यालयका भवनहरु सबै भत्किएर ट्रस्टमा पढाइ हुँदै आएको थियो । हाल ४ कोठे पक्की भवन निर्माण भइ ब्यवस्थित रूपमा पठनपाठन कार्य भइरहेको पाइनुका साथै पुस्तकालय भवन माथिल्लो भित्तामा पैरो जाने सम्भावनालाई रोकथाम गर्न बृक्षारोपण, घाँस रोपण गर्न यस फाउण्डेशनबाट सुझाब दिइए अनुसार सो कार्य भएको पाइएको छ ।

# नेपाल लाइब्रेरी फाउन्डेसनसँग मेरो यात्रा




**चेतराज ओली**

**आयरल्याण्ड संयोजक**

**अन्तर्राष्ट्रिय समन्वय समिति, NLF**


करिब ५ वर्ष अगाडि म नेपाल जाँदा नेपाल लाइब्रेरी फाउन्डेसनका महासचिव धन कुमार श्रेष्ठसँग काठमाडौमा भेट्ने अवसर मिलेको थियो । त्यहि पहिलो भेट मै मैले उहाँबाट नेपाल लाइब्रेरी फाउन्डेसनले गरिरहेका कामहरूको बारेमा जानकारी लिने मौका पाएको थिएँ । उहाँहरू हतारमा हुनुहुन्थ्यो ।लाइब्रेरी उद्घाटनको लागि मेरो जन्मस्थल दोलखा जाँदै हुनुहुँदो रहेछ । मलाई पनि उहाँहरूसँगै दोलखा जाने अवसर मिल्यो । बाटोमा जाँदा जाँदै मैलेपनि मन मनै सोचैं आफूले पढेको विद्यालयमा पुस्तकालय राख्न पाए राम्रो काम हुने थियो, त्यसको लागि लाग्ने बजेटको ब्यपस्थापन गर्न यो पटक सजिलो थिएन । उहाँहरूसँगै पुस्तकालय उद्घाटन गर्ने स्कूल दोलखाको भिमेश्वर नगरपालिका १ मा पर्ने दामाराङमा अवस्थित सुन्द्रावती आधारभूत विद्यालयमा सहभागी भएँ । त्यस विद्यालयका भवनहरु २०७२ को महाविनासकारी भूकम्पद्वारा समुलरुपमा ध्वस्त भएका रहेछन् । विद्यालयकै जग्गामा ३ कोठे पुस्तकालय भवन नेपाल लाइब्रेरी फाउण्डेशनद्वारा निर्माण भइ सो भवन उद्घाटन गरि हस्तान्तरणको अवसरमा म पनि सहभागिता हुने अवसर पाउँदा भित्रभित्रै गद्गद् भएँ ।

मैले धनकुमार सरसँग मलाई पनि मैले पढेको विद्यालयमा इ-पुस्तकालय स्थापना गर्न मन लागेको कुरा पहिल्यै बताइसकेको थिएँ । फेरि मैले अध्ययन गरेको विद्यालय दामाराङबाट नजिकै पर्ने हुनाले मैले अध्ययन गरेको स्कूलको पुस्तकालयको के कस्तो अवस्था र संरचना छ, अवलोकन गर्न जान अनुरोध गरेँ र उहाँहरूको समयको अभावमा पनि मेरो अनुरोधलाई स्विकार्दै हामी दोलखाको कालिन्चोक गाउँपालिकामा पर्ने श्री कालिका उच्च वि. मा. गएर त्यहाँको वस्तुगत अवस्थाको अवलोकन गरि काठमाडौ फर्कियौं ।

२०७६को जनवरीमा मेरो व्यक्तिगत लगानीमा नेपाल लाइब्रेरी फाउण्डेशनले प्राविधिक व्यवस्थापकीय काम गरिदिए र सो विद्यालयमा इ-पुस्तकालय स्थापना भइ उद्घाटन समारोहमा मेरो पनि सहभागिता रह्यो । यसरीम त्यो समयदेखि लगातार नेपाल लाइब्रेरी फाउन्डेसनसँग आवद्ध हुँदै आएको छु । नेपाल लाइब्रेरी फाउन्डेसनलाई आफुले सकेको हरेक सहयोग पनि गर्दै आएको छु । यही मेरो लगाव देखेर नेपाल लाइब्रेरी फाउन्डेसन बोर्डले मलाई अन्तर्राष्ट्रिय समन्वय समिति आयरल्याण्डको संयोजकको जिम्मेवारी दियो र, यो जिम्मेवारीमा रहेर काम गर्न पाउँदा म आफैलाई गर्वको महसुस गरिरहेको छु ।

हाल नेपाल लाइब्रेरी फाउन्डेसनले नेपालका हरेक कारागारमा पुस्तकालय राख्ने अभियान चलाइरहेकोछ । उदयपुर, बागलुङ कारागारमा पुस्तकालय स्थापना भइसकेको छ । यही सन्दर्भमा दोलखा कारागारमा पुस्तकालय स्थापना गर्न आवश्यक पर्ने श्रोत जुटाउने भूमिकाका लागि फाउण्डेशनले मलाई जिम्मेबारी दियो । यस अभियानमा दोलखा समाज अस्ट्रेलिया, आयरल्याण्ड, बेलायत, स्विटजरल्याण्डलाई कर्मभूमि बनाउदै आउने दोलखाबासीहरूको न्यानो सद्भाव जुट्यो त्यसपछि २०७९ भाद्र १३ गते म जन्मिएको जन्मभूमिको कारागारले व्यवस्थित तवरको पुस्तकालय पायो यसबाट म निकै खुशी र उत्साहित पनि भएको छु ।

यसरी शिक्षाको क्षेत्रमा आफ्नो केही समय, सहयोग गर्न सकेकोमा एउटा बेग्लै खुशीमा बाँच्न सकिने रहेछ । जीवनमा पैसाले त कसलाई पुग्छ र आफूले प्रदेशमा कमाएको केही रकम कुनै पूण्य काममा लगाउन सकिए धर्म नै त्यहि हुनेछ । यतिबेला म नेपाल लाइब्रेरी फाउण्डेशनको पुस्तकालय अभियानलाई सफल बनाउन विदेशमा बसेर केहि सहयोग पुऱ्याउन सकिन्छ कि भन्ने मनसायले फाउण्डेशनसँग जोडिएर पुस्तकालय यात्रामा समाहित भएको छु ।

# ऐतिहासिक प्रकाश सामुदायिक पुस्तकालयसँग नेपाल लाइब्रेरी फाउण्डेशनको भेट



**अशोकचन्द्र गोपाल धुँजु श्रेष्ठ**
अध्यक्ष
प्रकाश सामुदायिक पुस्तकालय

## पृष्ठभूमि

पुस्तकालय ज्ञानको ज्योति फैलाउने घर हो ।त्यहाँबाट मानिसले निकै ज्ञान हासिल गर्दछन् । सार्वजनिक पुस्तकालय त यस्तो सामाजिक थलो हो जहाँ कसैको लागि पनि ढोका बन्द हुँदैन । सामाजिक विनिमय गर्ने, समय कटाउने र उमेरछँदा नभ्याएका पुस्तक पढ्ने थलो पनि हो पुस्तकालय । समग्रमा, पुस्तकालय सभ्यताको ढुकढुकी र ज्ञान विज्ञानको मानक हो । यी अभिप्रायले नेपालको काभ्रे जिल्लामा पनि पुस्तकालय खोल्ने जमर्को वि. सं. २००७ सालपछि भएको हो । यस जिल्लामा २००८ देखि २०१६ सालसम्म करिब २९ वटा पुस्तकालय खुलेको देखिन्छ । ती मध्ये प्रकाश पुस्तकालय श्रीखण्डपुरमा २०१४ सालमा खुलेको थियो ।

काठमाडौंबाट करिब २८ कि.मि. पूर्वमा अवस्थित श्रीखण्डपुर बजार काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल नगरपालिका वडा नं. ५, अन्तर्गत पर्ने प्राचीन नेवाः बस्तीको सहर हो । यहाँ विभिन्न देवदेवीका मन्दिरहरू छन् । श्री श्वेतभैरवनाथ मन्दिरप्रमुख हो । यहाँ एउटा माध्यमिक विद्यालय छ । यो बाहेक निजी स्तरमा खोलिएका केही इग्लिस स्कुल पनि छन् । यहाँ ढल प्रशोधन गरी बायोग्यास निकाल्ने प्राविधिक केन्द्र पनि छ जुन प्रबिधि दक्षिण एसियाकै पहिलो मानिएको छ । श्रीखण्डपुरको पश्चिमपट्टी एस. ओ. एस. ग्राम बालगृह छ । यसैको नजिकमा सूचना तथा प्राविधिक पार्क पनि छ जुन अहिले चालू अवस्थामा छैन । यसको माथिल्लो भागमा प्रसिद्ध धन्येश्वर मन्दिर रहेको छ । सहरको नजिक पूर्वी उत्तरी भागमा काठमाडौ विश्वविद्यालय स्थापित छ ।

प्रकाश पुस्तकालय स्थापना गर्नमा श्रीखण्डपुरका युवावर्गको विशेष देन थियो । ती युवा वर्गको सज्जनता, सरलता, भद्रता र जोशका परिणामबाट नैप्रकाश पुस्तकालय खोल्न सकिएको र पुस्तकालयले काभ्रेमा निकै ख्याति प्राप्त गर्न सकेको थियो । पुस्तकालयको भवन निर्माणमा श्रीखण्डपुरका प्रसिद्ध समाजसेवी एवं शिक्षासेवी स्व. कृष्णगोपाल धुँजूका सुपुत्र रामगोपाल धुँजूको निकै योगदान रहेको थियो । आफ्नो अथक प्रयासबाट उहाँले २०१५ मा बनेको विश्वेश्वर प्रसाद कोइरालाको सरकारबाट आर्थिक सहयोग प्राप्त गरी भवन निर्माणमा अविस्मरणीय योगदान दिनुभएको थियो । पुस्तकालय भवनको शिलान्यास तत्कालीन शिक्षामन्त्री प्रेमराज आङ्दम्बेबाट २०१७ साल कार्तिक १५ मा भएको थियो । पुस्तकालय यस अर्थले ऐतिहासिक पनि छ ।

प्रकाश पुस्तकालय सबै किसिमका सामाजिक, धार्मिक, सांस्कृतिक र राजनीतिक क्षेत्रको केन्द्रविन्दु थियो । यस पुस्तकालयमा देश तथा बिदेशका विभिन्न व्यक्तित्वहरूबाट भ्रमण गरेर आ-आफ्ना मन्तव्य आगन्तुक पुस्तिकामा लेख्नुभएको छ । २०१७ साल मार्ग २४ गते देशका प्रथम जननिर्वाचित प्रधानमन्त्री तथा प्रशिद्ध साहित्यकार बि. पि. कोइरालज्युले लेख्नुभएको मन्तव्य यस प्रकारको छ : उत्साही युवकहरूद्वारा यो पुस्तकालय स्थापित तथा सञ्चालन भएको रहेछ । उत्साह देखेर खुसी लाग्यो । प्रजातन्त्रमा यस प्रकारका संस्थाहरूको ठूलो महत्व छ । प्रजातन्त्रको लागि यस प्रकारका अरूपनि काम गर्नुपर्छ । म यस पुस्तकालयको उत्तरोत्तरकामना गर्दछु ।

## विविध समस्याको बीच सञ्चालित गतिबिधिहरू

आफ्नो विकासको क्रममा यस पुस्तकालयले नेपाल भाषा र नेपालीमा बृहत्साहित्य सम्मेलन तथा विभिन्न शैक्षिक सामाजिक कार्यहरू गरेका छन् र गर्दै पनि छन् ।२०१६ सालमा तत्कालिन प्रधानमन्त्री वि.पी.

कोइरालाले काठमाडौ तराई भाग जोड्न श्रीखण्डपुरमा आर. टि. ओ. (हालको वि.पि. राजमार्ग) शिलान्यास गर्नुभएको थियो । तर उक्त राजमार्ग धुलिखेलबाट पुनर्निर्माण गरिएकाले पूर्व १ नं द्वारको रूपमा चिनिएको श्रीखण्डपुर बजार अलग्गियो । विभिन्न बाटाहरू पनि पछि खोलिएकाले श्रीखण्डपुर पुरानो बजारमा ब्यापार व्यवसाय घट्यो । यसलेगर्दा पुस्तकालयका मूल सञ्चालनकहरू आ–आफ्नै व्यावहारिकता, पेशा र बाध्यताले गर्दा श्रीखण्डपुर बाहिर बस्न जाने भएका हुँदा पुस्तकालय अवनतितिर लाग्यो । पुस्तकालय सञ्चालन हुन नसकि बन्द नै भयो । पुस्तकालयको जीर्ण भवन र खाली जग्गा मात्र रह्यो । पुस्तकालयका पुस्तकहरू र फर्निचरहरू हराए, नष्ट भए । पुस्तकालयको जीर्ण अवस्था देखेर र पुस्तकालयको महत्व तथा आवश्यकताको महसूस गर्दै शिक्षाप्रेमी यस लेखका पङतिकारले आफ्नो मनलाई उत्प्रेरणा दिएरपुस्तकालय पुनः सञ्चालनमा ल्याउने काम भएको छ । पुस्तकालयले प्राण पाएकोमा स्थानीयवासी हर्षित छन् । प्रकाश सामुदायिक पुस्तकालयको नाममा २०६६ साल जेठ १७ गते विधिवत दर्ता भइ सञ्चालनमा छ । विद्यालयका विद्यार्थी बढी आउने गरेको देखिन्छ । पुस्तकालयमा विभिन्न विधाका करिब ४३०० पुस्तक छन् । नेपाल लाइब्रेरी फाउण्डेशन लगायत विभिन्न संघसंस्था तथा व्यक्तिहरूबाट पुस्तक सहयोग प्राप्त भएको छ । पुस्तकालयको पुरानो भवन स्थानीय जनसमुदायको आर्थिक सहयोगबाट जिर्णोद्धार भएको हो । धुलिखेल नगरपालिकाको आर्थिक सहयोगबाट पुस्तकालयको शौचालय, पर्खाल, एक कोठे भवन तथा ट्रष्ट भवन बनाएको छ । ट्रष्ट भवनले स्थानीय समुदायका सामाजिक उत्सव कार्यक्रमहरू गर्न मानिकै सहयोग प्रदान भएको छ । पुस्तकालयको आम्दानीमा पनि सहयोग प्राप्त भएको छ ।

## १५औं पुस्तकालय दिवसको अवसरमा दाता सम्मान कार्यक्रम

पुस्तकालय निरन्तररुपमा चलाउन आफ्नै आम्दानी हुनुपर्ने भएअनुसार अक्षयकोष रकम जम्मा गर्न केही दाताहरूबाट आर्थिक सहयोग प्राप्त गर्न सकेको छ । थप सहयोग जुटाउन प्रयास जारी छ । भर्खरै २०७९ भाद्र १८ मा १५ औंराष्ट्रिय पुस्तकालय दिवसको सन्दर्भमा यस पुस्तकालयले वि. सं. २०६६ सालमा पुस्तकालय पुनः सुभारम्भ गर्न र हाल अक्षयकोष खडा गर्न आर्थिक सहयोग दिने दाताहरूको सम्मान कार्यक्रम गऱ्यो । कार्यक्रमका प्रमुख अतिथि नेपाल लाइब्रेरी फाउन्डेसन हो । फाउन्डेसनका तर्फबाट अध्यक्ष चक्रबहादुर थापा र महासचिव धनकुमार श्रेष्ठ आउनु भएको थियो ।

## नेपाल लाइब्रेरी फाउण्डेशनसंग संस्थागत सम्बन्ध

२०६६ सालमा यो पुस्तकालय पुनःसञ्चालनमा आउँदा यस पुस्तकालयको अबस्था लथालिङ्ग र अब्यवस्थित थियो । किताव र फर्निचरको समेत अभाव थियो । बाल कक्षाको ब्यबस्था गरिएको थिएन । यहिवेला यस पुस्तकालयको सम्पर्क नेपाल लाइब्रेरी फाउण्डेशनसँग स्थापित भयो र सोहि बेलादेखि यस पुस्तकालयले नेपाल लाइब्रेरी फाउन्डेसनबाट पटक पटक विभिन्न सहयोग प्राप्त गरेको छ । पुस्तक, फर्निचरको अलावा पुस्तकालय संचालन सम्बन्धमा १२ दिने पुस्तकालय ब्यवस्थापन तालिम मार्फत पुस्तकालय ब्यबस्थित गर्ने कार्यमा हालका महासचिब धनकुमार श्रेष्ठ प्रशिक्षकको रूपमा खटिएर १४ जना प्रशिक्षार्थीहरूलाई तालिम दिने काम गरिएको थियो । बालकक्षको अभाव रहेको हुँदा फाउण्डेशनले बाल कक्षगत शैक्षिक सामग्रीहरु सहित फर्निचरको ब्यबस्था गरि बालकक्ष संरचना निर्माण गरिदिएका थिए । सन २०१३ मा क्यानाडाको सुदरल्याण्ड स्कुलका विद्याथीहरू पुस्तकालय र श्रीखण्डपुर भ्रमण गराउने कामपनि फाउण्डेशनबाट भएको थियो । केही दिन श्रीखण्डपुरमा विध्यार्थीहरूको बसाइभयो । स्थानीय सामाजिक ज्ञान दिइयो । यस पुस्तकालयलाई सुदरल्याण्डःकुल क्यानडासंग जोड्न पुलको भूमिका निर्वाह गर्ने नेपाल लाइब्रेरी फाउन्डेसनको सहयोग प्रति यस पुस्तकालय आभारप्रकट गर्दछ । कोरोना महामारीका कारण प्रकाश सामुदायिक पुस्तकालय र नेपाल लाइब्रेरी फाउन्डेसनको बीच सम्बन्ध टुट्यो । अब पुनःसम्बन्ध अगाडि बढ्ने आशा गरिएको छ ।

## अन्तमा,

पुस्तकालयको पुरानो भवन २०७२ सालको महाभूकम्पले गर्दा चर्केको अवस्थामा छ । नया भवन निर्माण गर्नुपर्ने देखिन्छ । सहयोगी दाताहरूको खोजीमा छौं । हाल पुस्तकालय नयाँ १ कोठे भवनमा सरेको छ । चर्केको पुरानो भवन बनाउन सके पुस्तकालय अझ व्यवस्थित बन्ने छ । पुस्तकालयको महत्व असीमित र महान छ ।

यही महत्वलाई मनन गरेर नेपाल सरकारले प्रत्येक वर्ष भाद्र १५ गते पुस्तकालय दिवस मनाउने गरेको छ । यो सान्दर्भिक छ । सार्वजनिक पुस्तकालयलाई सरकारबाट भने आर्थिक सहयोग गर्ने नीतिन लिएकोमा दुःख हुनु स्वाभाविकै हो । पुस्तकालयको नीति र कानून बनाउने अभिभारा राज्यले लिनुपर्दछ र देशमा भएका सार्वजनिक पुस्तकालयहरूलाई जीवन्त दिन सहयोग नीति राज्यले लिनै पर्दछ ।

# म यसरी जोडिएँ नेपाल लाइब्रेरी फाउण्डेशनसँग





**यामिनी कुमार खतिवडा "दीप"**
आजीवन सदस्य तथा शुभचिन्तक
नेपाल लाईब्रेरी फाउण्डेशन

नेपाल लाइब्रेरी फाउण्डेशन एक अनौपचारिक शैक्षिक गतिबिधि सञ्चालन गर्ने उद्देश्यले स्थापित संस्था हो ।

यस फाउण्डेशनका बर्तमान महासचिव धन कुमार श्रेष्ठसंग २०६४/२०६५ सालदेखि निज रिड नेपालमा कार्यरत रहेको बखत म चतुर्भुजेश्वर सामुदायिक पुस्तकालयको अध्यक्षको नाताले चिनजान भएको थियो र २०६६ सालमा निजले रिड नेपालको कार्यभार परित्याग गरि नेपाल लाइब्रेरी फाउण्डेशनमा प्रवेश गर्नुभएको हो । निज श्रेष्ठसंगको चिनाजानी र सम्पर्कको आधारमा फाउण्डेशनले गरेका कामबाट प्रभावित भइ म आज भन्दा ६ वर्ष अघि जोडिएको हुँ ।

पछिपछि यस फाउण्डेशनका संस्थापक नरेश कोइरालाजीसंग मेरो संस्थागत रूपमा चिनजान भयो, कोइरालाजीले चतुर्भुजेश्वर सामुदायिक पुस्तकालय दुइपटक भ्रमणपनि गर्नुभयो । महिला बिद्यालयको अवलोकन पनि गर्नुभयो यसरी म यस संस्थामा सक्रिय हुँदै आएँ ।

यस फाउण्डेशनको सहयोगमा चतुर्भुजेश्वर सामुदायिक अध्ययन केन्द्र सुखेपोखरी, सर्लाही द्वारा गृहिणी मा. वि ले यस भेगका गृहिणी महिलाहरूलाई प्रविधिमैत्री कार्यक्रम सञ्चालन गरि कम्प्युटर आधारभूत कोर्षमा तालिम उपलब्ध गराउदै आएकाेछ ।फाउण्डेशनले अभियानकोरूपमा सञ्चालन गरेको गृह पुस्तकालय अभियानबाट प्रभावित भइ सर्लाहीको दुइघरमा पुस्तकालय स्थापना भएकोछ । र, यस अभियानमा मपनि सहभागी भएर पठन संस्कार घरघरबाटै उठान गर्नुपर्छ भन्ने नेपाल लाइब्रेरी फाउण्डेशनको अभियान मन पराएर जोडिएको छु । यसका साथै फाउण्डेशनले शुरु गरेका अक्षयकोष अभियानलाइ गन्तब्यमा पुर्याउन हृदयदेखिनै प्रफुल्ल भइ बार्षिक २५ हजार सहयोग गर्ने मेरो परिवारले निर्णय गरेको पनि जानकारी गरादछु । तपाइहरूपनि नेपाल लाइब्रेरी फाउण्डेशनको अभियानमा जोडिनु हुन अनुरोध गर्छु । जय पुस्तकालय



**इन्द्र प्रसाद सापकोटा**
प्रमुख लाइब्रेरिएन,
मोती सामुदायिक पुस्तकालय

मोती सामुदायिक पुस्तकालयको

# प्रवर्धनमा नेपाल लाईब्रेरी फाउण्डेशनको भूमिका



## संस्थागत परिचय

यो संस्था पर्वत जिल्ला, फलेवास नगरपालिका वडा न ५, खानीगाउँ वि। स। २०१६ मा स्थापित भएको हो । यो एउटा विशुद्ध मुनाफारहित सामुदायिक संस्था हो । यो संस्था विशुद्ध रूपमा सामाजिक विकासमा समर्पित रही वि. सं. २०५३ मा जिल्ला प्रशासन कार्यालय, पर्वतमा दर्ता भएको हो । शैक्षिक र सामाजिक विकासकालागि यस पुस्तकालयले महत्वपूर्ण भूमिका खेलेको छ । समुदायका मानिसमा जनचेतना जागरण र सशक्तीकरणका माध्यमबाट सामाजिक रूपान्तरण गर्ने उद्देश्यले यो संस्था आफ्ना गतिविधिहरूलाई अगाडि बढाइरहेको छ । मोती सामुदायिक पुस्तकालय समाजिक रूपान्तरणमा सकारात्मक भूमिका खेल्ने सामुदायिक संस्था हो । यस संस्थाले समाजको शैक्षिक अवस्था र सामाजिक सचेतनाका क्षेत्रमा विविध गतिविधिहरु सञ्चालन गर्दै आइरहेको छ । यस संस्थाले समयको बदलिदो अवस्थालाई मध्यनजर गर्दै आफ्नो भूमिकालाई थप परिमार्जन गर्दै आउनु पर्ने आजको चुनौती देखिन्छ । यसकालागि लक्षित समुदाय र सरकारवालाहरूको महत्वपूर्ण सुझाव संकलन गरी सोहीअनुसार आफ्नो कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।, र यहाँ संस्थाको विधान, रणनीतिक उद्देश्यका आधारमा तय गरिएका विविध कियाकलाप, सांझेदार संस्थासंगको सहकार्यमा गरिएका कार्यहरु निम्न प्रकार रहेका छन् ।

- पुस्तकालय विहान १० बजेदेखि बेलुकी ५ बजेसम्म नियमित संचालन ।
- विद्यालय पुस्तकालय कार्यक्रम: पर्वत जिल्लामा रूम टु रिड, तत्कालिन जि.वि.स. तथा जि.शि.का पर्वतको सहकार्यमा १७० विद्यालयमा पुस्तकालय संचालनमा सहयोग ।
- मोती सामुदायिक सिकाई केन्द्र संचालन: ५ समुह गठन गरि निरन्तर सिकाईमा सहयोग ।
- प्राविधिक ज्ञान सेवा कार्यक्रम रिड नेपाल तथा मोतीको सहकार्यमा संचालन ।
- मोती सामुदायिक पुस्तकालय महिला वचत तथा ऋण सहकारी संस्था लि. स्थापना: जसमा २५० जना आवद्ध रहेका छन् ।
- सुरक्षित आप्रवासन परियोजना संचालन रिड नेपाल र आई.आर.एस.को सहयोगमा ।
- पुस्तकालय अक्षय कोष संचालन:
- विधुतीय पुस्तकालय सञ्चालन तथा ब्यावस्थापन ।

पुस्तकालय संचालन र विस्तारमा विभिन्न संघ संस्थाहरूसग सहकार्य, पुस्तकालय ब्यावस्थापनमा निरन्तर सहयोग, नियमित पुस्तकालय आउने पाठक अर्थात पुस्तकालय प्रयोगकर्ताको महत्वपुर्ण देन तथा कर्मचारीहरूको लगावले अहिलेको संचालन सम्भव भएको हो । यस संथामा संथागत विकास र विस्तारको लागि नेपाल लाईबेरी फाउण्डेसनको महत्वपूर्ण भूमिका रहेको छ जस अन्तरगत निम्न कार्य संचालनमा नेपाल लाईब्रेरी फाउण्डेसनको महत्व रहेको छ जो निम्न छन् ।

## नेपाल लाईब्रेरी फाउण्डेसन र मोती सामुदायिक पुस्तकालयको सम्वन्ध:

मोती सामुदायिक पुस्तकालयको वृति विकासमा नेपाल लाईब्रेरी फाउण्डेनको महत्व ठूलै छ । नेपाल लाईब्रेरी फाउण्डेसन क्यानडाका संथापक अध्यक्ष श्री नरेस कोईराला र मोती सामुदायिक पुस्तकालयका संथापक अध्यक्ष भोलानाथ शर्मा पुस्तकालयको विकासमा आजीवन अभियान्ता भएकोले यो पुस्तकालयमा पनि सहयोग र सहकार्य अनिवार्य रहेको छ ।

### इ–पुस्तकालय प्याकेजमा यसको महत्वः

समय र परिस्थितिमा कुनैपनि संस्था संचालन गर्नु समय सापेक्ष र अरुको भन्दा फरक तरिकाले संचालन गर्नुपर्छ भन्ने मान्यताकासाथ मिति २०६८ साल चैत्र महिना ३ गतेका दिन यि दुवै पुस्तकालय विच सम्झौता भई इ–पुस्तकालयको प्राबिधिक ब्यबस्थापन गर्न साझा शिक्षा इ–पाटीको तर्फवाट वसन्त श्रेष्ठ र रामसिंह तथा नेपाल लाईब्रेरी फाउण्डेसनको तर्फबाट धनकुमार श्रेष्ठ बीच इ–पुस्तकालय प्याकेज जडान र एक हप्ते पत्रपत्रिका व्यवस्थापन तालिमको लागि सम्झौता भई काम अघि बढ्यो । मिति २०६८ साल चैत्र १३ गतेदेखि एक हप्ते पत्रिका व्यवस्थापन तालिम सम्पन्न भयो जहाँ १५ जनाको सक्रिय सहभागिता रहेको थियो । यस तालिमद्वारा पुस्तकालयमा छरपष्ट रहेका पत्रिकाहरू व्यवस्थापन गर्न सहयोग पुगेको थियो । सो हि अवसरमा मोती सामुदायिक पुस्तकालयमा रहेको एक कोठामा इ–पुस्तकालय सर्भर जडान गरि ५ कम्प्युरमा जडान गरि समिति गठन गरि सञ्चालन भइरहेको इ–पुस्तकालय अहिले सम्म निरन्तर चलिरहेको छ । र, मोतीमा सञ्चालन भइरहेको इ–पुस्तकालयबाट प्रभावित भइ पर्वतका १४,१५ विद्यालयमा इ–पुस्तकालय जडान भएका छन् ।

### सुथरल्याण्ड हाईस्कुलको भ्रमणः

नेपाल लाईब्रेरी फाउण्डेसन क्यानडाको सहकार्यमा सन् २०१५ मार्च १५ का दिन सुथरल्याण्ड हाईस्कुल भ्यानकुवर क्यानडाका अभिभावक, शिक्षक, विद्यार्थी, नेपाल लाईब्रेरी फाउण्डेनको संयुक्त २५ जनाको टोली मोती पुस्तकालय भ्रमण तथा अन्तरक्रिया कार्यक्रममा सहभागी भई भव्य कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त टोली पुस्तकालय आउँदा १ प्रोजेक्टर, १ ल्यापटप, सोहि दिन हस्तान्तरण गरिएको थियो ।

### महिला सहकारीको स्थापनाः

मोती सामुदायिक पुस्तकालयमा महिलाको आगमन कम देखिएकोले कसरी महिलाहरूलाई पुस्तकालयमा ल्याउने, कसरी आय आर्जनमा जोड दिने कार्य गर्ने र नियमित पुस्तकालय आउने वानी बसाल्नको लागि महिला सहकारी रू. २० रुपैयाबाट सञ्चालन २०७०मा शुरुवात गराउन फाउण्डेशनका अभियन्ता धनकुमार श्रेष्ठको विषेश महत्व रहेको छ ।

### गृहिणी महिला कम्प्युटर साक्षरता कक्षाको थालनीः

गृहिणी महिलालाई कम्प्युटर कक्षा सञ्चालन गर्ने सुझाव सल्लाह दिइ उक्त कार्यको लागि १ थान ल्यापटप अनुदान स्वरूप सहयोग प्राप्त भएको ।

### विद्यालय पुस्तकालय कार्यक्रममा सहयोगः

पर्वत जिल्लामा एक विद्यालय एक पुस्तकालय अभियान अन्तरगत नेपाल लाईब्रेरी फाउण्डेसनले फलेवास नगरपालिका वडा नं ६ मा रहेको श्री कालिका आधारभूत विद्यालयमा पुस्तक तथा तालिममा सहयोग गरि पुस्तकालय स्थापना तथा सञ्चालनमा सहयोग गरेको थियो । उक्त पुस्तकालयको फाउण्डेसनका संस्थापक अध्यक्ष नरेश कोईरालाले उद्घाटन गर्नुभएको थियो । त्यस्तै शिशुनिकेतन प्रा.वि.मा पुस्तक सहयोग प्राप्त भएको थियो ।

### पुस्तक सहयोगः

मोती सामुदायिक पुस्तकालय पर्वतलाई समय सान्दर्भिक पुस्तकहरू वार्षिक रूपमा नै सहयोग प्राप्त भएको थियो । बेला बेलामा नेपाल लाइब्रेरी फाउण्डेसनको तर्फबाट पुस्तकालयमा भिजिट गर्ने सुझाव सल्लाह दिने काम भएको थियो ।

### गृह पुस्तकालयको थालनीमा जोडः

पठन संस्कृतिको विकास गर्न नेपाल लाइब्रेरी फाउण्डेसनको अवधारणामा गण्डकी प्रदेशको संयोजक यसै पुस्तकालयका लाईब्रेरीयन श्री ईन्द्रप्रसाद सापकोटालाई संयोजक तोकी गृह पुस्तकालयको अवधारणा शुरू गरी १५,१६ वटा गृह पुस्तकालयको विकास भएको छ ।

### इ–पुस्तकालय संचालन तालिमः

म्याग्दी जिल्लामा भएको १ हप्ते तालिममा मोती पुस्तकालयको तर्फबाट ईन्द्रप्रसाद सापकोटालाई सहभागी गराई इ–पुस्तकालय सेटअपमा सहयोग पुराइएको थियो ।

- धन कुमार श्रेष्ठद्वारा सूचना तथा प्रविधि मन्त्रालयमा सम्पर्क गराई इ–भिलेजको अवधारणा सहित इ–भिलेज कार्यक्रम सञ्चालन गर्न सहयोग गर्नुभएको थियो ।
- यस पुस्तकालय उद्घाटन हुनु पूर्व पुस्तकालयलाई नयाँ ढंगले सेटिङ गर्नमा फाउण्डेशनका महासचिव धन कुमार श्रेष्ठको ठूलो मिहिनेत परेको छ ।

यी माथिका विषयवस्तु सहित मोती सामुदायिक पुस्तकालयको श्रीवृद्धिमा नेपाल लाईबेरी फाउण्डेसनको सहयोगले पुस्तकालयको वृति विकास र प्रवर्धनमा टेवा पुगेको छ । आगामी दिनमा पनि यस्तै रचनात्मक सहभागितामूलक सहयोग रहने अपेक्षा गर्दछु । जय पुस्तकालय

## नेपाल लाइब्रेरी फाउन्डेसन

# उज्यालो भविष्यतर्फ



छायादत्त न्यौपाने "बगर"

आहा ! कस्तो रमाइलो चारैतिर उज्यालो । धेरैलाई मन पर्छ उज्यालो । बालक उज्यालैमा रमाउँछन् । उनीहरूले पछ्याउने उज्यालो झन् बढी चहकिलो हुन्छ । यसमा दाग हुँदैन । निश्छल बोली व्यवहारमा थपिएको उज्यालो आहा ! कति निर्मल ? यसमा तेल थपेर चहकिलो पार्छ शिक्षाले । शिक्षाको सूत्रले बालमन मस्तिष्क खेलाउँछ, सक्रिय बनाउँछ । बालक सुदूर भविष्यको उज्यालो छोप्न दौडिन्छन् ।

देश बन्न शिक्षाको उज्यालो आवश्यक पर्छ । उज्यालैमा त सम्भावनाका ढोकाहरू देखिन्छन् । शिक्षाले मानिसको चेतना विकसित तुल्याउँछ, चेतना जीवनको मर्म हो र ऊ विकसित हुने धर्म पनि । शिक्षाले पूर्वाधार निर्माणको आवश्यक जग तयार गरिदिन्छ । यस्तो चेतनशील क्षमता पुस्तकमा पाइन्छ । पुस्तक पुस्तकालयमा पाइन्छ । पुस्तकालय सद्भावयुक्त आत्मीय चेतना र विवेकीको पनि सङ्ग्रहालय हो । यसले मान्छेलाई गतिशील बन्न प्रेरित गर्छ । यस्तै उच्च विचारको मूर्तरूप हो नेपाल लाइब्रेरी फाउन्डेसन । यो शैक्षिक संस्थाहरूमा पुस्तकालय पुऱ्याउने उद्देश्यले स्थापना भएको हो । यसले मानिसलाई सक्रिय र जिम्मेवार बनाउने पोसिलो खुराक शिक्षा हो भन्ने विश्वास गर्छ । अहिले नेपाल लाइब्रेरी फाउन्डेसन नेपालभर पुस्तकालय स्थापना गरी चेतनाको दैलो खोल्दै छ । यो शैक्षिक जागरणका लागि गाउँ सहर हुँदै जेलका कोठाहरूमा पनि पुस्तकालय पुऱ्याउने अभियान लिएर विभिन्न जिल्लाहरूमा दौडिरहेको छ, अभियान चलाइरहेको छ । यो पुस्तकालय पुस्तकमा पाइने व्यवहारोपयोगी ज्ञानसिप र सक्रियताले मानिसलाई मानिस जस्तै असल बनाउँछ भन्ने ठहरबाट प्रेरित रहेको छ । हुन पनि हो, कर्मयोग पुस्तकमा पाइन्छ । पुस्तक त हो नि सामाजिक जीवनका यावत् पाटा दैनन्दिनी लेखिने पुस्तक रमणीय परिदृश्यमा भावनात्मक साइनोको सम्प्रेषक सूत्र बलियो कर्मयोगी चेतना र इमानको व्यावहारिक पाठ्यसामग्री पनि ।

मानिसमा जागरण ल्याउने चेत पुस्तकमा हुन्छ । पुस्तकले समयको सदुपयोग गराउँछ । पुस्तकले आलस्य हटाउँछ, पुस्तकले मित्रता बढाउँछ, पुस्तकले पुरस्कार दिलाउँछ, पुस्तकमा मान सम्मानको सुगन्ध हुन्छ । पुस्तक देश-विदेशको साथी बन्छ । पुस्तकले समाजमा शान्ति सुव्यवस्था कायम गरिरहेको हुन्छ । पुस्तक विविध ज्ञान राशिको पुञ्ज हो । यसमा समाज, संस्कृति, कृषि, विज्ञान, उद्योग, यातायातका सन्दर्भहरू जीवनप्रिय भई व्यवहारमा प्रस्तुत भएको पाइन्छ । पुस्तक मानवीय उर्जा सम्प्रेषण गर्ने शक्ति हो । यसर्थ सचेत मनका मान्छे पुस्तक, पुस्तकालय र यसको जतनमा रमाउँछन् ।

पुस्तकालय पुस्तकहरू सङ्कलन गर्ने घर हो । धेरै थरी पुस्तक जम्मा गरी शिक्षक, विद्यार्थी, अनुसन्धानकर्ता, प्रशिक्षक, राजनीतिज्ञ, चिकित्सक, किसान जस्ता विविध पेसा व्यवसायका व्यक्तिहरूले ज्ञान पिपासा मेट्न पाऊन् भन्ने रचनात्मक सोच राखेर विवेकीचरित्र निर्माण गर्ने ध्येय पुस्तकालयको रहन्छ । भाषा, साहित्य, इतिहास, राजनीतिशास्त्र, धर्म, संस्कृति, वैज्ञानिक आविष्कारको प्रचार प्रसारमा पुस्तकालयको योगदान रहन्छ । काम गरेर खाने धेरै थरी श्रमजीवीले रमाउने ठाउँ पनि पुस्तकालय नै हो । पुस्तक पत्रपत्रिका, क्यासेट, सिडीहरूको सङ्कलन गरिदिने काम पुस्तकालयले गरिरहेको पाइन्छ । नेपाल लाइब्रेरी फाउन्डेसन यिनै असल कर्ममा आफूलाई समर्पित गर्दै आएको गैर नाफामूलक सामाजिक संस्था हो । यसले उदयपुर, दोलखा, सुनसरी, बागलुङ, काठमाडौँ, रामेछाप, पर्वत, म्याग्दी लगायतका उनान्चालिस जिल्लाहरूमा आफ्नो पहुँच पुऱ्याइ सकेको छ ।

नेपाल लाइब्रेरी फाउन्डेसनले उच्चविचार र परोपकारी भावना भएका मनकारीहरूको आर्थिक र भौतिक सहयोगीको भूमिकामा रहेर सहजीकरण गरिरहेको छ । यो ठाउँ-ठाउँमा पुस्तकालय खोल्ने अभियानमा मन, वचन, कर्मले समर्पित रहेको छ । यसले पुस्तकालय स्थापना, संचालन गरी, गराई नवीन पाठ्यसामग्रीहरूमा सर्वसाधारणको पहुँच पुऱ्याउने उद्देश्य लिएको छ । पुस्तकालय स्थापना गर्नुभन्दा यसको निरन्तर व्यवस्थापन गरी सञ्चालनमा ल्याई पाठकहरूमा अविच्छिन्न सेवा प्रवाहमा निरन्तरता टुट्न नदिनु चुनौतीपूर्ण कार्य भएको अनुभव यस

संस्थामा आबद्ध सदस्यहरू बताउँछन् । यसले पुस्तकालय व्यवस्थित सञ्चालनका लागि सम्बन्धित शैक्षिक संस्थाका एक जना शिक्षक कर्मचारीलाई आवश्यक तालिम समेत उपलब्ध गराउँदै आएको छ । यो बढी प्रचार-प्रसारमा भन्दा काममा विश्वास गर्ने र परिणाम खोज्ने संस्था भएकाले यथासम्भव धेरै पुस्तकालय स्थापनाका लागि पहल गर्दै आएको क्रियाशील संस्थाहो भनेर चिन्न सकिन्छ । यसले नेपाली समाजमा पठन संस्कृति निर्माण हेतु व्यावहारिक काम गरिरहेको छ । पुस्तक मानिसको असलमित्रहो । यसले एकान्तमा साथ दिन्छ, छटपटी कम गर्छ, शान्त रहन सघाउँछ, आवश्यक मार्ग दर्शन गराउँछ, नीति नियम अनुशासन, काइदा कानुनको सम्मान गर्न सिकाउँछ । पुस्तक अमूल्य उपहार पनि हो, मनलाई हौस्याइरहने पुरस्कार पनि हो । पुस्तकमा मनमस्तिष्क अडिन्छ, विवेक रमाउँछ, ओठ मुस्कुराउन सक्छन्, जीवन खेल्ने मैदान फराकिन पाउँछ । सामाजिक, सांस्कृतिक सम्बन्धहरूमा नम्रता भरिन्छ, अवरूद्ध पाइलाहरू गति प्राप्त गर्छन् । यस्तो अनन्त सम्भावना बोकेका पुस्तकको सङ्ग्रहमा पुस्तकालयको देन उच्च रहेको हुन्छ । नेपाल लाइब्रेरी फाउन्डेसन पनि यिनै र यस्तै उज्याला सम्भावनाहरूको जतन गरी बालकलाई मनोरञ्जनात्मक शैलीले चेतना, युवालाई उत्साह र विवेक बढाउँदै प्रौढलाई नव पुस्ताप्रति जिम्मेवारीबोध तथा समग्रमा कर्तव्य पालना गराउन चाहन्छ । यसको प्रयास बहुमूल्य पुस्तकहरूबाट ठुलो सङ्ख्यामा पाठकहरू लामान्वित होऊन् भन्ने नै छ । यसले वर्षभरिमा गर्ने कामको पूर्व तयारी गरी स्थलगत काममा आफूलाई सक्रिय बनाउँछ । यसले आफ्नो उद्देश्य अनुरूप प्राप्त उपलब्धिको समीक्षा र मूल्याङ्कन गरी भावी दिनका लागि उपयोगी योजना तर्जुमा गर्ने गर्दछ् ।

नेपाल लाइब्रेरी फाउन्डेसनमा सक्रिय रहेका सदस्यहरूको वैयक्तिक उपस्थिति महत्त्वपूर्ण रहेको छ । यी फरक पेसाका विभिन्न क्षेत्रबाट सँगालेको अनुभवले पनि यसको व्यवस्थित सञ्चालनमा योगदान गरिरहेको देखिन्छ । यसबाट सामाजिक, शैक्षिक, राजनीतिक, कानुनी क्षेत्रका विज्ञहरूको समूहले यस संस्थालाई बलियो बनाएर नेपालभरि पुस्तकालयको स्थापना र पठन संस्कृति निर्माणमा जनतालाई जोड्ने गरी कसिलो सम्बन्ध बढिरहेको छ । यसले नेपालीहरूलाई पुस्तकप्रेमी बनाएर नेपाली पहिचान विश्वभरि पुऱ्याउने उद्देश्य लिएको छ । नेपाल लाइब्रेरी फाउन्डेसनले ओगटेको कर्मक्षेत्र बहुजन हिताय बहुजन सुखायको समतामुखी अभियान हो ।

पछिल्लो समय नेपाल लाइब्रेरी फाउन्डेसनले गृह पुस्तकालय स्थापना र सञ्चालनको अभियान चलाएको छ । यसले घर-घरमा पुस्तकालय स्थापना हुनु भनेको समाजमा पुस्तक चर्चाले स्थान लिनु हो । पुस्तकको चर्चाले स्थान लिनु भनेको ज्ञानगुनको विस्तार हुनु, पुस्तकप्रति स्नेह जाग्नु, पुस्तक संरक्षणमा जिम्मेवार बन्नु जस्ता असल गुणहरूको प्रचार-प्रसार पनिहो । यस कार्यले नवपुस्तामा पुस्तकप्रति आकर्षण थप्छ । पुस्तकीय महत्त्वले उचाइ प्राप्त गर्छ । बाल उमेरमै पुस्तकालयको उपयोग गर्ने बानी बस्छ । नेपाल लाइब्रेरी फाउन्डेसन नेपालका उनान्चालिस जिल्लामा पहुँच पुगेको क्रियाशील संस्था हो । यसले विभिन्न शैक्षिक संस्थाहरूसँग जोडिएर पनि पुस्तकालय विकासमा योगदान गर्दै आएको छ । पुराना पुस्तकालयलाई व्यवस्थित बनाउन र नयाँ पुस्तकालय स्थापना गरी अघि बढ्न सघाउने संस्थाका रूपमा अगुवाइ गर्दै आएको यस संस्थाले पठन संस्कृतिको निरन्तरताका लागि पनि पहल गरिरहेको छ । 'अस्तु'

*(स्तम्भकार वरिष्ठ बाल साहित्यकार हुनुहुन्छ ।)*


*२०७९ सालको वडादशैं, शुभ दिपावली, छठ पर्व तथा नेपाल सवंत ११४३ को उपलक्ष्यमा सम्पूर्ण ग्राहकवर्गमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।*

**नेपाल टेलिकम परिवार**

**नेपाल लाइब्रेरी फाउण्डेशनद्वारा कारागारमा पुस्तकालयको स्थापना र सञ्चालनमा संस्थागत शुरूवात**

# कारागारमा पुस्तकालय स्थापना र अवलोकन

काठमाण्डौ । कर्णाली प्रदेशका तत्कालिन डि. आइ. जी. महेशबिक्रम शाहले (छापामारको छोरोमा मदन पुरस्कारद्वारा पुरस्कृत) कर्णाली प्रदेशका १० वटै जिल्ला कारागारमा किताव अभियान शुरु गरि २०७५ चैत्र २३ गते सुर्खेत कारागारबाट उद्‌घाटन गरिएको कार्यक्रममा केहि किताब सहयोगकासाथ नेपाल लाइब्रेरी फाउण्डेशनले सहभागिता जनाएको थियो । उक्त कार्यक्रमबाट प्रभावित भइ कर्णाली बाहेकका ६७ जिल्ला कारागारमा पुस्तकालय स्थापना अभियान सञ्चालन गर्ने नेपाल लाइब्रेरी फाउण्डेशनले निर्णय गरी यो अभियान उदयपुरबाट आरम्भ गरेको छ ।




## उदयपुर कारागार पुस्तकालय स्थापना पछि हस्तान्तरण

नेपाल लाइब्रेरी फाउण्डेशनले उदयपुर निवासी हाल बेलायत बस्दै आउने अर्जुन कटुवाललाई उदयपुर कारागारमा पुस्तकालय स्थापनार्थ आर्थिक संयोजक तोकेपछि निजको अनुरोधमा उक्त अभियानमा निरज कटुवाल (जापान), इन्दिरा न्यौपाने (बेलायत), अर्जुन कार्की (अमेरिका), रबिन गिरी (युएइ), अस्मादेवि खड्का (इजरायल), योगागुरु मोहन कार्की (भारत), कृष्ण कटुवाल (अष्ट्रेलिया), पि.एल.बि. (क्यानडा) र गणेश ओभा (बेलायत) गाँस काटेर सहयोग गर्न तयार भए । र, उदयपुर कारागारमा पुस्तकालय राख्ने स्थल, फर्निचर लेआउट, किताबको लिष्ट पूर्वतयारीका काम अगाडि बढाइ सामग्री खरिद ब्यवस्थपन कार्य सम्पन्न गरी उद्‌घाटन र हस्तान्तरणको बारेमा जेलर डिगमराज कार्की र प्रमुख जिल्ला अधिकारी बीरेन्द्र कुमार यादवसँग सरसल्लाह गरी २०७९ असार ९ गते पुस्तकालय उद्‌घाटन तथा हस्तान्तरण समारोहको आयोजना गरियो ।

नेपाल लाइब्रेरी फाउण्डेशनको आयोजनामा आयोजित उक्त कार्यक्रममा प्रमुख जिल्ला अधिकारी बिरेन्द्र कुमार यादवले ब्यानर पढेर उद्घाटन गर्नुभएको थियो र,प्रमुख जिल्ला अधिकारी बिरेन्द्र कुमार यादव र नेपाल लाइब्रेरी फाउण्डेसनका अध्यक्ष चक्रबहादुर थापाद्वारा संयुक्तरूपमा कारागार कार्यालय उदयपुरका कार्यालय प्रमुख डिगमराज कार्कीलाई फर्निसिङ, भुइमा कार्पेटिङ, ४७५ थान पुस्तक, १ थान अध्ययन टेबुल, ४ थान कुर्सी लगायतका सामाग्री सहितको ब्यबस्थित पुस्तकालय हस्तान्तण गरिएको थियो । उक्त कार्यक्रममा जिल्ला स्थित ४ वटै सुरक्षा निकाय प्रमुखहरु, नेपाल पत्रकार महासंघका अध्यक्ष भरत खड्का, संगम सामुदायिक पुस्तकालयका अध्यक्ष भरत खड्का र समग्र कैदिबन्दिहरु सहित कारागार पाठक क्लवका अध्यक्षको सहभागिता रहेको थियो ।

## किताब पुनः हस्तान्तरण र उपयोगमा उत्साह

पुस्तकालय स्थापना भएपछि कैदिबन्दिहरु किताबसंग रमाउन थालेको कुरा कारागार प्रमुख डिगमराज कार्कीद्वारा फोनमार्फत जानकारीमा आएको छ । कार्कीका अनुसार २०७९ असार १० गते देखि यहि भदौ ३१ गतेसम्म ८९० पटक पुस्तक लेनदेन भएको र सबै भन्दा बढि ४६ खाले महत्वपूर्ण पुस्तकहरु कैदिबन्दिहरुद्वारा पढिएको पाइएको छ । साथै यहि कार्यक्रम अन्तरगत बाँकी रहेको रकम नेपाल लाइब्रेरी फाउण्डेशनका आर्थिक संयोजक अर्जुन कटुवालबाट प्राप्त भइ निजका भाइ तथा यस कार्यक्रमका उदयपुर संयोजनकर्ता मदनराज कटुवालद्वारा स्थानीय स्तरमै महत्वपूर्ण किताबहरु

खरिद गरी हालै त्रियुगा नगर प्रमुख बसन्त कुमार बस्नेतद्वारा कारागार प्रमुख दिगमराज कार्कीलाई हस्तान्तरण गरिएको छ ।

## बागलुङ कारागारमा पुस्तकालय स्थापनाको इतिहास

बागलुङ निवासी राजु के. सी. नेपाल लाइब्रेरी फाउण्डेशनका मिडलिस्ट संयोजक हुन् । बागलुङ कारागारमा पुस्तकालय स्थापना गर्न अन्तर्राष्ट्रिय बागलुङ समाजसंग सहकार्य गराउने काम निजबाटै भएको हो । २०७९ आषाढ ११ मा सो संस्थाका उपाध्यक्ष रमेश भट्ट र फाउण्डेशन बीच समझदारी पत्रमा हस्ताक्षर भएको थियो । लगत्तै आषाढ १४ गते अध्यक्ष चक्र बहादुर थापा, सचिव सुनिल पाण्डे, महासचिव धन कुमार श्रेष्ठ, अन्तर्राष्ट्रिय बागलुङ समाजका उपाध्यक्ष रमेश भट्ट बागलुङ पुगि प्रमुख जिल्ला अधिकारी रमेश ढकालसंग बैठक गरि कारागारमा पुस्तकालय स्थापना गर्न अनुमति मागिएको थियो, सोहि दिन कारागार प्रवेश भइ कारागार प्रमुख दिल बहादुर के. सि. को सहयोग लिइ पुस्तकालय ब्यवस्थापन गर्न उपयुक्त ठाउँ, किताबको लिस्ट तयारी आदि संभाव्यता अध्ययन गरिएको थियो । प्रमुख जिल्ला अधिकारी रमेश ढकालसंग सल्लाह गरि २०७९ श्रावण १३ गते पुस्तकालय उद्घाटन गर्ने तिथि तय भए बमोजिम श्रावण १२ गते कारागारभित्र पुस्तकालय ब्यबस्थापन कार्य सम्पन्न गरिएको थियो ।

## बागलुङ कारागार पुस्तकालयको उद्घाटनमा प्रदेश मन्त्रीको उपस्थिति




बागलुङ कारागारमा स्थापित पुस्तकालयको गण्डकी प्रदेशका माननीय पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मणिभद्र शर्मा कंडेलद्वारा उद्घाटन गरिप्रमुख अतिथी, बिशिष्ठ अतिथिहरुद्वारा संयुक्तरूपमा कारागार प्रशासनलाई हस्तान्तरण गरिएको थियो ।

अन्तर्राष्ट्रिय बागलुङ समाज र नेपाल लाइब्रेरी फाउण्डेशनद्वारा संयुक्तरूपमा आयोजना गरिएको उक्त कार्यक्रममा विशिष्ट अतिथिको रूपमा काँठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापा, जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्मा, बागलुङका प्रमुख जिल्ला अधिकारी रमेश ढकाल, बागलुङका तीनवटा सुरक्षा निकायका प्रमुखहरूका साथै बागलुङ उधोग बाणिज्य संघका बरिष्ठ उपाध्यक्ष राजन शाक्य, बौद्धिक व्यक्तित्व डिल्लिराम सुबेदी, बिभिन्न वडाका वडाअध्यक्षहरू, नेपाल पत्रकार महासंघका कार्यबाहक अध्यक्ष नबीन शिशिर तथा अन्य पत्रकारहरूको सक्रिय सहभागिता रहेको थियो । हस्तान्तरित पुस्तकालयमा फर्निसिङ सहित कुल ३ लाख ८५ हजारको लागतमा बिभिन्न जीवनोपयोगी, ज्ञानबर्धक, उत्प्रेरणात्मक ७०० थान पुस्तकहरु संग्रहित गरिएको छ ।

स्मरणरहोस् उक्त कार्यक्रमको अध्यक्षता अन्तर्राष्ट्रिय बागलुङ समाजका अध्यक्ष एकराज गिरीले, स्वागत मन्तब्य अन्तर्राष्ट्रिय बागलुङ समाजकै उपाध्यक्ष तथा यस कार्यक्रमका संयोजनकर्ता रमेश भट्टले र कार्यक्रम सञ्चालन नेपाल लाइब्रेरी फाउण्डेशनका महासचिव धनकुमार श्रेष्ठले गरेका थिए ।

## पठनमा कैदिबन्दिहरूको उत्साहः

फाउण्डेशनका महासचिवद्वारा बागलुङ कारागार प्रमुख दिल बहादुर के. सि. लाई बन्दिहरूले किताव के कति प्रयोग गरिरहेका छन् भनि सोधिएको जवाफमा "पुस्तकालय स्थापनापछि कैदिबन्दिहरूमा किताव मोह बढेको, यी कितावहरु पढेका कारण ५ जना कैदिबन्दिहरु ११ कक्षामा भर्ना हुने भएका र यस अवधिमा ८० जना कैदिबन्दिहरूले किताव अध्ययन गरिरहेको जानकारी हुन आएको छ ।

## दोलखा कारागारमा पुस्तकालय उद्घाटन पछि पठन अभ्यासको थालनी

१५औं पुस्तकालय दिवस १५ भाद्र २०७९ को अवसरमा भाद्र १३ गते आयोजित दोलखा कारागार पुस्तकालय उद्घाटन र हस्तान्तरण समारोहलाई नेपाल लाइब्रेरी फाउण्डेशनका अध्यक्ष चक्र बहादुर थापा, भिमेश्वर नगरपालिका उपप्रमुख कमला बस्नेत, प्रमुख जिल्ला अधिकारी भोजराज खतिवडा र अन्य अतिथिहरुद्वारा संयुक्तरूपमा

उद्घाटन गरि दोलखा कारागार कार्यालय प्रमुख पदम बहादुर के. सि. लाई हस्तान्तण गरिएको थियो ।

नेपाल लाइब्रेरी फाउण्डेशनले नेपालका सबै कारागारहरुमा पुस्तकालय स्थापनार्थ नेपाल लाइब्रेरी फाउण्डेशन मातहत अन्तर्राष्ट्रिय समन्वय समितिका आयरल्याण्ड संयोजक चेतराज ओलीलाई दोलखा कारागारमा आर्थिक संयोजन गर्ने प्रमुख जिम्मेवारी दिएको थियो । दोलखा समाज अस्ट्रेलिया र सो संस्थाका अध्यक्ष बिष्णुबरसिंह थापा पनि यस अभियानमा जोडिएका थिए । यस अभियानलाई सफल बनाउन आर्थिक सहयोग प्रदान गर्ने मनकारी मन संस्था र मनहरुमा दोलखा समाज अस्ट्रेलिया, चेतराज ओली, बिनोद कार्की, नबराज कोइराला, लक्ष्मण चिमरिया, दोलखा समाज अस्ट्रेलिया, भावना मैनाली, सिर्जना गोले तामाङ, करुणा थापा, दोर्जे शेर्पा, निशान्त शर्मा, बिष्णु खुलाल, कृष्ण प्रसाद शिवाकोटी र सगुन श्रेष्ठ छन् । उनीहरु सबै दोलखा घरभै हाल आयरल्याण्ड, स्विटजरल्याण्ड, बेलायत र अस्ट्रेलियाबासी हुन् । दोलखा समाज अस्ट्रेलियाको तर्फबाट अध्यक्ष बिष्णुबरसिह थापा, यस अभियानलाई सफल बनाउन नेपाल लाइब्रेरी फाउण्डेशनका न्युजिल्याण्ड संयोजक रामराज ओलीको समन्वयकारी भूमिका सह्राहनीय छ ।

उत्घाटनपछि हस्तान्तण गरिएको कारागार पुस्तकालयमा बन्दिहरुको जीवन परिवर्तित गराउने खालका बिभिन्न जीवनोपयोगी, ज्ञानबर्धक, उत्प्रेरणात्मक कथा, कविता, उपन्यास, जीवनी, सामान्यज्ञान, इतिहास, कला, प्रविधि, धर्म, दर्शन, सिपमा आधारित पुस्तकहरु ब्यवस्थित रुपमा संग्रहित गरिएको छ । ३ लाख ४३ हजार २ सय ६५ को लागतमा स्थापित उक्त पुस्तकालयको संरक्षण, सञ्चालन, उपयोगलाई प्रभावकारी बनाउने उद्देश्यले बन्दिहरूलाई छुट्टाछुट्टै राखिएको ब्लक ए र बि अन्तरगत स्थापना गरिएको पुस्तकालयमा सात, सात जनाको पाठक क्लब गठन गरि उनीहरूलाई फाउण्डेशनका महासचिव धन कुमार श्रेष्ठद्वारा पुस्तकालय ब्यवस्थापन र सञ्चालन आधारभूत सीपमूलक उत्प्रेरणात्मक प्रशिक्षण दिइएको थियो । स्मरणरहोस् नेपाल लाइब्रेरी फाउण्डेशनका अध्यक्ष चक्र बहादुर थापाले अध्यक्षता गरेको कारागार पुस्तकालय उद्घाटन तथा हस्तान्तरण समारोहमा फाउण्डेशनका सचिव सुनिल पाण्डेले स्वागत मन्तब्य राखेका थिए भने फाउण्डेशनका महासचिव धन कुमार श्रेष्ठले कार्यक्रम सञ्चालन गरेका थिए । उक्त समारोहमा जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु, नेपाल पत्रकार महासंघका तर्फबाट प्रतिनिधि गोकर्ण भण्डारी, सहयोगी मनका प्रतिनिधिहरुका तर्फबाट राम प्रसाद चिमरियाको सक्रिय सहभागिता रहेको थियो ।

## कारागार पुस्तकालय दोलखाको अवलोकनः

नेपाल लाइब्रेरी फाउण्डेशनद्वारा दोलखाली सहयोगी मनहरुको सहयोगमा स्थापित भएको कारागार पुस्तकालयको अवलोकनको क्रममा मिति २०७९ भाद्र २७ गते फाउण्डेशनका महासचिव धन कुमार श्रेष्ठ दोलखा कारागार पुगि ब्लक A र B मा स्थापित पुस्तकालयको प्रयोगका बारेमा कारागार प्रमुख रामकृष्ण घिमिरेको रोहबरमा कैदिबन्दिहरूसंग छोटो अन्तरक्रिया गरिएको छ । ब्लक A मा ५८ जना कैदिबन्दिहरु छन् जसमध्ये २०७९ भाद्र १३ मा ब्यबस्थित तबरको पुस्तकालय स्थापना भएपछि १४ दिनको अवधिमा २१ जनाले कितावहरु पुस्तकालयबाट लेनदेन गरि पढिएको देखिएको छ । उनीहरूले पल्पसा क्याफे, नरेन्द्र मोदिको जीवनी, नेपालको इतिहास, श्रीमद्भागवत गीता, भक्तमक घिमिरेको जीवन काँडाकी फूल, कृषि, स्वास्थ्य र दर्शन सम्बन्धि पुस्तकहरु पढेका छन् । एकजना बराबर ३ थानसम्म किताव लेनदेन भएको लेनदेन रजिष्टरले देखाएको छ । यसैगरि ब्लक B मा ८६ जना बन्दिहरु मध्ये ३४ जना नियमित पठन अभ्यासमा सक्रिय भएको पाइयो । उनीहरूलाई ५,५ वटा आफूले पढिसकेका कितावको नाम सोधिएकोमा ११ जनाले सहि जवाफ दिएका छन् । एउटै ब्यक्तिले ४ वटा सम्म पढेको पाइयो । अलग अलग सोधिएको प्रश्नको जवाफमा उनिहरूले साहित्य, राजनीति, धर्म, कानून, स्वास्थ्य, कृषि, महाभारतका पात्रहरु, जंग बहादुरको बिलायत यात्रा, कार्ल मार्क्स्, भीमशेन थापाको जीवनी, जन्म, कर्म र शिक्षा, बसन्ती प्रेम, सामान्य ज्ञान, अंग्रेजी बोलचाल, योगा, आमा आदि कितावहरु पढिएको जानकारी आयो जसलाई किताव लेनदेन रजिष्टरसंग भिडाउँदा मेल खाएको पाइयो । मनिटरिङ ३ प्रकारले गरिएको थियो पहिलोः प्रश्नोत्तर बिधि, दोस्रोः लेनदेन रजिस्टर अवलोकन, तेस्रोः दराजमा कितावहरूको अवस्था अवलोकन । अन्त्यमा फाउण्डेशनका महासचिवद्वारा कैदिबन्दि पाठकहरूलाई आ–आफूले पढिएका कितावहरु समुहमा समीक्षा गर्ने, सबै कैदिबन्दिहरूलाई पठनमा सुरुचि जगाउन उत्प्रेरणात्मक भूमिका खेल्न पाठक तथा पाठक क्लबका सदस्यहरूलाई अनुरोध गरिएको छ ।

समग्रमा भन्नुपर्दा १४ दिनको बिचमा पठनमा रुचि जागेको, किताव पढ्ने अभ्यासको थालनी भएको पाइयो र, पुस्तकालयमा राम्रा, नयाँ, जीवनोपयोगी कितावहरु भित्रिएकोमा कैदिबन्दिहरु खुशी भएको आभास मिलेको छ ।

# नेपाल राष्ट्रिय पुस्तकालय: सार्वजनिक स्थानको रूपमा



**जुजुभाई डंगोल**
काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय
भृकुटीमण्डप, काठमाडौं
इमेल : jujudangol@gmail.com

## १) भूमिका:

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (पुस्तकालय समन्वय तथा अभिलेख शाखा)का उपसचिव यादवप्रसाद निरौलाज्यूको २०७९ भाद्र १७ को इमेलबाट अनुरोध पत्र पाएं : नेपाल राष्ट्रिय पुस्तकालयले हालसालै सानोठिमीमा स्थापना भएको अस्थायी भवनबाट सेवा प्रदान गरिरहेको व्यहोरा अनुरोध गर्दै आगामी दिनमा पुस्तकालयले चाल्नु पर्ने कदम तथा पुस्तकालयको व्यवस्थापन लगायतका विविध विषयहरुमा यहाँहरुको अमुल्य सुझावको अपेक्षा सहित निम्न मिति, स्थान र समयमा यहाँहरुको गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु ।

निम्तोलाई स्वीकार गरी २०७९ भाद्र १९ गते आइतवार सानोठिमी पुगे र नेपाल राष्ट्रिय पुस्तकालयको कार्यक्रममा सहभागी भए । उक्त अन्तर्क्रिया कार्यक्रममा नेपाल राष्ट्रिय पुस्तकालयका पूर्व प्रमुखहरु मधुसुदन सुवेदी र दशराथ थापा, केशर पुस्तकालयका पुर्व प्रमुख जानकी कर्माचार्य, नेपाल राष्ट्रिय पुस्तकालय, शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र लगायतका विभागिय पुस्तकालयहरुका प्रमुखहरुको सहभागिता थियो । सामुदायिक बाल विकास पुस्तकालयका अध्यक्ष इन्दिरा दली, नेपाल पुस्तकालय संघका पूर्व अध्यक्ष एवं सहप्राध्यापक रूद्रप्रसाद दुलाल, प्राथमिक स्वास्थ्य सेवा श्रोत केन्द्रकी चन्द्राकिरण श्रेष्ठ र नेपाल लाइब्रेरी फाउण्डेशनका धनकुमार श्रेष्ठको पनि सहभागिता रहेको थियो ।

## २) अन्तर्क्रियामा आएका सुझावहरू

नेपाल राष्ट्रिय पुस्तकालयका दशरथ मिश्रले सहभागीहरुलाई स्वागत गर्नु हुदै अस्थायी भवनमा व्यवस्था गरिएका पुस्तकालयका विभिन्न शाखाहरुमा भै रहेका कामहरु बारे जानकारी दिनु भएको थियो । श्री मिश्रले पुस्तकालयमा आन्तरिक व्यवस्थापन गर्ने क्रममा पुस्तकहरु सम्वन्धित शाखा र र्‍याकमा राख्ने काम भैरहेको र डाटावेस तयार गर्ने काममा जोड दिइ आएको वताउनु भयो । साथै, श्री मिश्रले कानूनी अड्चन (मुद्दा) को कारण, जमल, काठमाडौंमा पुस्तकालय भवनको निर्माण कार्यमा ढिला भैरहेको जानकारी पनि दिनु भएको थियो ।

अधिकांश सहभागीहरुले पुस्तकहरूलाई बोराबाट उद्धार गरी र्‍याकमा राख्न सफल भएकोमा नै खुसि व्यक्त गरे । पुस्तकालय विज्ञान अनुसार पुस्तकहरूको वर्गीकरण नम्बर अनुसार र्‍याकमा राख्न समय लाग्ने भएकोले सो कामको लागि पुस्तकालय तालिममा सहभागी भएका प्रशिक्षार्थीहरूलाई काममा लगाउन समेत सुझाव दिएको थियो ।

डिजिटल डाटावेस तयारी गर्नमा निपूण पुस्तकालयकर्मीहरु प्रेम अधिकारी, अरूण कुमार राई लगायतका व्यक्तिहरूको सुझाव थियो ( नेपाल राष्ट्रिय पुस्तकालयले आफ्नो डाटावेस बलियो बनाउनु पर्छ र पुस्तकहरूको फूलटेक्स (पुरापेज) अनलाइनबाट पढ्न, डाउनलोड गर्न मिल्नेगरी पाठकहरुको पहूंचमा पुऱ्याउनु पर्छ । पुस्तकालयका पुस्तकहरुमा अनलाइन माध्यमबाट नै पाठकहरुको पहूंच भएमा पुस्तकालयको भौगोलिक अवस्था (स्थान, भवन, आदि) गौण बिषय हो । नेपाल राष्ट्रिय पुस्तकालयको नयाँ भवन जमल, काठमाडौंमा नै हुनुपर्छ भन्ने छैन । नेपाल राष्ट्रिय पुस्तकालयका पूर्व प्रमुख दशरथ थापाको विचार पनि पुस्तकालयको महत्व स्थानले भन्दा सेवाबाट हुनु पर्छ भन्ने थियो ।

## ३) राष्ट्रिय पुस्तकालय : सार्वजनिक पुस्तकालय

वि.स. २०२२ सालमा नेपाल राष्ट्रिय पुस्तकालयबाट प्रकाशित ***ईशतत्वम्*** (ईशावास्योपनिषद टीका) पुस्तकको प्रस्तावनामा नेपाल राष्ट्रिय पुस्तकालयका अध्यक्ष नारायण प्रसाद शर्मा लेख्नुहुन्छ : राष्ट्रिय पुस्तकालयले जन पुस्तकालयको रूपमा सर्वसाधारण जनताको सेवाको साथसाथै पुस्तकालयका अप्रकाशित महत्वपूर्ण ग्रन्थहरूको सम्भाव्य साधनहरूको आधारमा चयन गर्दै प्रकाशन गरिरहेको कुरा पूर्व प्रकाशित कृतिहरुमा उल्लेख गरिसकेको छ ।

माथि उल्लेखित कुराबाट पुष्टि हुन्छ कि नेपाल राष्ट्रिय पुस्तकालयले स्थापनाकालदेखि जनपुस्तकालय अर्थात सार्वजनिक पुस्तकालयको भूमिका पनि निर्वाह गर्दै आएको छ ।

## ४) सार्वजनिक स्थानको रुपमा राष्ट्रिय पुस्तकालयको महत्व

नेपाल राष्ट्रिय पुस्तकालयले सार्वजनिक पुस्तकालयको भूमिका निर्वाह गर्नको लागि के पुस्तकहरूको आन्तरिक व्यवस्थापनले मात्र संभव हुन्छ ? के राष्ट्रिय पुस्तकालयको दायित्व पुस्तकहरु पाठकको पहूंचमा पुऱ्याउनु मात्र हो ? यस्ता थुप्रै प्रश्नहरु बारे नेपाल राष्ट्रिय पुस्तकालयका

जिम्मेवार व्यक्तिहरूले सोच्नुपर्दछ ।

सर्वप्रथम, राष्ट्रिय पुस्तकालय एउटा सार्वजनिक पुस्तकालय हो भनेर आत्मसात गर्नु पर्‍यो । सार्वजनिक पुस्तकालय पनि हो भनेर बुझ्ना साथ सार्वजनिक सेवाका विविध पक्षहरु अगाडि आउँछन् । यी विविध पक्षहरु मध्ये एउटा सबल अथवा महत्वपूर्ण पक्ष हो : पुस्तकालयलाई सार्वजनिक स्थानको रूपमा प्रयोग गर्नु र गराउनु अर्थात नागरिकहरूको भेटघाटको थलो पनि हो भनेर बुझ्नुपर्दछ ।

शैक्षिक संस्थाहरु, पुस्तकालयहरु, स्वास्थ सेवाप्रदायक संस्थाहरु, वित्तिय संस्थाहरु, सार्वजनिक यातायात, बजार क्षेत्र, आदि सार्वजनिक स्थानको रूपमा लिने गरिएका छन् । जनताको आम अवधारणा अनुसार पहिलो स्थान "घर र परिवार" हो, दोस्रो स्थान "कार्य स्थल" हो र तेस्रो स्थान "सार्वजनिक स्थान अर्थात पुस्तकालय" हो । ती स्थानहरूमा सार्वजनिक वा जनताको पहूंच भएको हुनुपर्छ । यस विषयमा धेरै विद्वानहरूले लेखहरु लेखेका छन् ।

डिल्लिरमण कल्याणी रेग्मी स्मारक पुस्तकालयबाट प्रकाशित ***ज्ञान र सूचना समाज, २०१८ स्मारिका*** मा प्रकाशित नेपाली भाषामा अनुवादित गरेको ***समुदायमा केन्द्रितः २३ कारणहरु किन तपाईहरुको पुस्तकालय शहरको सबभन्दा महत्वपूर्ण स्थान हो*** लेख यहाँ उल्लेख गर्न मनासिव देखें । उक्त लेखमा उल्लेखित २३ कारणहरु मध्ये बुँदा ५ यहाँ बढी सान्दर्भिक देखिन्छ :

"पुस्तकालयहरु ती ठाउँहरु हुन् जहाँ मानिसहरु आफ्नो र समुदाय बारे थाहा पाउन आउँछन् ।" मानिसहरु पुस्तकालयमा मुख्यतया सूचनाका लागि जाने गरेता पनि तिनीहरूले त्यहाँ एक अर्कालाई फेला पार्छन् । भरखरका आमाहरु बच्चाहरूको कथावाचनका समयमा भेट गर्छन्, जीवनको कठिन अवस्थामा रहेका युवाहरु कार्यक्रमहरूमा भाग लिन्छन् र त्यहाँ नयाँ नयाँ साथीहरु फेला पार्छन् । किशोर किशोरीहरु स्कूल पछि पुस्तकालयमा भेला हुन्छन् र वयस्कहरु समसामयिक विषयहरु बारे पत्रपत्रिकाहरु अध्ययन गर्ने कक्षमा छलफल गरिरहेका हुन्छन् । पुस्तकालयहरूमा समुदाय निर्माणका लागि आवश्यक सम्बन्ध जोड्ने घटनाहरु भइरहेका हुन्छन् ।"

नर्वेको ओस्लो मेट्रोपोलिटान युनिभर्सिटी अन्तर्गतको आर्काइभ, लाइब्रेरी र सूचना विज्ञानका प्राध्यापक इलिन गोल्टेन (Elin Golten)ले IFLA WLIC 2019 को स्याटेलाइट बैठकमा प्रस्तुत गरेको Public Libraries as Place and Space - New Services, New Visibility लेख यस विषयमा अर्को महत्वपूर्ण लेख हो ।

परिचय, सामाजिक पुस्तकालय- चुनौती र परिवर्तनहरु,, पुस्तकालय ऐनमा परिवर्तन गर्ने मनसाय, सार्वजनिक पुस्तकालयहरु र विचारात्मक प्रक्रियाहरु, सार्वजनिक पुस्तकालयहरु भेटघाटको स्थलहरु र सार्वजनिक पुस्तकालयहरु नयाँ दृष्टिकोण र वैधानिकतातर्फ गरी छ वटा उपशिर्षकहरु भएको ८ पेजको लेखमा उल्लेख भएका केही महत्वपूर्ण बुंदाहरु :

- परम्परागत पुस्तकालयहरु बढी मर्मत सम्भारमा ध्यान केन्द्रित गर्दै आएका छन् । आधुनिक पुस्तकालयहरु दीगोपनको लागि साझा-शिक्षा ज्ञानमा, साझेदारी ज्ञान निर्माणमा र सांस्कृतिक अनुभवहरु जगेर्ना गर्नेमा जोड दिदैछन् ।
- विभिन्न क्षेत्रमा भएको परिवर्तनको परिणामस्वरूप पुस्तकालयहरु बढी स्वतन्त्र रूपमा संचालन हुन र सार्वजनिक वार्तालाप र वहसको स्थान हुनुपर्ने ।
- परिवर्तित वातावरणमा काम गर्न लाइब्रेरियनहरूका लागि नयाँ सीप र ज्ञानको लागि विशेष तालिम र पढाई हुनुपर्ने ।
- सार्वजनिक पुस्तकालय समाजको हिस्सा हुन् जुन सबैको लागि खुल्ला हुनुपर्छ । पुस्तकालयहरूमा संचालन हुने गतिविधिहरूबाट समाजको विकासक्रमलाई संकेत गरिराखेका हुन्छन् ।
- सार्वजनिक पुस्तकालयहरु सार्वजनिक वार्तालाप र बहसको लागि एक राम्रो अखडा हुन् । त्यहाँ सुरक्षित अभिव्यक्तिको स्वतन्त्रता र खुला कुराकानीको सुविधा सुनिश्चित हुनुपर्छ ।
- लोकतान्त्रिक विचार विमर्शको आधारभूत सिद्धान्त भनेको सबै नागरिकको सहभागितामा समान पहूंच हुनु हो । यो सार्वजनिक पुस्तकालयहरूको माध्यमबाट पूरा गर्न सकिन्छ ।
- पुस्तकालयहरूको स्वायत्तताको कारण सार्वजनिक पुस्तकालयहरु स्वतन्त्र वैठक-स्थान हुन् ।
- सामाजिक सम्वन्ध प्राप्तिको लागि र जीवनका विभिन्न चरणहरूमा मानिसहरूलाई सहयोग गर्नका लागि पुस्तकालय अन्तिम गन्तव्य हो ।
- डिजिटाइजेसन र गुगलले पक्कै पनि पुस्तकालयहरूको आवश्यकता पूर्ति गर्न सहजता प्रदान गरेको छ तर बैठक-स्थलको रूपमा पुस्तकालयको महत्वपूर्ण भूमिकालाई न्यूनिकरण गर्न सकिदैन ।

अन्त्यमा, भगवान श्री सत्य साई बाबाले विद्यार्थीहरूलाई दिनुभएको दिव्य प्रवचनहरूको एउटा सानो अंश यहा राख्न चाहन्छु : जस्तो खाना खानु हुन्छ, त्यस्तै तपाईहरूको मन हुन्छ । जब तपाईहरु सात्विक (स्वस्थ, संतुलन, पौष्टिक) भोजन गर्नुहुन्छ, तपाईहरूको विचार पनि सात्विक हुन्छ । तपाईहरुको खाना, विचारहरु र व्यवहार (कर्महरु) एक आपसमा जोडिएका हुन्छन् । तसर्थ, नेपालमा संचालन भैरहेका सार्वजनिक पुस्तकालयहरूले आफ्नो एउटा महत्वपूर्ण काम सार्वजनिक स्थानको रूपमा सेवा दिनु पनि हो भनेर सोचौं, बुझौं र सोही अनुसार सेवाहरु दिन पनि अघि सरौं ।

# विज्ञ समीक्षित माथि पाठकीय समीक्षा



रमेश निरौला

सन् २०२२ मा विश्वविद्यालयको पहिलो नम्वरमा पर्न सफल म्यासाच्युसेट इन्स्टिच्यूट अफ टेक्नोलोजी (एमआइटी) प्रत्येक ३ विद्यार्थी बराबर १ जनशक्तिले सञ्चालित छ । ८ ओटा मापदण्ड बनाएर गरिएको सर्भेमा एमआइटीले समग्रमा १०० नम्वर ल्याएको देखिन्छ । ६ ओटा मापदण्डमा १०० नम्वर ल्याएको यो विश्वविद्यालयले अन्तर्राष्ट्रिय अनुसन्धान सञ्जालमा भने ९६.१ नम्वर ल्याएको देखिन्छ । अनुसन्धानरत करिब ३ हजार जनशक्तिको रातदिनको मेहेनतले कुनै विश्वविद्यालय विश्वको पहिलो स्थानमा देखा परेको छ ।

शैक्षिक प्रतिष्ठा, रोजगारदाता प्रतिष्ठा, जनशक्ति-विद्यार्थी अनुपात, उद्धरण (साइटेशन) प्रति जनशक्ति, अन्तर्राष्ट्रिय जनशक्ति अनुपात र रोजगारी नतिजाका मापदण्ड सबैमा १०० अंकसहित प्रस्तुत भएको यो विश्वविद्यालयले अन्तर्राष्ट्रिय विद्यार्थी अनुपातमा ९० तथा अन्तर्राष्ट्रिय अनुसन्धान सञ्जालमा ९६.१ नम्वर ल्याएको देखिन्छ । साइटेशन र अनुसन्धान विश्वविद्यालयका मुटु हुन् । कुनै पनि राष्ट्रको नीति निर्माणमा विश्वविद्यालय संलग्न भएमा मात्र त्यो दिगो, प्रभावकारी र जनतामैत्री हुने कुरामा शंका छैन । नेपालको सन्दर्भमा विश्वविद्यालयमा अध्यापन बढी र अनुसन्धान कम हुने गरेको तथ्यांक लुकाएर लुक्दैन । निजी कम्पनीको भरमा आउटसोर्सिङ गरी नीति निर्माण र डकुमेन्टेशन गर्ने रोगले नेपाललाई कुनै विकास दिन नसक्ने यथार्थ हाम्रा सामु वर्तमान समयमा छ । अनुसन्धानका लागि विश्वविद्यालय र अनुसन्धान केन्द्रलाई संलग्न गराएमा मात्र देशको दिगो र प्रभावशाली विकास हुनसक्छ ।


पुस्तकालय विज्ञान नेपालका सन्दर्भमा कलिलै विषय हो । सन् १९५९ मा स्थापित त्रिभुवन विश्वविद्यालयले आफ्नै पुस्तकालय व्यवस्थापनका लागि करिब ४ दशक भारतीय विश्वविद्यालयमा भर पर्नुपर्‍यो । नेपालमा नयाँ शिक्षा नीति लागू भएपछि त्रि.वि.ले आफ्ना आङ्गिक क्याम्पसहरूमा मौजुदा पुस्तकालयको व्यवस्थापन र सुदृढीकरण गरी अध्ययन-अध्यापनमा टेवा पुऱ्याउन वि.सं. २०३३ देखि २०३९/०४० सम्म आफ्ना स्नातक तह उत्तीर्ण केही स्थायी कर्मचारीहरूलाई पुस्तकालय विज्ञान अध्ययनार्थ भारतीय विश्वविद्यालयमा पठायो (अधिकारी, २०६८: ४९) । दक्ष जनशक्ति उत्पादनमा भारतीय विश्वविद्यालयको भर परेको त्रि.वि.ले सन् १९९५ मा स्नातक तहको एक वर्षे पुस्तकालय विज्ञान विषय पढाउन सुरू गरेको देखिन्छ । यस अघि विश्वविद्यालय र यस अन्तर्गत क्याम्पस तथा अनुसन्धान केन्द्रका पुस्तकालय भारतमा पढेर आएका नेपाली विद्यार्थीले व्यवस्थापन गर्थे । भारत गएका मध्ये पनि कतिपयले अध्ययन पूरा नगरी फर्किने र कतिपयले विश्वविद्यालयका अन्य शाखा (प्रशासन) तर्फ कार्य गर्नाले पुस्तकालय व्यवस्थापनमा अभाव खड्किरहन्थ्यो । भारतीय विश्वविद्यालयहरूमा पढ्न जाने अधिकांश त्रि.वि.मा कार्यरत कर्मचारी हुन्थे । तत्कालीन समयमा त्यस्ता कर्मचारी पुस्तकालयमै कार्यरत मात्र नभइ कतिपय प्रशासनिक, प्राविधिक आदि क्षेत्रमा पनि कार्यरत देखिन्छन् । पुस्तकालय विज्ञान विषयको अध्यापन जरूरी रहेको कुरालाई मध्यनजर गर्दै सन् १९९५ मा १ वर्षे स्नातक र सन् २००२ मा २ वर्षे स्नातकोत्तर कार्यक्रम सञ्चालन भयो (बैद्य, २०२२: ६९) । १ वर्षे कार्यक्रमबाट पुस्तकालयमा कार्यरत अधिकांश जनशक्ति स्नातक तहको अध्ययन पूरा गर्न सफल भए । यता स्नातकोत्तर तहको अध्यापनले धेरै नयाँ (त्रि.वि.मा कार्यरत बाहेक अन्य) र जागरूक विद्यार्थी पुस्तकालय विज्ञानतर्फ आकर्षित भए ।

वर्तमान समय नेपालको सन्दर्भमा पुस्तकालय हाक्ने र अभियान चलाउने अधिकांश त्रि.वि.कै पुस्तकालय विज्ञान विभागमा पढेका विद्यार्थी हुन् । त्रि.वि.मा पुस्तकालय विज्ञान विभाग खुलेपछि भारतीय सहर जाने विद्यार्थीको संख्या करिब करिब रोकियो । केहीले भारतीय विश्वविद्यालयबाट डिग्री ल्याएको पनि देखिन्छ । तर नेपालमा स्नातकोत्तर सुरू भएपछि विदेशी विश्वविद्यालय जानेहरु व्यक्तिगत सजिलोका लागि पुगेकोमा शंका छैन । भारत टाढा भए पनि त्यहाँ पुग्न छोटो बाटो देखेकाहरु मध्ये केहीले विदेशी विश्वविद्यालयको डिग्री सजाएका छन् । विश्वविद्यालय वातावरणमा धेरै अभ्यास, मेहेनत र लगावले मात्र ज्ञान उत्पादन गर्न सकिन्छ । विश्वविद्यालय भित्र ज्ञान उत्पादनमा सेमिनार,

कार्यपत्र, थेसिस, जर्नल आर्टिकल लेखन र सम्पादन पर्दछन् ।

त्रि.वि.मा पुस्तकालय विज्ञानको उच्च शिक्षा अध्यापन सुरू गर्नुको मुख्य उद्देश्य देशका पुस्तकालय व्यवस्थापन निम्ति जनशक्ति उत्पादन गर्नु थियो । समय क्रममा उक्त जनशक्ति मध्ये केही पुस्तकालय विज्ञान विभागकै फ्याकल्टीका रूपमा कार्यरत छन् । कतिपय अभियन्ताका रूपमा पुस्तकालय पैरवी गरिरहेका देखिन्छन् । अल्मुनाइ र अध्ययनरत विद्यार्थीले जर्नल प्रकाशन गरेका छन् । विभागमै पढेका पूर्व विद्यार्थीको पहलमा पियर रिभ्युड जर्नल प्रकाशन भएको छ ।

हाल पुस्तकालय तथा सूचना विज्ञान विभाग फ्याकल्टीका रूपमा कार्यरत ४ जना जनशक्ति यसै विभागका उत्पादन हुन् । विद्यार्थीले गरेकै पैरवीका बलमा नेपालमा विगत १५ वर्षदेखि पुस्तकालय दिवस मनाइन्छ । पुस्तकालय दिवसको सुरूवात र संस्थागत गर्ने काम विभागकै विद्यार्थीले गरेका हुन् । कोही व्यक्ति स्थायी रूपमा विद्यार्थी नरहने र कामको शिलशिलामा अन्यत्र पुग्ने डरका कारण शिक्षा मन्त्रालयलाई पुस्तकालय दिवस जिम्मा लगाउने चातुर्यता तत्कालीन पुस्तकालय विज्ञानका विद्यार्थीकै थियो । पुस्तकालय तथा सूचना विज्ञान विद्यार्थी संघ (लिसा) को उक्त चातुर्यतालाई भरथेग तत्कालीन केशर पुस्तकालय प्रमुख जानकी कर्माचार्यले गरेकी थिइन् । पुस्तकालय दिवसलाई संस्थागत गर्नुपर्छ र यो स्थायी रूपले संचालन गर्नुपर्छ भन्ने विद्यार्थीलाई नाक खुम्च्याउने व्यक्ति आज पुस्तकालय दिवस मनाउन अगुवा हुनुको पछाडि विद्यार्थीकै मेहेनत हावी भएर हो । विभागमा अध्ययन सकेका विद्यार्थीको संस्था **तुलसा**ले १ दर्जन बढी अंक जर्नल प्रकाशन गर्‍यो । समयक्रममा यो काम रोकिएको छ । अध्ययनरत




विद्यार्थीको संस्था **लिसा**ले ५ अंकसम्म जर्नल प्रकाशन गरेको थियो । व्यक्ति स्थायी संरचना नभएको र समयक्रममा विद्यार्थी संस्थामा नरहने कारण जर्नल प्रकाशनजस्तो संवेदनशील काम विद्यार्थीबाट सधैँ नहुने अनुभव पुस्तकालय विज्ञान विभागले दिएको छ । विषयगत विज्ञ समीक्षित जर्नल प्रकाशनका लागि त्रि.वि.को पुस्तकालय विज्ञान विभागमै स्नातकोत्तर गरेका इन्द्र प्रसाद अधिकारीको प्रयासले सन् २०२२ को मध्यतिर आकार लिएको छ । यसका लागि नेपाल पुस्तकालय संघका अध्यक्ष सह्रहनाको भागिदार छन् । लामो समय विश्वविद्यालयका पुस्तकालयमा विज्ञता प्रस्तुत गरेर अवकास प्राप्त अधिकारीको हुटहुटीले नेपालमा पुस्तकालय विज्ञानको विज्ञ समीक्षित (पियर रिभ्युड) जर्नल प्रकाशन हुन सक्नु सर्वथा खुसीको विषय हो ।

तुलसा जर्नल, इन्फोलिव जर्नल विद्यार्थीका स्तरबाट निस्किएका पुस्तकालय साहित्य र तिनमा भएको विज्ञताको अभाव पूर्ति गर्न सन् २०२२ मा नेपाल पुस्तकालय संघले **एक्सेस** नामक जर्नल प्रकाशन गरेको छ । डबल-ब्लान्डेड-पिअर-रिभ्युड भनिएको प्रस्तुत जर्नलमा १७ वटा लेख समावेश छन् । नेपाली लेखकका ४ ओटा आर्टिकल परेका जर्नलमा १३ ओटा विदेशमा बसेर लेख्नेहरूका लेख समावेश छन् । ४ ओटा संस्थागत लेख अटाएको प्रस्तुत जर्नलमा अन्तिम नयाँ प्रविधिको प्रयोग गरिएको छ । जर्नलको कभर पृष्ठमै २ ओटा क्यूआर कोड प्रविधि राखिएको छ । अङ्ग्रेजीमा क्यूआर कोड भनिने सिघ्र प्रतिक्रिया चिह्न द्वैआयामिक रेखाद्वारा निर्मित हुन्छ । यसलाई मेसिनको सहाराले पढ्न सकिन्छ । आजभोलि मोवाइल, स्क्यानर, बारकोड रिडरजस्ता आधुनिक प्रविधिले सजिलै पढ्न सकिने यस्तो चिह्नमा मेसिनलाई अध्ययन गराउनासाथ सिधै सूचनाको स्रोतमा पुर्‍याइदिन्छ (https://www.techtarget.com/) । प्रयोग भएका मध्ये एउटा क्यूआर कोडले नेपालमा प्रकाशित जर्नलहरूको डाटावेश नेप्जोलमा पुर्‍याउछ । दोस्रोले नेपाल पुस्तकालय संघको वेवसाइटमा पुर्‍याउछ । दुवै पोर्टलमा प्रकाशित जर्नल लेख र अन्य सामग्री भेट्न सकिन्छ ।

सबैका लागि निशुल्क प्रयोगको अनुमति दिइएको यो जर्नलका आर्टिकल क्रिएटिभ कमन्सको मर्मलाई आत्मसात गरेर प्रकाशन गरिएको छ । सबै पाठकले अध्ययन, प्रचारप्रसार र उपलब्धतामा समान अधिकार प्राप्त गर्दछन् ।

जर्नलमा सामान्य त्रुटी भेटिन्छन् । कभर पृष्ठमै नेपाल पुस्तकालय संघको नाममा गल्ती छ । यो गल्ती कभर ब्याक (पछिल्लो पृष्ठ) मा पनि हुबहु देखिन्छ । एडिटोरियलको तेस्रो अनुच्छेदमा ३५ शब्दको वाक्य दोहोरिएको छ । यसलाई सामान्य प्रुफ रिडिङको समस्या पनि मान्न सकिएला तर थप ४ जना सहयोगी सम्पादक, ८ जना सल्लाहकार र संघको

कार्यसमितिमा रहेकालाई कुनै समय कतै प्रश्न नउठ्ला भन्न सकिदैन । सम्पादकीयले "प्रख्यात" भनेका समीक्षक विज्ञ चिप्लिएको कार्य रसिलो छैन । सन् २०२२ को अगष्ट २१ मा नेप्जोल डट इन्फोमा हेर्दा दुवै गल्ती सच्याइएका भेटिन्छन् । सन् २०२२ को सेप्टेम्बर ७ सम्म नेपाल पुस्तकालय संघको आधिकारिक वेवसाइटमा प्रकाशित विद्युतीय भर्सनको फाइलमा भने दुवै गल्ती जस्ताको तस्तै भेटियो । संघको वेवसाइटमा राखिएको विद्युतीय भर्सनको फाइलमा रहेको भर्सो पृष्ठको दोस्रो लाइनमा नेपाली मिति राख्ने ठाउँमा गलत फन्टका कारण अशुद्ध देखिन्छ । लेखन र सम्पादनमा हतार नगरिएको जर्नल प्रकाशनका लागि भने हतार गरेको देखिन्छ । थप एक पटक बढी शुद्धाशुद्धि अध्ययन गरेर प्रकाशन गरेको भए सामान्य त्रुटी हट्ने थिए । दुवै वेव पोर्टलमा जर्नलको हार्ड कपीमा प्रयोग भएको क्यूआर कोडमार्फत पुगिएको थियो । जर्नल उत्पादन, प्रकाशन र वितरणमा प्रमुख सम्पादकमाथि बढी भार परेको अनुमान लगाउन सकिन्छ । एकल प्रयासले गरिएको काम अनलाइन, हार्ड कपी र आधुनिक प्रविधिसम्म पुग्नु प्रशंसनीय हो । हार्ड कपी र अनलाइन दुवैतिर आइएसएसएन सहितको जर्नल प्रकाशन गरेर नेपाल पुस्तकालय संघले एक ऐतिहासिक उपलब्धि हासिल गरेको छ ।

प्रस्तुत समीक्षा एक्सेस जर्नल प्रकाशन माथिको समीक्षा हो । यसमा भएका कमी कमजोरीमाथिको समीक्षा होइन । काम गर्नेहरु थाक्दैनन् भन्ने मान्ने हो भने सामान्य त्रुटी र त्रुटीपछि आउने आलोचनालाई सम्पादकीय नेतृत्वले स्वीकार्न सक्नुपर्छ । प्राज्ञिक कर्ममा वाहवाही कम र मेहेनत बढी पर्ने अवस्था जहिल्यै रहन्छ । नेपालबाटै पुस्तकालयकर्मीको व्यावसायिक संस्थाद्वारा विज्ञ समीक्षित जर्नल प्रकाशन हुन पुस्तकालय संघ जन्मिएको करिब ४ दशक समय किन लाग्यो ? यसको उत्तर सहज छैन । संस्था कुन प्रयोजनले गठन भयो, कस्ता व्यक्तिले कसरी, कति समय, कुन स्वार्थले सञ्चालन गरे ? यावत विषयमा चिरफार जरूरी छ । पुराना कार्यसमितिमा रहेका व्यक्तिहरूको उद्देश्य र क्षमता भविष्यमा विश्लेषण हुने नै छन् । २०२१ डिसेम्बर २८ मा पसामाजिक सञ्जालमा लेख आह्वान गर्दै लेखक निर्देशिका प्रसारण गरिएको थियो (Call for Article/s, 2021) । माग गरिएका आवश्यक विवरण पूर्णतः पालना नगरिएका कतिपय लेख कसरी प्रकाशन भए प्रश्न गर्ने ठाउँ छ । संस्थागत लेखका सन्दर्भमा विज्ञ समीक्षित प्रकृया आवश्यक नपर्ला । ४ ओटा संस्थागत लेख बाहेक थप केही लेख समेत निवन्धात्मक स्वरूपमा लेखिएका छन् । लेखकले लिएका स्रोतलाई रिट्रिभ, एक्सेस इत्यादि समेत नभनी जस्ताको तस्तै रिफरेन्स दिएर निवन्धात्मक शैलीमा लेखिएका लेख अन्यत्रका विज्ञ समीक्षित जर्नलमा प्रकाशित होलान् ? लेखक भन्दा बढी डबल-ब्लाइन्ड विज्ञले सोच्ने विषय हो ।

नामकरण गर्न व्यापक सहभागिता समावेश गरिएको प्रस्तुत जर्नलको नाम अरू जर्नलसँग नजुधाउन पछि परिवर्तन गरिएको छ । यसमा सम्पादकीय नेतृत्वले व्यावसायिक चातुर्यता प्रस्तुत गरेको छ । सुन्दर फोटोग्राफी र आकर्षक डिजाइनमा भुऽल्किएको एक्सेस जर्नलले पुस्तकालय विज्ञान क्षेत्रमा विज्ञ समीक्षित जर्नल लेखको एक्सेस जारी राख्ला ? नेपाल पुस्तकालय संघको आगामी नेतृत्व सोच्नेले प्रतिज्ञा गर्नेपर्ने एक बुँदा हो । विभागमा पढेका व्यक्तिको पहलमा विज्ञ समीक्षित जर्नल प्रकाशन हुन थाल्नुले विभाग के गर्दैछ भन्ने प्रश्न उठाएको छ । त्रि.वि. पुस्तकालय तथा सूचना विज्ञान विभागको नेतृत्व आवश्यक तयारी गर्दै होला ? कुर्ने समय बाँकी छ ।

ज्ञान उत्पादन लामो, झन्झटिलो र दोषमुक्त नहुने कुरा वर्तमान कार्यसमितिले बुझेरै यसमा हामफाल्नु चुनौतीलाई स्वीकारेको विषय हो । यो स्वीकारोक्ति आलोचना तहमा पनि कायम रहनुपर्छ । पाठकीय आँखाले देखेका विषयलाई पाठकले नजरअन्दाज गर्दैन भन्ने आधुनिक ज्ञान श्रृंखलाको डिस्कोर्ष रहिआएको छ । आलोचना पढेर सार्वजनिक उपेक्षा गर्ने प्रचलन नेपाली पुस्तकालय क्षेत्रमा हटोस् । लेखकीय र सम्पादकीय बाध्यतालाई पाठकले स्वीकारेर प्रकाशित सामग्रीको भरपुर प्रयोग, वितरण र छलफल प्रकृयामा साहित्य पुऱ्याउनु आजको आवश्यकता हो ।

## सन्दर्भसूची :


Call for Article/s. *Nepal Library Association's notice about "Call for Article/s".* Accessed from social media, Facebook, on 23 August 2022. 10.17 A.M.

https://nla.org.np/backend/web/uploads/download_files/NxxpYQDvn-I5Bmm-T9fb.pdf. Visited on 7 September 2022. 11.42 A.M.

https://www.nepjol.info/index.php/access/index. Visited on 18 August 2022. 4.09 P.M.

https://www.techtarget.com/whatis/definition/QR-code-quick-response-code. Accessed on 3 September, 2022. 11.03 AM.

Vaidya, Bina. July, 2022. Librarians and Information professional activities in Nepal during COVID-19 Pandemic. *Access* 1,1 p.69.

अधिकारी, इन्द्रप्रसाद । २०६८, दोस्रो सं । *पुस्तकालय तथा स्रोत केन्द्र व्यवस्थापन एवम् सञ्चालन ।* ललितपुर : साझा प्रकाशन ।

# वैद्य वर्ष पुस्तकालय सेवीका रूपमा सम्मानित




काठमाण्डौ । विगतमा जस्तै यसवर्ष पनि पुस्तकालय दिवसका अवसरमा विभिन्न व्यक्ति तथा पुस्तकालयलाई सम्मान गरिएको छ ।

राजधानीमा यही भाद्र १५ गते आयोजित विशेष समारोहमा वर्ष पुस्तकालय सेवीको रूपमा त्रि.वि. केन्द्रिय पुस्तकालय कीर्तिपुरबाट अवकासप्राप्त पुस्तकालयसेवी विना वैद्यलाई सम्मान गरिएको छ भने पुस्तकालय अभियन्ताको रूपमा धनकुटाका पूर्णबहादुर गुरूङलाई सम्मान गरिएको छ । त्यसैगरी उत्कृष्ट पुस्तकालयका रूपमा कास्कीको दीपशिखा सामुदायिक पुस्तकालयलाई सम्मान गरियो । साथै सोही कार्यक्रममा १५ औं पुस्तकालय दिवस २०७९कै अवसरमा आयोजित चित्रकला प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय तथा सान्तना स्थान हासिल गर्ने बालबालिकाहरूलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गरियो । कार्यक्रममा एसिया फाउण्डेसनले विभिन्न शैक्षि संस्था र पुस्तकालयहरूलाई पुस्तक प्रदान गरेको थियो ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेलको प्रमुख आतिथ्यतामा आयोजित उक्त कार्यक्रममा प्रमुख अतिथि मन्त्री पौडेल र विशेष अतिथि राज्यमन्त्री वोधमाया यादवले सम्मानित व्यक्ति तथा पुस्तकालयका प्रतिनिधिलाई सम्मान पत्र प्रदान गर्नुका साथै दोसल्ला ओढाएर सम्मान गरे ।

कार्यक्रममा प्रमुख अतिथि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेल, विशेष अतिथि राज्यमन्त्री वोधमाया यादव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको विज्ञान प्रविधि तर्फकी सचिव प्रमिला बज्राचार्य, सम्मानित व्यक्तित्व विना वैद्य लगाएतले आफ्नो धारणा राखेका थिए ।

१५औं पुस्तकालय दिवस २०७९ मूल समारोह समितिका सदस्य सचिव तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पुस्तकालय समन्वय तथा अभिलेख शाखा प्रमुख यादवचन्द्र निरौलाको सञ्चालन रहेको उक्त कार्यक्रममा विगत केही वर्षदेखि पुस्तकालय दिवस (भदौ १५)का दिन प्रकाशित गरिदैं आएको पुस्तकालय दिवसको स्मारिका ( १५औं पुस्तकालय दिवस २०७९, स्मारिका) तथा भोलाकुमार श्रेष्ठद्वारा लिखित पुस्तकालयसँगको जीवन यात्रा र कथालयद्वारा प्रकाशित विद्यालय पुस्तकालय म्यानुअलको पनि विमोचन गरियो ।

यसवर्ष पुस्तकालय दिवसको नारा "पढौं पढाऔं: निरन्तर शिक्षाका लागि पुस्तकालय जाऔं" भन्ने रहेको थियो ।

# दीपशिखाले यसरी मनायो १५ औं पुस्तकालय दिवस

**मिनकुमारी डल्लाकोटी**

कास्की । "पढौं पढाऔं निरन्तर शिक्षाका लागि पुस्तकालय जाऔं" भन्ने मुल नाराका साथ १५ औं पुस्तकालय दिवसको अवसरमा दीपशिखा सामुदायिक पुस्तकालयले यही भाद्र ११ गते चित्रकला तथा १५ गते वक्तृत्वकला कार्यक्रम सम्पन्न गरेको छ ।

भाद्र ११ गते पुस्तकालयका अध्यक्ष कृष्णहरि भण्डारीको अध्यक्षतामा आयोजित उक्त चित्रकला प्रतियोगितामा लिटल प्लावर एजुकेसनल एकेडेमी, पोखरा-२७ रिठेपानीकी अर्माली पौडेल प्रथम, जनप्रकाश मा.वि. पोखरा-२९ का इपेश नेपाली दोस्रो तथा सिलसिला इगलिस स्कुल नहरचोकका सम्राट तामाङ्ले तेस्रो स्थान हासिल गरेको थिए भने जनप्रकाशकी विज्ञाता बास्तोला र नेपाल पुलिस स्कुल बेलचौतारा, तनहुँका प्रज्वल पौडेलले चौथो स्थान हासिल गरेको थिए ।

बिजयी प्रतियोगिहरूलाई पोखरा महानगरपालिका वडा नं २९ की वडा सदस्य निर्मला पौडेल र कार्यक्रम संयोजक एवं पुस्तकालयका कार्यसमिति सदस्य तथा पोखरा विश्वविद्यालय केन्द्रिय पुस्तकालयकी उपप्रशासक मिनकुमारी डल्लाकोटीले पुरस्कार प्रदान गर्नुभएको थियो । कार्यक्रमका संयोजक मिनकुमारी डल्लाकोटीले पुरस्कार वितरण गर्दै पुस्तकालय र पुस्तकालय दिवसको बारेमा बोल्दै बाल बालिकाहरूलाई निरन्तर पुस्तकालय अध्ययन गर्न आउनको लागि उत्प्रेरित गर्नु भएको थियो भने वडा सदस्य पौडेलले पुस्तकालयले बालबालिकाहरूको सिर्जनात्मकता विकास गर्न यस खालको कार्यक्रम गरेकोमा खुशी व्यक्त गर्नुभएको थियो । प्रतियोगितामा बिभिन्न विद्यालयका १५ जना प्रतिश्पर्धीले सहभागिता




जनाएका थिए । कार्यक्रममा लेखनाथ उधोग वणिज्य संघका पूर्व अध्यक्ष बलराम ढकाल, पुस्तकालयका कार्यसमिति सदस्य विष्णुहरि पौडेल, लगायतले शुभकामना दिएका थिए । त्यस्तै पुस्तकालयका कर्मचारी धनुमाया पहारीले वर्षभरी पुस्तकालयमा आउने बालबालिकाको तथ्याङ्क सार्वजनिक गर्दै दीपशिखामा अध्ययन गर्न आउने बालबालिकाको संख्या उल्लेखनीय रहेको जानाकारी दिँदै शुभकामना दिनुभएको थियो ।

यस्तैगरी पुस्तकालय दिवस भाद्र १५ कै दिन मा.वि. स्तरिय वक्तृत्वकला कार्यक्रम पनि सम्पन्न गरेको थियो । यस वर्षको पुस्तकालय दिवसका अवसरमा पुस्तकालयले विद्यार्थीको प्रतिभा प्रष्फुटन गर्ने तथा पुस्तकालय निरन्तर आउने वातावरणका लागि वक्तृत्वकला प्रतियोगिता राखेको हो ।

पुस्तकालयका उपाध्यक्ष निर्मला पौडेलको अध्यक्षतामा भएको प्रतियोगितामा नेपाल आदर्श आवासीय विद्यालयका स्वागत भुसालले प्रथम, लक्ष्मी आदर्श मा.वि. की सदिक्षा सुवेदीले दोस्रो तथा लक्ष्मी मा.वि. की रेनु तामाङ्ले तेस्रो स्थान हासिल गरेका थिए । प्रतियोगितामा गोगन मा.वि. की श्रेया श्रेष्ठले चौथो स्थान हासिल गरेका थिए ।

बिजयी प्रतियोगीहरूलाई पोखरा महानगरपालिका कार्यपालिका सदस्य एवं वडा नं २९ की वडा सदस्य तथा पुस्तकालयकी उपाध्यक्ष निर्मला पौडेलले पुरस्कार वितरण गर्दै पुस्तकालयको महत्वबारे चर्चा गर्नु भएको थियो । वडा सदस्य पौडेलले पुस्तकालयले बालबालिकाको वक्तृत्व क्षमता विकास गर्न यस खालको कार्यक्रम गरेकोमा खुशी व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा पुस्तकालयका कार्यसमिति सचिव पदमप्रसाद अधिकारीले स्वागत गरेका थिए भने कार्यसमिति सदस्य एवं पोखरा विश्व विद्यालय केन्द्रीय पुस्तकालयकी उपप्रशासक मिन कुमारी डल्लाकोटीले पुस्तकालयको महत्व बारे जानाकारी दिनुभएको थियो ।

कार्यक्रम संयोजक एवं पुस्तकालयका कार्यसमिति सदस्य विष्णुहरि पौडेलले सञ्चालन गरेको प्रतियोगितामा कार्यक्रममा लक्ष्मी आदर्श मा.वि. का शिक्षक कुशलबाबु लामिछानेले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा विभिन्न विद्यालयका १६ जना प्रतिस्पर्धीले सहभागिता जनाएका थिए ।

कार्यक्रममा कार्यसमिति कोषाध्यक्ष माधव भण्डारी र त्रिवेणी इन्टरनेशनल कलेजका सहायक क्याम्पस प्रमुख डिल्लिराम पौडेलले निर्णायकको भूमिका निर्वाह गर्नुभएको थियो ।

# यसरी मनाइयो १५७औं मोती जयन्ती त्रिफलामा

जीवनहरि शर्मा

झापा । देशभित्र र बाहिर विश्वभरी विभिन्न ठाउँमा विविध कार्यक्रम गरी मनाइने नेपालीहरूको महान पर्व नै भनौं । अनेकौं नेपाली भाषी नर नारीहरूले मनाउदै आएका विभिन्न कार्यक्रमहरु मध्येको यो कार्यक्रम मिति २०७९ को मोती जयन्ती अर्थात १५७औँ मोती जयन्ती त्रिफला राष्ट्रिय पुस्तकालय धुलाबारी झापामा विभिन्न कार्यक्रमका साथमा यही भाद्र ११ गते कुशेऔँसीका दिन सम्पन्न गरियो ।

पुस्तकालयका अध्यक्ष प्रेमप्रकाश फलाहारीको अध्यक्षतामा आयोजित कार्यक्रमको प्रमुख अतिथि प्रसिद्ध बाल साहित्यकार तथा नाटककार मुक्ति बराल उपाध्याय हुनुहुन्थ्यो । त्रिफला राष्ट्रिय पुस्तकालयको परिसरमा रहेको मोतीराम भट्टको पूर्णकदको तस्वीरमा संस्थाका अध्यक्ष तथा प्रमुख अतिथिद्वारा माल्यार्पण गरिएबाट प्रारम्भ भएको उक्त कार्यक्रममा त्रिफला राष्ट्रिय पुस्तकालयको एक महत्वपूर्ण मोती प्रतिभा पुरस्कारद्वारा तेह्रथुम घर भएका प्रसिद्ध साहित्यकार समालोचक रविमान लम्जेललाई अलंकृत गरिएको थियो ।

यस्तै सोही पुस्तकालयबाट प्रदान गरिदै आएको छत्रवहादुर समाज सेवा सम्मानबाट बिर्तामोडका वरिष्ठ समाजसेवी श्री शिवकुमार सापकोटालाई सम्मानित गरिएको थियो । कार्यक्रममा मोतीराम भट्टका बारेमा झापाका वरिष्ठ कवि साहित्यकार कोमलप्रसाद पोखेलले सविस्तार प्रकाश पार्नु भएको थियो भने मोती पुरस्कारबाट पुरस्कृत प्राज्ञ रविमान लम्जेलका बारेमा श्री हर्षनारायण भट्टराईले र छत्रवहादुर सेवा सम्मानबाट सम्मानित श्री शिवकुमार सापकोटाका बारेमा श्री तोयानाथ फुयालले प्रकाश पार्नु भएको थियो । त्रिफला राष्ट्रिय पुस्तकालय कार्यकारिणी समितिका तर्फबाट टीका सुवेदीद्वारा सञ्चालित कार्यक्रममा गङ्गाप्रसाद भट्टराईले स्वागत मन्तव्य राख्नु भएको थियो भने कार्यक्रमको औचित्यका बारेमा पुस्तकालयका अध्यक्ष प्रेमप्रकाश फलाहारीले प्रष्ट पार्नु भएको थियो ।

सिंहवाहिनी नौमती बाजा टोलीका बाजाको रौनकका बीचमा आयोजित उक्त मोती जयन्ती समारोहमा सिक्किम, दार्जिलिङ, सिलिगढी,




इलाम र झापाका विभिन्न क्षेत्रका धेरै वरिष्ठ स्रष्टा सर्जकहरूको उल्लेख्य उपस्थिति रहेको यो कमर्यक्रममा विशिष्ट अतिथिहरूका साथमा धेरै अतिथिहरु उमा घिमिरे, उद्धव विष्ट, जीवनहरि शर्मा, पूर्ण योञ्जन, नीलम नेउपाने, विद्या गौतम, बाबुराम श्रेष्ठ, निलकण्ठ तिवारी, भगवती ढुङ्गेल, टीका ढुङ्गेल रटन, हिरण्यप्रसाद भट्टराई, जिएस लिम्बू, अम्बिका थापा, सुरेश सुब्बा, दमयन्ती गुरूङ्, ऋषि राई, केएस राई, दलमान गुरूङ्, कृष्ण सुवेदी निराकार, विरेन्द्र थोक्लिहाङ, नन्दकिशोर गजमेर, देवीचरण भण्डारी, मातृका संग्रौला, गङ्गा ओडारी, लगायत समाजसेवी बुद्धिजीवि तथा स्थानियवासीहरूको उल्लेख्य उपस्थिति थियो ।

सो समारोहमा विभिन्न लेखकहरूका धेरै पुस्तकहरूको पनि लोकार्पण गरिएको थियो । सिक्किम गान्तोकबाट प्रकाशित "फलाहारी बाबा एक असाधारण व्यक्तित्व" नामक पुस्तक सम्पादक (नीलम नेउपाने, आशा प्रज्ञान केन्द्रद्वारा प्रकाशित आशा अभिनन्दन ग्रन्थ, सिक्किम गान्तोकबाट प्रकाशित वार्षिक साहितियक पत्रिका पूर्वाधार, मनको हाउले( रवि पौड्याल रटन, मानव समाजको बस्तीमा(हस्तलिखित) राजके श्रेष्ठ, बाल तरङ्ग, रत्न लक्सम सुब्बा, पूर्णिमा (चक्रपाणि भट्टराई, मनोगत (टेकमाया शर्मा, दृष्टि परेका कृतिहरु, एनपिएस निरौला, देश रोएको देखेको छु । सन्ध्या गिरी, तामाङ जातिय चिनारी एक झलक(पूर्ण योञ्जन समेतको लोकार्पण गरिएको थियो ।

यस समारोहमा विभिन्न व्यक्तिहरूले त्रिफला राष्ट्रिय पुस्तकालयको आजीवन सदस्यता र पुस्तकालयकै अतिथि आवास सदस्यता ग्रहण गर्नुभएको थियो भने उक्त दिन बाबुको मुख हेर्ने दिन समेत परेकोले उपस्थित अग्रज व्यक्तित्वहरूसँग बसी धेरै अनुज व्यक्तित्वहरूले फोटो खिचिएको थियो । यस्तै सोही कार्यक्रममा मोतीराम सम्बन्धी र बुबा सम्बन्धी कविता, गीत, नृत्यहरु पनि वाचन, गायन र प्रदर्शन गरिएका थिए ।

# शहीद स्मृति पुस्तकालयले मनायो १५ औं पुस्तकालय दिवस

**शशि पन्थी**

भैरहवा, १५ भदौ । सिद्धार्थनगर नगरपालिका वडा नं ८ स्थीत शहीद स्मृति पुस्तकालयले १५ औँ पुस्तकालय दिवस मनाएको छ ।

१५ औं पुस्तकालय दिवसका अबसरमा शहीद स्मृति पुस्तकालयको आयोजनामा भएको कार्यक्रममा "बिधुतीय सञ्चारको युगमा पुस्तकालयको महत्व" बिषयक अन्तरक्रिया कार्यक्रममा बोल्ने वक्ताहरूले समयअनुसार पुस्तकालयहरू परिवर्तन भएको तर राज्यबाट संरक्षण तथा प्रबर्द्धनमा कुनै चासो नहुँदा समस्या परेको तर्क गरे । कार्यक्रममा सहभागी लेखक तथा साहित्यकारले सिद्धार्थनगर नगरपालिकाले सञ्चालन गरेको पुस्तकालय बन्द भएकोमा चिन्ता ब्यक्त गर्दै पुस्तकालय पुनः सुचारू गर्न आग्रह गरे ।

वर्तमान समयमा नेपालीहरू पुस्तकालय कम जाने गरेको, अध्ययनशील कम हुने गरेको र राज्यले समेत पुस्तकालयमा कम लगानी गरेको भन्दै लेखक तथा साहित्यकारहरूले चिन्ता ब्यक्त गरेका थिए ।

पढौँ पढाऔं निरन्तर शिक्षाका लागि पुस्तकालय जाऔं भन्ने मुल नाराका साथ सिद्धार्थनगर नगरपालिका वडा नं ८ स्थित शहीद स्मृति पुस्तकालयको सभा हलमा भएको कार्यक्रममा बक्ताहरूले पुस्तकालयको महत्व समय अनुसार बढीरहने बताएका छन् ।

पुस्तकालयका अध्यक्ष रूद्र झवालीले विद्युतीय सन्चारको समयमा पठन संस्कृति घटेको बताउंदै अब पुस्तकालय संरक्षणका लागि बहस छलफल हुनु पर्ने बताए । कार्यक्रममा प्राज्ञ बूंद रानाले दृश्य र अदृश्यरूपमा किताबहरूले नै संसार चलाउने बताए । रानाले पुस्तकालयको महत्व सदैब रहने बताए ।

प्रा.डा. कपिलदेव लामिछानेले समय अनुसार इ-बुक्सको धेरै महत्व




भएको बताए । विधुतीय सञ्चारको युगमा इ-बुक्स र इ-लाइब्रेरीले पुस्तकालयको महत्व समय अनुसार बढ्दै गएको बताए ।

पुस्तकालयका संरक्षक दीर्घराज काफ्लेले सयौं पुराना पुस्तकालयका पुस्तकहरू अझै सुरक्षित भएको बताउंदै पुस्तकालय भाबि पुस्ताको नासो भएको बताए । पुस्तकालयका पुर्ब अध्यक्ष वनमाली निराकारले मानिसलाई जीवनमा अस्पताल जान नपरे हुन्थ्यो, पुस्तकालय जान पाए हुन्थ्यो भन्ने गरेको बताए ।

कार्यक्रममा सल्लाहकार डाक्टर गोबिन्द बल्लभ भट्ट, सिद्धार्थ साहित्य परिषदका अध्यक्ष डिल्लीराज भट्टराई लगायतले मन्तब्य राखेका थिए । पुस्तकालयको महत्वको विषयमा विष्णुप्रसाद गजुरेलले कार्यपत्र प्रस्तुत गरेका थिए ।

पुस्तकालयका कोषाध्यक्ष गोपाल न्यौपानेको स्वागत मन्तब्य र सचिब गोबिन्द न्यौपानेको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# सामुदायिक पुस्तकालय संघमा नयाँ नेतृत्व

चितवन । नेपाल सामुदायिक पुस्तकालय संघको केन्द्रीय अध्यक्षमा सन्तोष रावल निर्वाचित भएका छन् । चितवनको सौराहामा यही भदौ २१ गते सम्पन्न १३औं वार्षिक साधारण सभा तथा चौथो अधिवेशनले रावलको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो ।

म्याग्दी सामुदायिक पुस्तकालय वेनीका अध्यक्ष रावल सर्वसम्मात अध्यक्षमा निर्वाचित भएका हुन् । संघको वरिष्ठ उपाध्यक्षमा भरत खड्का, उपाध्यक्षमा प्रदेश १ बाट भीम कुमारी बुढा, मधेश प्रदेशबाट भरत गिरी, बागमती प्रदेशबाट सुजता विष्ट, गण्डकी प्रदेशबाट लीला भण्डारी, लुम्बिनी प्रदेशबाट चेतकान्त भट्टराई, सुदुरपश्चिमबाट ज्ञानुराज विनाडी चयन भएका छन् । त्यसैगरी महाचिवमा मातृभुमि सामुदायिक पुस्तकालय स्याङ्जाका अध्यक्ष राजेन्द्रप्रसाद पाण्डे, सचिवमा रामेश्वर पुस्तकालय तथा वाचनालय क्षेत्रपुर चितवनका अध्यक्ष बालकृष्ण थपलिया र कोषाध्यक्षमा तरौली सामुदायिक पुस्तकालयका अध्यक्ष सागर मिश्र चयन भएका छन् भने सदस्यहरूमा लवहरी दाहाल, खड्गनारायण चौधरी, गंगा ढकाल, माधव भण्डारी, गोविन्द शर्मा, प्रतिक्षा चौधरी, पुष्पराज जोशी चयन भएका छन् ।

रत्ननगर नगरपालिकाका मेयर प्रल्हाद सापकोटा प्रमुख अतिथि रहेको सो कार्यक्रममा संघका संस्थापक अध्यक्ष बासु ढुंगाना, रिड नेपालका अध्यक्ष भोलाकुमार श्रेष्ठ,

शिक्षा मन्त्रालयका उपसचिव यादवचन्द्र निरौला, संघका संस्थापक महासचिव भोलानाथ शर्मा, रिड नेपालका सहायक निर्देशक चिनकाजी श्रेष्ठ, देउखुरी सामुदायिक पुस्तकालयकी अध्यक्ष ओवा पाठक, प्रगतिनगर सामुदायिक पुस्तकालयका अध्यक्ष खिमानन्द भुसाल, रत्नगर नगरपालिकाका शिक्षा अधिकारी बद्रिनारायण शर्मा लगायतले मन्तव्य राखेका थिए । कार्यक्रमको सभापतित्व संघका अध्यक्ष केशब आचार्यले गरेका थिए भने सञ्चालन महासचिव युवराज काफ्लेले गरेका थिए ।

# झापा र इलाममा यसरी मनाइयो १५औं पुस्तकालय दिवस

**जीवनहरि शर्मा**

झापा । झापाको धुलाबारीमा रहेको त्रिफला राष्ट्रिय पुस्तकालयले २०७९ भाद्र १५ गते बुधवारका दिन एक भव्य कार्यक्रमको आयोजना गरी १५ औं पुस्तकालय दिवस मनायो ।

पुस्तकालयका अध्यक्ष श्री प्रेमप्रकाश फलाहारीको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा "पढौं पढाऔं निरन्तर शिक्षाका लागि पुस्तकालय जाऔं" भन्ने शिर्षकमा जिल्लाका विभिन्न विद्यालयका सहभागी विद्यार्थीहरूले उक्त विषयमा आफ्नो वक्तृत्वकला प्रदर्शन गरेका थिए ।

मेचीनगर नगरपालिकाका शिक्षा प्रमुख श्री होमनाथ भण्डारीको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा सहभागी विद्यार्थीहरु मध्ये इष्टहोराइजन मा वि का विद्यार्थी प्रवेश दाहाल प्रथम, धुलाबारी मावि का उषा निरौला र हिमा सिञ्च्यूरी क्रमशः दोस्रो र तेस्रो अनि इष्टहोराइजन माविकै कुशलता गिरीले सान्त्वना पुरस्कार प्राप्त गरेका थिए । विजयी विद्यार्थीहरुलाई कार्यक्रमका अध्यक्ष तथा प्रमुख अतिथिले पुरस्कार र प्रमाण पत्र प्रदान गर्नु भएको थियो ।

कार्यक्रमका विशेष अतिथि उद्धव विष्टले पुस्तकालयका विविध विषयमा प्रकाश पार्दै प्रदेश स्तरीय पुस्तकालय दिवस जुम लिंकद्वारा प्रविधिमैन्त्री रात्रीकालीन समयमा सत्ताहव्यापी कार्यक्रम गरी मनाउने कुराको जानकारी समेत गराउनु भएको थियो भने त्रिफला राष्ट्रिय पुस्तकालय धुलाबारी झापाको विकास र विस्तारका लागि थिङ्क नेम्वाङ, कमलप्रसाद राजवंशी र कृष्ण सुवेदी "निराकार"ले थप योगदान गरेको कुरा पनि त्यसै कार्यक्रममा जानकारी दिइएको थियो ।

### पुस्तकालय दिवसका अवसरमा वक्तृत्वकला प्रतियोगिता

इलाम । इलामको बरबोटेस्थित जनकल्याण सामुदायिक पुस्तकालयको आयोजनामा यही भदौ १५ गते वक्तृत्वकला प्रतियोगिताको आयोजना गरी १५ औं पुस्तकालय दिवस मनाइयो ।

इलाम नगरपालिकाको ५ नं. वडा कार्यालयमा पुस्तकालयका अध्यक्ष सटेन्द्र जवेगुको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा इलाम न. पा. वडा नं ४ का वडा अध्यक्ष तथा इलाम नगरपालिकाका प्रवक्ता नूतनदेव दुलालले प्रमुख आतिथ्यता गर्नुभएको थियो । जिल्लाका १४ वटा विद्यालयका विद्यार्थीहरूले भाग लिएको उक्त वक्तृत्वकलाको शिर्षक "पढौं पढाऔं, निरन्तर शिक्षाका लागि पुस्तकालय जाऔं" रहेको थियो ।

उक्त प्रतियोगितामा सहभागि विद्यार्थीहरु मध्ये बाल मण्डल मा.वि. जस्वीरेका सोहनी सुब्बा प्रथम, अमर मा. वि. बरबोटेका प्रश्ना खतिवडा दोस्रो र कृतिका राई तेस्रो तथा सप्तमाई गुरूकुलका अनमोल खतिवडा र आदर्श मा. वि. का रिहा लिम्बूले सान्वना पुरस्कार प्राप्त गरेका थिए ।

विजयी विद्यार्थीहरुलाई कार्यक्रमका अध्यक्ष तथा प्रमुख अतिथिले पुरस्कार तथा प्रमाण पत्र प्रदान गरेका थिए भने कार्यक्रममा स्थानीय सरकारका प्रतिनिधि, वि व्यवस्थापन समितिका पदाधिकारी, अभिभावक, विभिन्न संघसंस्थाका प्रतिनिधि, समाजसेवी, बुद्धिजीवि, शिक्षक तथा विद्यार्थीको उल्लेख्य उपस्थिति रहेको थियो ।

### प्रस्तावित पुस्तकालय महासंघ १ नम्बर प्रदेशले पनि मनायो पन्ध्रौं पुस्तकालय दिवस

पुस्तकालय दिवसकै सन्दर्भमा प्रदेश पुस्तकालय महासंघले यही भाद्र १६ गते आयोजना गरेको कार्यक्रम जुम लिङ्कद्वारा प्रविधिमैन्त्री ढङ्गबाट सम्पन्न गरिएको थियो । प्रदेश सामाजिक विकास सचिवज्यूको संयोजनमा आयोजित उक्त कार्यक्रमको प्रविधि संयोजन श्री यादव निरौलाले गर्नु भएको थियो भने १ नं प्रदेश अन्तर्गतका १० वटा जिल्लाः झापा, इलाम, मोरङ, धनकुटा, पाँचथर, सुनसरी, संखुवासभा, भोजपुर, उदयपुर र खोटाङका विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

उक्त प्रतियोगितामा सहभागी विद्यार्थीहरु मध्ये झापाले प्रथम, मोरङले दोस्रो, धनकुटाले तेस्रो र पाँचथरले सान्त्वना स्थान प्राप्त गरेका थिए । प्रतियोगतामा विजयी विद्यार्थीहरूलाई क्रमशः रु १५,०००/-, १०,०००/-, ७,०००/- र ५,०००/- नगद पुरस्कार सहित प्रमाणपत्र प्रदान गरिएको थियो ।

उद्धव विष्टको प्राविधिग्यतामा सञ्चालित उक्त कार्यक्रममा प्रेमप्रकाश फलाहारी, भैरवप्रसाद सापकोटा, तोयानाथ फूयाल, उद्धव विष्ट, जीवनहरि शर्मा र विजय कार्कीले बोल्नु भएको थियो ।

# गोर्खा जन पुस्तकालयमा ३१औं नेपाली भाषा मान्यता दिवस मनाइयो

**खरसाङबाट ऋषि राई**

दार्जिलिङ । गत २० अगष्ट २०२२ को दिन गोर्खा जन पुस्तकालय खरसाङमा ३१ औं नेपाली भाषा मान्यता दिवस अध्यक्ष पूर्ण गुरुङ "निरूपम"को अध्यक्षता औं तिलक शर्माको प्रमुख आतिथ्यमा पुस्तकालय भवनमा मनाइयो ।

उक्त कार्यक्रममा खरसाङका साहित्यकारहरू विनोद प्रकाश शर्मा, आशा मुखिया लामा, बलाराम राई आदि उपस्थित थिए । सचिव विनोद रसाइलीले स्वागत मन्तव्यमा नेपाली भाषाले मान्यता प्राप्त गरेको विषयमा छोटकरीमा बताए । कार्यकारिणी सदस्य गोमा सुब्बाले सञ्चालन गरेको सो कार्यक्रममा रचना "अनाकार", पुरुषोत्तम अधिकारी, पासाङ लक्की शेर्पा, बालकृष्ण थामी, कृष्ण पाण्डे, मिना राई आदिले कविता सुनाए । प्रमुख वक्ता पुस्तकालयका उपाध्यक्ष ऋषि राईले आफ्नो मन्तव्यमा नेपाली भाषाले मान्यता प्राप्त गरेको इतिहास केलाउँदै भने देहरादुन निवासी जाग्रत गोर्खाका सम्पादक आनन्द सिँह थापा, बी. भण्डारी, नरेन्द्र सिंह राणाले १८ जनवरी सन् १९५६ मा भारतमा रहेका ५० लाख नेपाली जातिले बोल्ने भाषालाई भारतका संविधानमा अन्तर्भुक्त गर्न आवश्यक रहेको कुरा उठान गर्दै तत्कालिन राष्ट्रपति डा. राजेन्द्र प्रसादलाई एक स्मारक पत्र पठाएका थिए । उक्त स्मारक पत्रको प्रतिलिपी दार्जीलिङ जिल्ला कम्युनिष्ट पार्टीलाई पनि पठाउँदै यस विषयमा पार्टीको तर्फबाट पनि राष्ट्रपति समक्ष स्मारक पत्र चढाउने आग्रह गरिएको थियो । यस विषयलाई मध्यनजर राख्दै २४ अगष्ट सन् १९५६ मा दार्जीलिङ जिल्ला कम्युनिष्ट पार्टीका सचिव



आनन्द पाठकले हस्ताक्षर गरी एक स्मारक पत्र राष्ट्रपति कहाँ चढाएका थिए । त्यसै समयमा राज्य सभाका एम. पी. सत्येन्द्र नारायण मजुमदारले संसदमा प्रथमपल्ट नेपाली भाषाले मान्यता प्राप्त गर्नुपर्छ भन्ने कुरा स्पष्ट पारे । त्यसैगरी दार्जीलिङ लोकसभाबाट निर्वाचित सांसद मायादेवी छेत्रीले पनि भारतमा पचास लाख नेपालीहरू रहेकोले अन्य भारतीय भाषाले संविधानको आठौं अनुसूचीमा मान्यता प्राप्त गरेको अनुरूप नेपाली भाषाले पनि भारतीय संविधानमा मान्यता प्राप्त गर्नपर्छ भन्ने आवाज उठाएकी थिइन् । यद्यपि त्यस समयमा सो माग पूरा हुन सकेन । भारतका विभिन्न प्रान्त र राज्यमा रहेका सम्पूर्ण नेपालीहरूले देहरादूनबाट शुरू भएको भाषा मान्यताको मागलाई अघि बढाउने प्रतिबद्धता लिइ भाषाको नाममा अनेक सङ्गठन खोले ।

दार्जिलिङबाट भाषाप्रेमी प्रेमकुमार आलेले नेपाली भाषा समिति गठन गरे । समितिमा दार्जिलिङका दिग्गज साहित्यकारहरू रही भाषा मान्यताको निम्ति डटेर कार्य गरे । सिक्किमका तत्कालीन मुख्यमन्त्री नरबहादुर भण्डारीले भारतीय नेपाली राष्ट्रिय परिषद गठन गरी भाषा मान्यतालाई अघि बढाउन सक्दो कार्य गरे । पश्चिम बंगाल सरकारले सन् १९६१ मा नै नेपाली भाषालाई सरकारी भाषाको रूपमा मान्यता दिएको थियो । तथापि भनेजसो काम हुन सकेन । भाषा मान्यताको माग तीव्र गतिमा अगाडि बढ्न थाल्यो । सन् १९९० को दसकमा नरबहादुर भण्डारी सिक्किमका मुख्यमन्त्री थिए भने सिक्किमका लोकसभा सासंद दिलकुमारी भण्डारी तथा दार्जीलिङबाट मनोनित राज्यसभा सासंद आर.बी. राई थिए । दार्जिलिङमा त्यसताक गोर्खा राष्ट्रिय मुक्ति मोर्चाले गोर्खा भाषा भनिरहेको समय साथै त्यस दलबाट निर्वाचित सांसद इन्द्रजीत खुल्लरले संसदमा गोर्खा भाषाले मान्यता प्राप्त गर्नुपर्छ भन्ने दाबी गरिरहेका थिए । यस्तो स्थितिमा अन्य दलका राज्यसभा र लोकसभाका सांसदलाई भाषा मान्यताको निम्ति सहमतिमा ल्याउन कठिन काम गर्न परेथ्यो दुई सांसदलाई । तथापि २० अगष्ट सन् १९९२ मा नेपाली भाषाले भारतीय संविधानको आठौँ अनुसूचीमा मान्यता प्राप्त गरे तापनि आजसम्म भाषाको सठिक प्रयोग हुन नसकेको जानकारी गराउँदै भाषा मान्यता पछि प्राप्त सरकारी सहुलियत बारे पनि जानकारी गराए ।

प्रमुख अतिथि शर्माले पनि आफ्नो सम्बोधनमा नेपाली भाषालाई मान्यता दिलाउनलाई सरकार समक्ष चाप दिएको तथ्य सविस्तार चर्चा गरे । अन्तमा सभापति पूर्ण गुरुङ "निरूपण"ले पनि भाषा मान्यता दिवस पालनको औचित्य विषय वक्तव्य राख्दै उपस्थित सबैलाई आभार प्रकट गरी कार्यक्रम समापनको घोषणा गरे । उक्त कार्यक्रममा खरसाङ वरिपरिका भाषा प्रेमीहरूको अपार जमघट रहेको थियो । स्मरण रहोस् गोर्खा जन पुस्तकालय खरसाङले वर्ष भरिनै महत्वपूर्ण कार्यक्रम गर्ने गर्दछ ।

# प्रज्ञा साझा मञ्चद्वारा भाषा संग्रामी बुद्धिमान प्रधान 'बमप'लाई सम्मान



**खरसाङबाट ऋषि राई**

दार्जिलिङ । नेपाली भाषालाई भारतीय संविधानमा मान्यता दिलाउने उद्देश्य लिएर भारतका विभिन्न प्रान्तमा जातीय संस्था गठन गरी जनमानसमा चेतना जगाउँदै सरकार समक्ष स्मारक पत्र चढाउने, लगायत जुलुस, धर्ना इत्यादि कार्यक्रम अन्तर्गत कश्मीरदेखि कन्याकुमारीसम्म पुगेर भाषाको निम्ति महत्वपूर्ण कार्य गर्ने खरसाङका ९० वर्षीय वयोवृद्ध भाषा संग्रामी बुद्धिमान प्रधान "बमप"लाई भर्खर मात्र खरसाङमा नव गठित संस्था "प्रज्ञा साझा मञ्च"ले उहाँको योगदानलाई कदर गर्दै गोर्खा जन पुस्तकालय खरसाङको पारसमणि प्रेक्षा गृहमा भव्य रूपमा एक सम्मान कार्यक्रम आयोजना गऱ्यो ।

मञ्चका अध्यक्ष रमेश थापाले अध्यक्षता गरेको उक्त कार्यक्रममा मुख्य अतिथि गोर्खा जन पुस्तकालयका अध्यक्ष पूर्ण गुरूङ "निरूपण" थिए भने प्रमुख अतिथिको रूपमा सम्मानित अतिथि बुद्धिमान प्रधान "बमप" अनि अन्य विशिष्ट अतिथिहरूमा प्रज्ञा साझा मञ्चका संरक्षक टि. टी. लामा, खरसाङका विधायक वि. पी. बजगाईं थिए ।

कार्यक्रमको शुरुमा नेपाली भाषा मान्यताको निम्ति प्राण विसर्जन गर्नेहरूको स्मरणमा एक मिनेटको मौन प्रार्थना गरियो । कवियत्री रचना "अनाकार" अनि कवि दिल थापाले सञ्चालन गरेको सो कार्यक्रमको शुरुमा माता सरस्वतीको तस्वीर अघि माल्यार्पण, धूपदीप प्रज्ज्वलन गरे पछि पण्डित तुलसी अधिकारीले वेद मन्त्र उच्चारण गरे। साथै साइसमितिबाट पनि मन्त्र पाठ गरियो । संस्थाका सचिव उषाकिरण "सत्यदर्शी"ले स्वागत मन्तव्यमा संस्था निर्माण भएको विषय अवगत गराउँदै भाषा सङ्ग्रामी बुद्धिमान प्रधान "बमप" भाषा सङ्ग्रामी मात्र नभई जाति, समाज, संस्कृति आदि क्षेत्रमा काम गर्ने एक मौन कर्मी रहेको जनाइन् । तसर्थ संस्थाले उहाँ जस्ता महान व्यक्तिलाई सम्मान जनाउन पाउनु संस्थाको अहोभाग्य रहेको बताउँदै भविष्यमा पनि यस्ता विभुतिहरूलाई संस्थाले सम्मान जनाउनेछ भन्दै उपस्थित सम्पूर्ण अतिथिहरूलाई आभार प्रकट गरिन् । विशिष्ट अतिथि विधायक वि. पी. बजगाईंले आफ्नो सम्बोधनमा भाषा सङ्ग्रामी "बमप"को घरमा गत २० अगस्त भाषा मान्यताको दिनमा पुगी सम्मान दिएको जनाउँदै उहाँको सुस्वास्थ्यको कामना गरे । यसका साथै भविष्यमा उहाँसित भेट गरी धेरै महत्वपूर्ण कुराहरू बुझ्ने मन्तव्य व्यक्त गर्दै आफू खरसाङका विधायक भएको नाताले प्रज्ञा साझा मञ्च लगायत गोर्खा जन पुस्तकालयप्रति आफ्नो निजी कोषबाट केही सहयोग गरिदिने बताए ।

कार्यक्रममा बाल साहित्य अकादमी पुरस्कारले पुरस्कृत स्रष्टा सुदर्शन प्रधानले नेपाली भाषा मान्यता विषय छोटो वक्तव्य राखे । ऋषि राईले बुद्धिमान प्रधानको परिचय राखे भने उहाँलाई अर्पण गरिएको सम्मान पत्र मञ्चका सह सचिव प्रितम छेत्रीले पठन गरे । सभापति रमेश थापाले सम्मानित व्यक्ति बमपलाई खदा लगाएर सम्मान गरे भने विशिष्ट अतिथि वि. पी. बजगाईंले नेपाली टोपी अनि सङरक्षक टी. टी. लामाले अङ्गवस्त्र अर्पण गरे भने प्रमुख अतिथि पूर्ण गुरूङको बाहुलीबाट सम्मान पत्र अर्पण गरियो । यसका साथै विभिन्न पाठशालाका शिक्षक ,शिक्षिकागण, विधार्थी लगायत उपस्थित सम्पूर्ण जनमानसबाट खदा अर्पण गरी सम्मान जनाइयो ।

कार्यक्रममा अस्वस्थ प्रधानले आभार स्वरूप केही शब्द व्यक्त गरे । पिता "बमप" अस्वस्थ रहेको कारण पुत्र चन्द्रमणि प्रधानले पिताले गरेका सम्पूर्ण क्रियाकलापका लेखाजोखाको उल्लेख गर्दै विवरणी प्रस्तुत गरे । बुद्धिमान प्रधान बमपले समाज, जाति र भाषाको निम्ति दिएका अमूल्य योगदानको मूल्याङ्कन गरी संस्थाले दिएको सम्मानको सरहना गर्दै प्रमुख अतिथि पूर्ण गुरूङ निरूपमले नव निर्मित संस्थाको दीर्घायुको कामना राखे । अन्तमा सभापति रमेश थापाले बुद्धिमान प्रधानको दीर्घायुको कामना सहित कार्यक्रममा उपस्थित हुने सबैलाई धन्यवाद ज्ञापन गर्दै कार्यक्रम समापन भएको घोषणा गरे । कार्यक्रममा खरसाङ वरिपरिका विधालयका भाषाप्रेमी विधार्थीगण लगायत अन्य धेरै जनमानसहरू उपस्थित थिए ।

का.जि.प्र.का.द.नं. ३४८/०६५/०६६ गो.हु.का. (साविकको म.क्षे.हु.नि.) द.नं. ३९/०६९/०७०

# डेंगीबाट बच्ने उपायहरु:

- बिहान, दिउसो तथा साझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाडालाई छोपेर राखौं ।
- दिउसो पनि लामखुट्टे भगाउने धूप बालौ र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्नेभ बेलामा झुल लगाएर सुतौं ।
- अध्यारा कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**